COVID-19 CORONA VIRUS कोरोना भाइरस

जनहितमा जारी जनचेतनामूलक सन्देश

कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४° F भन्दा माथि)



श्वासप्रश्वासमा
अत्यधिक समस्या



रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरूलाई बचाउने ?



नियमित रूपमा साबुन पानीले हात धुने ।



खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु, दूध तथा अण्डा राम्रोसँग पकाएर खाने ।



गोरखापत्र संस्थान
धर्मपथ, न्युरोड, काठमाडौं, फोन नं. ०१-४२२७४९३, ४२३१३९४

वर्ष ३५, अङ्क १२, २०८० साल जेठ

May-June 2023

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









४८

जमाना 'बबल टी'को

'बबल टी' ताइवानको एक लोकप्रिय चिसो चिया हो । सन् १९८० को दशकमा यो चिया पहिलो पटक ताइवानमा सुरु गरिएको थियो ।

५८

प्रगतिपथमा नेपाली क्रिकेट

नेपाल सन् २००२ मै एसिया कपमा छानिएको भए पनि त्यति बेला भारत र पाकिस्तानबीच चलिरहेको कारगिल युद्धका कारण प्रतियोगिता नभएर नेपालले खेल्न पाएन ।

६१

भ्रूणको लिङ्ग निर्धारण

लिङ्ग छुट्टिन आवश्यक जैविक गुणहरु तयार भइसकेको गर्भलाई जन्मदिने स्त्रीको गर्भाशयमा प्रत्यारोपण गरेर चाहेको लिङ्गको शिशु जन्माउन पनि चिकित्सकहरु समर्थ छन् ।

७०

हराएका ग्याजेट

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com
सम्पर्क- सम्पादकीय- ५३५७०३१
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch
http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
भगिरथ बस्नेत

उत्पादन विभाग
रेखादेवी श्रेष्ठ

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान

पो.ब.नं. २३, धर्मपथ, काठमाडौं, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ४२२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौंडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/–
वार्षिक मूल्य रु.२५०/–

सम्पादकीय

सुशासनमा युवा

कुनै पनि राज्यले आफ्ना नागरिकलाई असल शासनको सुखानुभूति गराउनुलाई नै सुशासन भनिन्छ। संस्थागत उत्तरदायित्व, निर्णयमा पारदर्शिता, स्रोत र साधनको समुचित परिचालन आदि असल शासन अर्थात् सुशासनका सूचक हुन्। आजको विश्व परिवेशलाई नियाल्दा धेरै कम राज्यले मात्र सुशासनको अनुभूत गराउन सकेको पाइन्छ। नेपालले पनि सुशासनका लागि बेलाबेलामा संस्थागत, कानुनी र नीतिगत पहलहरू गर्दै आएको छ तर अपेक्षाकृत कार्यान्वयनको अभावमा असल शासनको अभ्यासका लागि अझै प्रतिबद्धता र तत्परताको खाँचो देखिएको छ।

जहाँसुकैको उदाहरण लिने हो भने पनि राज्यको सेवासुविधा प्रवाहमा हुने ढिलासुस्ती र लापरबाहीले गर्दा नै सुशासनको अनुभूति हुन सके को छैन। जनताले सधैँ राज्यको सेवासुविधामा सरलता र सहज पहुँच खोजिरहेका हुन्छन् तर अनेक बेथिति, विसङ्गति र राज्यमा मौलाएको भ्रष्टाचारका कारण जनता कुशासनले वाक्क भएको देखिन्छ। हाम्रो देशमा पनि सुशासन र पारदर्शिताको आवाज घन्कँदै आएको छ। विशेषगरी पछिल्लो समयमा युवाले राज्यको सेवाप्रवाहप्रति गुनासो गर्दै सुशासनको आवाज उठाएका छन् तर जहाँ जहाँ युवाले नै नेतृत्व गरेका छन् युवाको उपस्थितिले मात्र समग्रमा सुशासन कायम हुन्छ भन्ने देखिएको छैन। कुनै पनि देशको उत्थान र विकासमा युवाको भूमिका महत्वपूर्ण हुन्छ।

युवाको जोश, जाँगर र ऊर्जालाई राष्ट्र निर्माणमा समाहित गर्न सक्नुपर्छ। युवाले उठाएको आवाजको पनि सम्बोधन हुनुपर्छ। युवालाई स्थान पनि दिइनुपर्छ तर युवा पनि सक्षम हुनु जरूरी छ। सक्षम, क्षमतावान्, अध्ययनशील युवाबाट मात्र मुलुकको युगान्तकारी रूपान्तरण सम्भव हुन्छ। सुशासन भन्ने बित्तिकै मुलुकमा हुने र भइरहेका वित्तीय अनियमितताका प्रसङ्गहरूको स्वाभाविक उठान हुन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारसम्बन्धी सूचकाङ्कलाई नियाल्दा हाम्रो मुलुकमा सुशासन प्रवाहमा अपेक्षाकृत सफलता मिलेको देखिदैन। वस्तुतः भ्रष्टाचार नै सुशासनको सबैभन्दा ठूलो बाधक प्रवृत्ति हो। सोही संस्थाको वार्षिक प्रतिवेदनले पनि यही अवस्थालाई बारम्बार औँल्याएको पाइन्छ।

यस पृष्ठभूमिमा राज्यले आमनागरिकलाई सुशासन अनुभूत गराउन, भ्रष्टाचार नियन्त्रण गर्न र सार्वजनिक ओहदामा सहभागी जनलाई पारदर्शी र जवाफदेही बनाउन कठोर कानुनी व्यवस्थासहितको सुधारात्मक उपाय अवलम्बन गर्नु वान्छनीय हुनेछ। यताका वर्षमा नेपाली युवाले राज्य सत्ताका विविध अङ्ग र निकायमा आफ्नो उपस्थिति र प्रभाव विस्तार गर्दै लगेको महसुस गर्न सकिन्छ। शासन व्यवस्था र शासकीय अङ्गहरूमा युवाको बढ्दो पहुँच र प्रभाव आफैँमा सुखद विषय हो तर युवा उपस्थिति मात्रै आफैँमा सुशासनको विम्ब होइन। सुशासन प्रत्येक नागरिकले अनुभूत गर्ने विषय भएको हुनाले कार्य रूपमा सुशासन अभिव्यक्त गर्न युवा दृष्टिकोण र इच्छाशक्तिको पनि उत्तिकै खाँचो हुन्छ। शासकीय संरचनामा प्रतिनिधित्व गरिरहेका नेपाली युवाले मुलुकमा सुशासनको प्रत्याभूतिका निम्ति दूरदृष्टि र दृढ इच्छाशक्ति देखाउन सके मात्र मुलुकको उत्थान र विकास सम्भव हुन्छ। ■

पाठक पाना

पढ्नै पर्ने लेख

२०८० साल वैशाखको युवामञ्च समयमै पढ्ने अवसर मिल्यो। वैशाखको युवामञ्च निकै सान्दर्भिक र रोचक छ। युवामञ्चमा साहित्यिक रचना पनि समेट्नु पर्‍यो। सांस्कृतिक मिश्रणमा जिरेल शीर्षकको सामग्री निकै राम्रो लाग्यो। अच्युतमान सिंह प्रधान उत्सुकले लेखेको हितकारी क्वाँटी पढेपछि जनैपूर्णिमामा क्वाँटी खाएको याद आयो। केशवराज पौडेलले लेखेको सजिलो छैन कुकुर पाल्न शीर्षकको लेख सबैले पढ्नै पर्छ। अजय शर्माले लेखेको फ्री वाइफाईले चोर्ला डाटा शीर्षकको सामग्री ज्ञानवर्द्धक छ।

बुद्धको त्रिपिटक ग्रन्थ शीर्षकको लेख पढ्दा मेरो मन रमायो। डा. भागवत आचार्यले लेखेको विद्युतीय कारोबारको युग शीर्षकको सामग्री पढ्न उपयुक्त छ। वसन्त आचार्यले लेखेको एटीएम लाइब्रेरी शीर्षकको सामग्री राम्रो लाग्यो। यो पत्रिकामा संस्कृति र साहित्यले भने स्थान पाउन सकेन। यो पत्रिकाको उज्ज्वल भविष्यको कामना गर्दछु।

– अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ–४, पासिकोट, काठमाडौँ



किन यस्तो त्रुटि ?

म युवामञ्चको नियमित पाठक हुँ। केही समय अगाडि मात्र युवामञ्चको वैशाखको संस्करण मेरो हातमा पर्‍यो। त्यसै क्रममा सम्पादकीय पढ्दै गर्दा एउटा त्रुटि फेला पारेँ। नेपालको वर्तमान जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ हुन पर्नेमा दुई करोड एक लाख रहेछ। खासै ठूलो गल्ती त हैन तर युवामञ्चलाई नै आधार मान्नेहरूका लागि ठूलो नै साबित हुन सक्छ।

आशा राख्छु यस प्रकारका गल्ती युवामञ्चमा फेरि नहोस्।

विकल्प श्रेष्ठ
काठमाडौँ

सबै विषय समेटियोस्

म पनि यो पत्रिकाको नियमित पाठक हुँ भन्ने जानकारी गराउन पाउँदा खुसी छु। राम्रा र चाखलाग्दा लेख सामग्री पढ्ने पाठकको चाहना रहँदै आएको सर्वविदितै छ। मनोरञ्जनदेखि यौन र खेलदेखि ज्ञान विज्ञानसम्मका सामग्री हाम्रो रुचि हो भन्ने बुझेर यी विषयले सधैँ स्थान पाइरहन् भन्न चाहन्छु। वैशाखको युवामञ्चले प्रायः यी सबै विषयवस्तुलाई समेटेको रहेछ। अबका पछिल्ला अङ्क पनि यस्तै रोचक, पठनीय र उत्कृष्ट हुन सकून् भन्ने शुभकामना ।

शिव सुवेदी, पाल्पा

भाषा सरल होस्

एक जना युवा भएको नाताले भन्नु पर्दा म यौनसँग सम्बन्धित सामग्री पढ्न निकै चासो दिन्छु। यो पत्रिकाले पनि यौनका विषयलाई महत्त्व दिएको पाएँ। निकै राम्रो लागेको छ। डाक्टर सुबोध पोखरेलको कलम अलि सशक्त नै छ। अलि सरल भाषामा उहाँको कलम चले अझ राम्रो हुन्थ्यो कि। विषयको गम्भीरताका कारण पो यस्तो हुन गएको हो कि ? सरल भाषामा लेख पढेर यौन समस्याको समाधान गर्न पाए हामी पाठक धन्य हुने थियौँ।

कविता शर्मा
विराटनगर–३, पोखरिया

साहित्य समाजको ऐना हो

वैशाखको युवामञ्चले मजस्ता कुकुरप्रेमी पाठकलाई निकै प्रसन्न गराएको छ। आजका युवाको कुकुर प्रेमलाई मध्यनजर राखेर नै होला यो पत्रिकामा कुकुरपालन विषयले महत्त्व पाएको। वास्तवमा भन्ने हो भने यो लेख पढेपछि नेपालमा कुकुरप्रतिको प्रेम, कुकुरपालनको अवस्था आदिका बारेमा विस्तृत रूपमा जानकारी पाउन सकियो। साथसाथै कुकुरपालन सहज छैन भन्ने सन्देश पनि यो लेखमार्फत पाइयो । अब कुकुरको जस्तै अरू जनावरले पनि क्रमबद्ध रूपमा युवामञ्चमा स्थान पाउन् भन्ने सुझाव दिन चाहन्छु। साथै विगतदेखि प्रकाशित हुँदै आएका अन्य केही स्तम्भले पनि नियमितता पाउन सके साह्रै राम्रो हुन्थ्यो। यो पत्रिकामा साहित्यसम्बन्धी सामग्री विरलै पढ्न पाइन्छ किन होला ? यसतर्फ पनि सम्पादक महोदयहरूले ध्यान दिने कि ? साहित्य भनेको त समाजको ऐना हो नि हैन र ? समाज दर्पणलाई यसरी उपेक्षा गर्न भएन है।

विवश वाशिष्ठ
पोखरा

सजिलो छैन
कुकुर पाल्न

नेपाली समाजमा कुकुरले घरको रेखदेख गर्ने तथा हिमाली भेगमा भेडागोठालाको काम गर्दै आएको छ। अपराध अनुसन्धानमा पनि कुकुरले सघाउने गर्दछ।



नछापेकै राम्रो

मैले सधैँ पढ्ने पत्रिका भनेको नै युवामञ्च पत्रिका हो तर विगत लामो समयदेखि यो पत्रिकाको छपाइलगायतको विषयमा मैले सुझाव दिँदै आएको भए पनि कागज, मसी र डिजाइनमा खासै सुधार भएको देखिँदैन किन होला ? सरकारी स्वामित्व भएको पत्रिका भएर पो हो कि ? यसबारेमा स्पष्ट हुन के गर्नुपर्ला ? मसी लतपत भएर पढ्नै गाह्रो हुने अनि फोटाहरू नबुझिने समस्याको समाधान कहिले हुने हो ? ग्लेजिन पेपरमा छाप्ने व्यवस्था हुन नसके अहिलेकै जस्तो त नछापेकै राम्रो।

प्रह्लाद शर्मा
पुरानो बजार, धरान

विशेषाङ्क खोइ ?

युवामञ्चले बेलाबेलामा कुनै विशेष विषयमा विशेष अङ्क प्रकाशित गर्ने गरेको थियो। जसले निकै राम्रो प्रभाव पारेको मेरो मानसपटलमा ताजै छ। सम्पादक महोदय र पत्रिकाको टिमलाई यस बारेमा ध्यानाकर्षण गराउन यो पत्र लेखेको हुँ। यो पत्रिका भनेको पाठकको उत्कृष्ट रोजाइको पत्रिका भएकाले पाठकको भावनाको कदर हुन्छ भन्ने मेरो बुझाइ हो। मेरो सुझावलाई सकारात्मक रूपमा लिनुहुने छ भन्ने ठानेको छु। वैदेशिक रोजगार र यसमा देखिएका विविध समस्याका बारेमा विशेष अङ्क प्रकाशित गर्न युवामञ्चलाई अनुरोध गर्दछु।


मनोज घिमिरे
गोठाटार, काठमाडौँ

हजामले गर्दथे दाँतको उपचार





जबदेखि मानव जातिमा दाँतको विकास भयो तबदेखि दाँतलाई ठिकठाक र सही आकारमा राख्नु एक चुनौती नै छ। इतिहासवेत्ताहरूको विश्वास के छ भने कम्तीमा पनि इसापूर्व ७००० देखि दन्तविद्या प्रचलनमा आएको हुनुपर्छ। इस्वी संवत्को १९औँ शताब्दीको उत्तरार्द्धमा हजामले कपाल काट्नुका साथै दन्त उपचारसमेत गर्दथे।



अमेरिकाको अहिलेको जस्तो स्वतन्त्र समाज विगतमा थिएन । त्यहाँ कहाँ कस्तो पहिरन लगाउनुपर्छ भन्ने नियम कानुन थियो । सन् १९५७ को यस तस्बिरमा सार्वजनिक स्थलमा बिकिनी लगाएकी एक महिलालाई प्रहरीले जरिवाना गरिरहेका छन् ।

उनीहरू प्रायः कपाल काट्दै दाँत निकाल्थे ।

सरसर्ती भन्नुपर्दा शताब्दीयौँदेखि दन्त उपचारमा स्वप्रयास हुने गरेको देखिन्छ, आधुनिक युगमा समेत दाँतको समस्या समाधानको प्रयास आफैँ गर्ने मानिस छन् ।

दाँतको उपचारको कुरा आउँदा दाँतको सरसफाइलाई बिर्सन हुँदैन । दाँतको सरसफाइमा ध्यान दिए दाँतलाई स्वस्थ राख्न सकिन्छ । दाँत सरसफाइमा अचेल प्रयोग हुने वस्तु हो 'टुथब्रस' अर्थात् दाँत माझ्ने ब्रस । दन्त क्षयको कारण बारेका मान्यता परिवर्तन भएको छ । प्राचीन समयमा दाँतमा कीरा नै लाग्ने भनिन्थ्यो (यद्यपि यो मान्यता अझै पनि अस्तित्वमा छ) तर आधुनिक विज्ञानले दाँत कीराले बिगार्ने होइन, बरु ब्याक्टेरियाले दाँतमा फोहोर जमाउने स्पष्ट पारेको छ र त्यहीअनुसार उपचार गर्दछ । यसै कारण दाँतमा ब्याक्टेरियाको सङ्क्रमण नहोस् भनी टुथब्रस र मन्जनले दैनिक दाँत सफा गर्नु पर्दछ ।



टुथब्रसको आविष्कार चीनमा भएको मान्यता छ । इस्वी संवत् ६१८ देखि ९०७ बीच चीनमा ताङ साम्राज्य रहेको अवधिमा टुथब्रस आविष्कार भएको मानिन्छ । टुथब्रसको आरम्भिक मोडेल बाँसको भिक्रा वा हड्डी थिए । दाँत माझ्न तिनमा बँदेलको रौँ प्रयोग गरिन्थ्यो ।

बेलायतका विलियम एडिसले दङ्गा गरेको आरोपमा जेल परेका बेला सन् १७८० मा सानो खालको टुथब्रस बनाएका थिए । पछि उनले त्यस माडेलको ब्रसको बृहत् उत्पादन सुरु गरे । सन् १८५७ मा अमेरिकाको वासिङ्टनका दन्त रोग विशेषज्ञ एच. एन वड्सवर्थले टुथब्रसमा अमेरिकाको पहिलो पेटेन्ट लिएका थिए । त्यसपछि कैयौँ टुथब्रस बजारमा ल्याइए । सन् १९३८ मा नाइलनले बनाइएका टुथब्रस बजारमा बिक्री हुन थालेको थियो ।

सन् १९३७ मा अमेरिकाका

सङ्ग्रहालयकै कर्मचारीले चोरेका थिए मोनालिसाको चित्र

सन् १९११ अगस्त २१ मा लुभ सङ्ग्रहालयबाट मोनालिसाको चित्र हराएको थियो । लियोनार्दो डा भिन्चीले बनाएको सो विश्व प्रसिद्ध चित्र एकाएक सङ्ग्रहालयबाट हराएपछि हल्लीखल्ली मच्चियो । फ्रान्सका जासुसले मोनालिसाको चित्र खोज्न हरसम्भव प्रयास गर्न थाले । दुई वर्षभन्दा बढी समय मोनालिसाको चित्र खोजियो । जासुसहरूले यस कुख्यात चोरीको हल खोज्न शङ्काको घेरामा प्रख्यात कवि गियमो अपोलोनार र कलाकार पाब्लो पिकासोलाई समेत



राखे । उनीहरूले यी दुवै महान् हस्तीसँग केरकारसमेत गरे ।

आविष्कारक टमलिन्सन मोजलीले विद्युतीय टुथब्रसको एक डिजाइनको पेटेन्ट लिए तर यो डिजाइनले बजार लिन सकेन। बरु स्विट्जरल्यान्डका फिलिप गे वुगले सन् १९४५ मा बनाएको विद्युतीय टुथब्रसले भने उपभोक्ताको ध्यान आकर्षित गर्‍यो। उनले खासै हिँडडुल गर्न नसक्ने मानिसका लागि सो ब्रस बनाएका थिए तर चाँडै नै आम उपभोक्ताका लागि पनि यो ब्रस बजारमा उपलब्ध भयो।

टुथपेस्ट (मन्जन)

अचम्म लाग्न सक्छ टुथब्रसभन्दा पहले नै टुथपेस्ट अस्तित्वमा थियो। इसापूर्व ३०००-५००० तिर प्राचीन इजिप्टमा सर्वप्रथम दाँतमा लगाउने क्रिम बनाइयो। जुन गोरुको खुर, अमला, अन्डाको बोक्रा र भ्यालढुङ्गो पिसेर बनाइएको हुन्थ्यो। त्यसपछि इसापूर्व १००० तिर पर्सियावासीले जिप्सम, मह र जडीबुटीका साथै सङ्खेकिराको सिपीको खरानीसमेत त्यसमा मिसाएर मन्जन बनाएका थिए।

शताब्दीयौँपछि व्यावसायिक रूपमा अनेक खालका मन्जन बजारमा उपलब्ध हुँदा समेत मानिसले आफैँ विशेषखालका मन्जन बनाउन र प्रयोग गर्न छाडेनन्। सन् १८६० मा प्रकाशित पुस्तक 'द प्राक्टिकल हाउसवाइफ'मा घरमै मन्जन बनाउने विधि बताइएको थियो।

अमेरिकाको दन्त रोग विशेषज्ञ वासिङ्टन वेन्टवर्थ



सेफिल्डले सर्वप्रथम सन् १८८० को दशकमा निचोर्न मिल्ने ट्युबमा टुथपेस्ट प्याकिङ जुक्ति खाजे। त्यसअघि सिसी, पोर्सेलिनका भाँडा र कागजका बक्समा मन्जन राखेर बेच्ने गरिन्थ्यो। सन् १९५५ मा पहिलो पटक फ्लोराइडयुक्त मन्जन बनाइयो। फ्लोराइड भएको मन्जनले दाँतमा फोहोर जम्न नदिने कुरा अनुसन्धानबाट पत्ता लागेको थियो। ■

-युवामञ्च



अमेरिकी धनाढ्य जेपी मोर्गनले मोनालिसाको चित्र चोर्न चोर खटाएको शङ्का समेत गरियो। सम्भावित सबै कोणबाट अनुसन्धान गर्दा पनि मोनालिसाको चित्रको कुनै सुराक मिल्न सकेन।

त्यसपछि सन् १९१३ डिसेम्बरमा इटालीको फ्लोरेन्समा घरमा रङरोगन गर्ने एक जना इटालियाली पेन्टर कलाकृतिका एक प्रख्यात व्यापारीको सम्पर्कमा आए। उनले आफूसँग एक विश्व प्रसिद्ध चित्र भएको दाबी गरिरहेका थिए। कारोबार गरिने स्थानमा प्रहरीले छापा हान्यो र लुभ सङ्ग्रहालयका पूर्वकर्मचारी भिन्सेन्जो पेरुज्यालाई समात्यो। उनीबाट प्रहरीले मोनालिसाको चित्र बरामद गर्‍यो। पेरुज्यासँग केरकार गरेपछि के पत्ता लाग्यो भने मोनालिसाको चित्र चोरिएको दिन सङ्ग्रहालय बन्द थियो। चित्र चोर्नका लागि पेरुज्या या त राति सङ्ग्रहालयमै लुकेका थिए या बिहान अन्य कामदारसँगै सुटुक्क सङ्ग्रहालय प्रवेश गरी मोनालिसाको चित्र फ्रेमबाट झिकेर आफ्नो लुगाभित्र लुकाई लगेका थिए।

मोनालिसाको चित्र आफ्नो देशको सम्पत्ति भएको दाबी गर्ने पेरुज्यालाई इटालीमा एक देशभक्तका रूपमा चित्रण गरियो र उनले चित्र चोरेको अपराधमा छ वर्ष जेल समय बेहोरे। ■

-युवामञ्च

पहिचान खोज्दै ताङ्वे

मुस्ताङको छुक्साङतिर बाक्लो बस्ती रहेकाले यसलाई ताङ्वे गाउँ भन्ने गरिएको छ। मुस्ताङमा बाह्रगाउँले र आठगाउँले जस्ता बाक्ला बस्ती पनि छन्। ताङ्वेहरू बाह्रगाउँ क्षेत्रमा पाइने भएकाले कतिपयले यिनीहरूलाई बाह्रगाउँले पनि भन्ने गरेका थिए। कतिपयले ताङ्वेदानी पनि भन्छन्। बाह्रगाउँलेहरू थकाली हुन् तर ताङ्वे थकाली होइनन्। छुक्साङका अतिरिक्त जोमसोम, पोखरा तनहुँको डोरफिर्दीसम्म पनि ताङ्वेहरूको बस्ती भेटिएका छन्।

रोजगारी तथा व्यापारको सिलसिलामा यिनीहरू गण्डकी, धवलागिरिलगायत अन्य जिल्लातिर पनि पुगेका छन्। ताङ्वेहरू तिब्बतबाट नेपाल आएका हुन् भनिन्छ। शारीरिक बनोट, भाषा तथा केही सांस्कृतिक विशेषताका कारण पनि यिनीहरूको मूल थलो तिब्बत हो भन्ने अनुमान गर्न गाह्रो छैन। तिब्बती भाषामा ताङको अर्थ भगौडा वा लखेटिएका र वे को अर्थ जाति भन्ने बुझिने लेखक गुरुङ रामप्रकाश समथिङले उल्लेख गरेका छन्।

लेखकका अनुसार यिनीहरू कुनै कारणवश तिब्बतबाट भागेर वा धपाइएर नेपालको उत्तरी सीमा प्रवेश परेका हुन्। यिनीहरू जहाँ बसे त्यस क्षेत्रको नाम ताङ्वे भएको वा ताङ्वे भन्ने स्थानमा बस्न थालेपछि यिनीहरूको जातीय नाम ताङ्वे रहन पुगेको भन्नेबारेमा आधिकारिक अनुसन्धान भएको पाइँदैन तर यिनीहरू बस्न थालेपछि



गाउँको नाम नै ताङ्वे गाउँ रहेको अनुमान गरिएको छ।

ताङ्वेको सामाजिक जीवन, रहनसहन बाह्रगाउँले र ल्होपासँग मिल्ने भएकाले ताङ्वेलाई कसैले बाह्रगाउँले त कसैले ल्होपा भनेका छन्। विगतका कुनै पनि राष्ट्रिय जनगणनामा यिनीहरूको जातिगत तथ्याङ्क उल्लेख गरिएको छैन। साथै बाह्रौँ राष्ट्रिय जनगणना–२०७८ को जातिगत विवरण प्रकाशित नभएकाले यस जातिको जनसङ्ख्या यकिन गर्न सकिएको छैन। आदिवासी जनजाति प्रतिष्ठानले ताङ्वेलाई 'सुविधा वञ्चित' जातिको सूचीमा राखेको छ।

सुक्खा जमिन, सीमित खेतीपातीको भरले गर्दा यिनीहरूको आर्थिक अवस्था ज्यादै कमजोर छ। जीविकोपार्जनका लागि तिब्बततिर व्यापार गर्ने गरेका छन्। आर्थिक रूपमा अति विपन्न मात्र होइनन् यिनीहरू सांस्कृतिक रूपमा पनि लोपोन्मुख अवस्थामा छन्। राजनीति तथा प्रशासनिक क्षेत्रको सहभागिता शून्य प्रायः छ। भेडा, च्याङ्ग्रा, याक, चौँरीजस्ता पशुपालन र जडीबुटीको व्यापार गरेर कष्टकर जीवन बिताउँदै आएका छन्। परम्परागत जडीबुटी, हिङ, पाखनबेत, शिलाजित, सियोधागो बेच्दै तिब्बतलगायत स्वदेशका विभिन्न जिल्लामा यिनीहरू पुग्ने गरेका देखिन्छ।

चिसो क्षेत्रमा बसेका यिनीहरू





आफैँले बनाएका ऊनी लुगा, बख्खु, स्विटर, जुत्ता, भोटो लगाउने गर्छन्। महिलाले जामा, बख्खु, पटुका, घलेक लगाउने गर्छन् तर पछिल्ला पुस्ताको पहिरन संस्कृतिमा जातीय मौलिक विशेषताभन्दा आधुनिकता झल्कन्छ। ताङ्वेमा पुरुषले पनि कपाल पाल्ने र रातो डोरी बाँध्ने प्रचलन छ।

फापर, कोदो, गहुँ, जौ, आलु खेती गर्ने यिनीहरूलाई आफ्नो उत्पादनले तीन-चार महिना पनि खान नपुग्ने बताइन्छ। पछिल्ला दिन ताङ्वे युवा रोजगारीका लागि स्वदेश तथा विदेशका विभिन्न स्थानमा जाने गरेकाले समुदायमा आर्थिक तथा सांस्कृतिक परिवर्तनका लक्षण देखिएका छन्। सामाजिक तथा सांस्कृतिक रूपमा एक्लिएका ताङ्वेहरू व्यापार तथा रोजगारीका कारण मुलुकको मूल सामाजिक अन्तर्क्रियामा जोडिँदै छन्।

रक्सी र जाँड खानुलाई सामान्य मानिन्छ। जाँड (छ्याङ), रक्सी सांस्कृतिक पेय मात्र नभएर खाजाकै रूपमा पनि खाइन्छ। अतिथि सत्कारमा छ्याङ र मसला हालेको परम्परागत (भोटे) चिया दिने गरिन्छ।

पुसे औँसीको भोलिपल्ट ताङ्वेको नयाँ वर्ष हुन्छ, जसलाई ल्होसार भनिन्छ। स्याल, सिंह, बाघ, वर्ष वा वर्ग वर्षको गणना गरिन्छ। बौद्धमार्गी यिनीहरूले वैशाखे पूर्णिमाका दिनलाई पनि विशेष रूपमा मनाउँछन्। यस दिनलाई घच्याङ वा घाच्याङ भनिन्छ। यस दिन मनोरञ्जन तथा प्रतियोगितात्मक रूपमा तीर हान्ने गरिन्छ।

यिनीहरू मूलतः संयुक्त परिवारमा बस्छन्। बाबु वा जेठो छोरो घरको मूली तथा निर्णायक हुन्छ तर हाल यस्तो परम्परा विघटित हुँदै छ। यिनीहरूमा माइलो छोरो भिक्षु हुनुपर्ने कठोर प्रचलन थियो, हाल पनि यस्तो चलन त छ तर क्रमशः नरम हुँदै छ। मामाचेला फुपूचेलीमा विवाह हुने गर्छ। मागी, भागी वा प्रेम विवाह गरिन्छ। केही दशकअघिसम्म यस जातिमा बहुपति प्रथा थियो भनिन्छ। जेठो छोराले विवाह गरी ल्याएको श्रीमतीलाई सबै भाइले श्रीमती मान्नु पर्थ्यो अन्यथा गाउँ सभाबाट सजाय हुने गर्थ्यो तर बहुपति प्रथा अहिले पूर्णतः समाप्त भएको छ।

देवर, भाउजूमा सहमतिमा विवाह भने हुने गर्छ। गाउँका झगडा, विवाह, जन्ममृत्युमा लामा/मुखियाहरू निर्णायक हुने गर्छन्।

संयुक्त परिवारलाई प्रश्रय दिने जातीय कानुन यस जातिमा प्रचलित छ। ताङ्वेमा छुट्टीभिन्न हुन कठोर छ। बावुआमा जीवितै रहेको अवस्थामा कुनै छोराले छुट्टिन चाह्यो भने अंश अर्थात् जमिन पाउँदैन तर खानका लागि केही अन्नपात र रकम दिने चलन छ। सबै धार्मिक कार्य बौद्ध/लामा शैलीमा गरिन्छ।

यिनीहरू प्रकृति पूजक पनि छन्। मृत्युपछि शव गाड्ने, जलाउने वा टुक्रा पारेर गिद्ध, चिललाई खुवाउने गरिन्छ। यसको निर्णय लामाले गर्छन्। यसमा वृद्ध, वयस्क, बालबच्चा, गर्भवतीका लागि भिन्नभिन्न मापदण्ड लागू गरिन्छ। जुठो, सुत्केरो तीन दिनसम्म बारिन्छ। नाबालकको नाम लामाले विधिपूर्वक राख्छन्। जन्म मृत्यु दुवैका लागि रक्सी, छ्याङ र उवाको सातु रोटी अनिवार्य छ। जन्ममा मासु खाइए पनि बावुको निधनमा छोराले मासु र तीन दिनसम्म नुन पनि खाँदैनन्। आमाको निधनमा दूध र मही खानु हुँदैन। ■

-त्रिभुवनचन्द्र वाग्ले



हिमयुगमा यसरी बाँचे मानव

पृथ्वीमा अहिले तापक्रम वृद्धिसँगै जलवायु परिवर्तन र प्राणी जगत्को अस्तित्व सङ्कटका विषयमा विभिन्न मञ्चमा व्यापक बहस भइरहेको छ, समाधानका उपायमा समेत काम भइरहेका छन् तर कुनै बेला पृथ्वी चिसिएर मानव जीवन सङ्कटमा परेको समय समेत थियो। धेरै समय भएको छैन पृथ्वीमा हिमयुग (आइस एज) सुरु भएको। पृथ्वीको इतिहासमा हिमयुग पटकपटक आएको छ र पछिल्लो हिमयुग आफ्नो उच्चतम बिन्दुमा लगभग २१ हजार वर्ष पहिले पुगेको थियो। हिमयुगको अर्थ पृथ्वीमा सबैतिर हिउँ नै हिउँ हुने होइन तर तापक्रम घटेर बढी चिसो हुने र उच्च धरातलीय तथा ध्रुवीय क्षेत्रमा हिउँको बाक्लो पत्र जम्ने हो। धेरै वर्षसम्म यो अवस्था रहन्छ।

पछिल्लो हिमयुगमा उत्तर अमेरिका र उत्तरी युरोप तथा अफ्रिकाको किलमिन्जारो पर्वत र दक्षिण अमेरिकाको एन्डिज पूरै हिउँले ढाकिएको वैज्ञानिक अनुसन्धानले बताउँछ। त्यस अवधिमा आधुनिक मानवको पुर्खा होमो सेपियन्स अफ्रिकाको न्यानो भूमिबाट उत्तरी युरोप र युरेसियन अक्षांशमा बसाइ सरेका थिए। हिमयुगको बढ्दो चिसोले होमो सेपियन्सलाई नराम्रोसँग प्रभाव पार्‍यो। ठूलो आकार, रचनात्मक दिमाग र परिष्कृत उपकरण भएका यी हाम्रा पुर्खा, जो शारीरिक रूपमा हामीसँग धेरै नै मिल्दाजुल्दा थिए, त्यस विषम अवस्थामा मात्र बाँचेनन् आफूलाई परिस्थिति अनुकूल विकास गर्नसमेत सक्षम भए।

अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियामा



अध्यापन गरेका मानवशास्त्रका अवकाशप्राप्त प्राध्यापक ब्रायन फागनको भनाइमा पछिल्लो हिमयुगका हाम्रो पुर्खा होमो सेपियन्सलाई ठूलो दिमाग हुनुको धेरै लाभ मिल्यो। उनी भन्छन्, “होमो सेपियन्सका बारेमा एक महत्त्वपूर्ण कुरा के छ भने उनीहरू धारा प्रवाह बोल्न सक्थे, साथै आगामी कार्यको अवधारणा र योजना बनाउने क्षमता उनीहरूमा थियो।”


भाषा ज्ञानको प्रादुर्भाव, प्राकृतिक संसार बारेमा तथा नयाँ प्रविधिको ज्ञान होमो सेपियन्सले छिमेकमा साझा गर्न सक्थे। साथै कथाका रूपमा ती ज्ञान पुस्ता दर पुस्ता हस्तान्तरण हुँदै आएको थियो।

होमो सेपियन्समा प्रतिकात्मक कथावाचनका माध्यमबाट संस्थागत स्मृति थियो। जसका माध्यमबाट वातावरणीय शक्तिहरूसँग उनीहरूको नाता स्थापित हुन पुग्यो। साथै सङ्गीत, नृत्य तथा कलाका माध्यमबाट हाम्रा पुर्खाले ऋतुकाल, खानयोग्य वनस्पति, पशु प्रवासन, मौसम र अन्य धेरै पक्षका बारे ठूलो परिमाणमा सूचना सङ्कलन र सम्प्रेषण गर्न सकेका थिए।

फ्रान्सको लासौ र चाभेट क्षेत्रका गुफामा खोजिएका सुस्पष्ट पेन्टिङले के कुरा दर्शाउँछ भने हिमयुगका मानवसँग प्राकृतिक संसारका बारेमा गहन जानकारी थियो, विशेषगरी सिकार गरिने ती जनावरका बारेमा जसमा आफ्नो जीवन निर्भर रहेको छ।

फागनका अनुसार गुफामा रेन्डियर र बाइसनका चित्र बनाइएका छन्। उनीहरू रेडिन्यर र बाइसनको सिकार मात्र खाँदैनथे तिनका छालाबाट बनाइएका लुगासमेत लगाउँथे। रेन्डियर र बाइसनको छालाले बनाइएका लुगाले होमो सेपियन्सलाई जाडोबाट समेत बचाउँथ्यो।

४० हजारदेखि १० हजार वर्ष अर्थात् पुरापाषाण युगमा मानवले हातहतियार र औजार निर्माणमा ठूलो फड्को मारेको थियो। सबैभन्दा पहिले त अन्य उपकरण





बनाउन पहिलो औजार बनाइयो। यी सबैमा एक महत्त्वपूर्ण औजार थियो 'बुरन'। यो चट्टानको सामान्य छिनो थियो, जसलाई हड्डी र सिङमा प्वाल तथा निशान बनाउन प्रयोग गरियो। हड्डी र सिङले बनाइएका असरदार भाला र बल्छी सिकारीले लामो दूरीसम्म बोक्न सक्नेसम्मका हल्का हुन्थे। तिनलाई छुट्याएर राख्न तथा आपसमा जोडेर समेत राख्न सकिने गरी बनाइएका कारण प्रथम संयोजित औजार भन्न सकिन्छ।

त्यसकालमा सिकार गर्ने यी असरदार हतियार हुँदाहुँदै पनि नजिकैबाट सिकारमाथि आक्रमण गर्दा तिनको उपयोगिता थिएन। जस कारणले गर्दा कहिलेकाहीँ सिकारीले आफ्नो सिकारमाथि नै आफैँ हमला गर्नु पर्दथ्यो। हाम्रा पुर्खाले सिकारका क्रममा खतराको आकलन गरी बुद्धिमत्ता देखाउने तथा योजना कार्यान्वयनको खाका तयार पार्नेसम्मका काम समेत गर्ने गरेको देखिन्छ।

फ्रान्सको पूर्वी क्षेत्रको साँघुरो उपत्यकामा हिमयुगका सिकारीले प्रवासमा आउने जङ्गली घोडा र रेन्डियरलाई घेराबन्दीमा पार्न हरेक शरद र वसन्त ऋतुमा आगोको घेरा बनाउने गरेका थिए। एक पटक आगोको घेरामा परेपछि जनावरलाई सुरक्षित र सजिलैसँग मार्न सकिन्थ्यो। त्यसरी ठूलो मात्रामा सिकार गरेपछि गर्मी र जाडोयामका लागि उनीहरूले मासुको सुकुटी बनाएर राख्दथे। पुरातात्त्विक उत्खननबाट के देखिएको छ भने हजारौँ वर्षसम्म यसरी सुनियोजित सिकार भइरह्यो।



पुरातात्त्विक उत्खननबाट के देखिएको छ भने हजारौँ वर्षसम्म यसरी सुनियोजित सिकार भइरह्यो।

लगभग ४५ हजार वर्ष पहिले जब सर्वप्रथम मानवको उत्तरी जलवायुसँग साक्षात्कार भयो उनीहरूले चिसोबाट जोगिन मौलिक लुगाफाटो बनाए। उनीहरूले आफ्नो शरीर ढाक्न खुकुला लुगा बनाए जो स्लिपिङ ब्यागजस्ता देखिन्थे। लामा बाहुला भएका लुगाले गर्दा ढुङ्गाका छिनो समातेका हातसमेत चिसोबाट सुरक्षित हुन्थे।

तर करिब ३० हजार वर्ष पहिले सबथोक परिवर्तन भयो, मानव इतिहासमा सबैभन्दा महत्त्वपूर्ण आविष्कार भयो : सियो।

फागेन भन्दछन्, "यदि तपाईंले २० हजार वा ३० हजार वर्ष पहिलेको सियो हेर्नु भयो भने तपाईंलाई थाहा हुने छ त्यो क्षण कस्तो थियो होला। निकै राम्रोसँग बनाइएको औजारको एक छेउमा धागो हाल्न प्वाल बनाइएको थियो। सियोले गरेको चमत्कार के थियो भने यसले मानवलाई आफूअनुसारको लुगाफाटो बनाउन सक्षम बनायो। यस कारण यो महत्त्वपूर्ण औजार हो।"

हिमयुगका सुचिकारले मौसम हेरेर लुगा सिउने गर्थे। लुगा पत्रदार हुन्थे। फरकफरक पशुका छाला प्रयोग गरिन्थ्यो। रेन्डियर, आर्कटिक फ्याउरो, खरायो, चराको समेतको छाला आपसमा गाँसेर चार-पाँच पत्रको लुगा उनीहरूले सिउँथे। ओसिलोपना नहुने भित्री वस्तु, पानीबाट जोगाउने पाइन्टसमेत त्यस युगका मानवले बनाएका थिए।

जङ्गली सनपाट तथा अन्य तरकारीका रेसाबाट धागो बनाइने र तिनलाई गुलाबीलगायतका रङले रङ्ग्याउने काम समेत आदिम मानवले गर्दथे। सियो र धागो बनाएपछि प्रतिकूल मौसमका लागि सुरक्षित लुगा बनाउन उनीहरू सक्षम हुने नै भए।



असाध्यै चिसो महिनामा आश्रयका लागि हिमयुगका हाम्रा पुर्खा गुफाको गहिरो भागमा बस्दैनथे, जस्तो भिक्टोरियन पालाका पुरातत्त्वविदले सोचेका थिए तर होमो सेपियन्सले प्राकृतिक चट्टानका कुना कन्दरामा आश्रयस्थल बनाउने गर्दथे।




असाध्यै चिसो महिनामा आश्रयका लागि हिमयुगका हाम्रा पुर्खाले गुफाको गहिरो भागमा बस्दैनथे, जस्तो भिक्टोरियन पालाका पुरातत्त्वविदले सोचेका थिए तर होमो सेपियन्सले प्राकृतिक चट्टानका कुना कन्दरामा आश्रयस्थल बनाउने गर्दथे। ती आश्रयस्थल प्रायः नदीको किनारामा बनेका ओत लाग्न मिल्ने खालका ठूला कन्दरा हुन्थे।

फागनका अनुसार हिमयुगका मानवले चट्टानमा बनाइएको आफ्नो आश्रयस्थललाई जलरोधी बनाउन सक्ने क्षमताका थिए। उनीहरूले तेज हावाबाट आफूलाई जोगाउन ठूला छालाले छानो बनाए तथा भित्रतिर काठका खम्बा ठड्याएर टेन्ट जस्तो संरचना निर्माण गरे। चट्टानी भित्ताबाट परावर्तित भएर आउने प्रकाश र तापले त्यो आश्रयस्थलमा जाडो कम हुने विश्लेषण फागनको छ।

छोटो समयका लागि आउने गर्मीयाममा सिकारीहरू खुला क्षेत्रमा निस्कन्थे, जो युरोपको आन्ध्रमहासागरदेखि साइबेरियासम्म विस्तारित थियो। रातिका बेला तापक्रम घट्दा उनीहरू जमिन खनेर गुम्बद आकारको आश्रयस्थल बनाउने गर्दथे। ■

-हिस्ट्रीबाट उमेश ओझाद्वारा अनुवादित र सम्पादित।

RIPLEY'S Believe It or Not!



BELIEVE IT OR NOT!

प्याट्रिक स्टेवर्ट नाम पाएको प्यासिफिक पकेट प्रजातिको मुसा नौ वर्ष २१० दिन बाँचेर सन् २०२३ फेब्रुअरी ९ मा अमेरिकाको सान डियगो चिडियाखानामा मरेको थियो । प्याट्रिक सबैभन्दा धेरै बाँच्ने मुसा हो ।



सन् १९९७ मा कसैले रातिको अँध्यारोमा कर्नेल युनिवर्सिटीको १७३ फिट अग्लो शिखरमा **एउटा फर्सी रोपेका** थिए । त्यो कार्य कसले गरेको हो, **आजसम्म थाहा भएको छैन** ।



सीआईएका 'माइन्ड रिडर्स'



'प्रोजेक्ट स्टार गेट' सन् १९९५ मा बन्द गरिँदासम्म 'रिमोट भ्युअर्स' भनेर बुझिने 'माइन्ड रिडर्स'ले इस्लामिक आतङ्कवादी समूहद्वारा अपहरण गरिएका बन्धकहरूको अवस्थिति पत्ता लगाउनेदेखि अमेरिकाभित्र फरार अपराधी खोज्नेसम्मका कैयौँ अभियानमा सक्रिय भूमिका निर्वाह गरिसकेका थिए ।

शीत युद्ध आफ्नो उत्कर्षमा पुगेको अवधि सन् १९७० को दशकमा अमेरिकी गुप्तचर संस्था सीआईएले सोभियत सङ्घको जासुसी गर्न 'माइन्ड रिडर्स' अर्थात् मनका कुरा जान्ने मानिसहरू परिचालन गर्न सुरु गरेको थियो । 'माइन्ड रिडर्स' परिचालन गर्ने 'प्रोजेक्ट स्टार गेट' सन् १९७२ देखि सन् १९९५ सम्म सञ्चालनमा रह्यो र अमेरिकी कङ्ग्रेसका एक सदस्यले यसलाई सस्तो राडार प्रणालीसमेत भने ।

शीत युद्धकालको अत्यन्त तनावपूर्ण समयमा अमेरिकी सरकारले सोभियत सङ्घविरुद्ध प्रभावकारी नौलो अस्त्र प्रयोग गर्ने निर्णय गऱ्यो र त्यो थियो अर्काको मनको कुरा जान्न सक्ने क्षमता भएका मानिसलाई परिचालन गर्ने, 'माइन्ड रिडर्स' ।

सन् १९७० को दशकको सुरुमा क्यालिफोर्नियाको एक प्रयोगशालामा र पछि मेरिल्यान्डको सैन्य आधार शिविरमा निकै नै गोप्य प्रोजेक्ट सञ्चालन गरियो । जसअन्तर्गत सीआईए, सेना र डिफेन्स इन्टेलिजेन्स एजेन्सीले सैन्य र घरेलु खुफिया भेद पत्ता लगाउन त्यस्ता महिला र पुरुषलाई भर्ती गरे जसले आफूमा विशेष



संवेदी अनुभूति (ईएसपी) हुने दाबी गरेका थिए।

सन् २०१७ मा सार्वजनिक गरिएका सीआईएको १२ पृष्ठका गोप्य दस्तावेजबाट पहिले खासै जानकारीमा नआएको कार्यक्रमको विस्तृत विवरण ज्ञात हुन आयो। 'प्रोजेक्ट स्टार गेट' सन् १९९५ मा बन्द गरिँदासम्म 'रिमोट भ्युअर्स' भनेर बुझिने 'माइन्ड रिडर्स'ले इस्लामिक आतङ्कवादी समूहद्वारा अपहरण गरिएका बन्धकहरूको अवस्थिति पत्ता लगाउनेदेखि अमेरिकाभित्र फरार अपराधी खोज्नेसम्मका कैयौँ अभियानमा सक्रिय भूमिका निर्वाह गरिसकेका थिए।

'प्रोजेक्ट स्टार गेट' को कथा सन् १९७२ मा सुरु हुन्छ, जब सोभियत सङ्घले गुप्तचरी उद्देश्य राखेर मनोभाव बुझ्ने क्षमता ईएसपी तथा मनोप्रभावको सामर्थ्य राख्ने साइकोकेनेसिस अर्थात् सोचेरै वस्तुलाई चलायमान बनाउन सक्ने क्षमता भएका मानिसको

सोचेकै भरमा धातुका चम्चा बङ्ग्याउन सक्ने क्षमता युरीमा भए पनि सीआईएले उनमा भएको अर्को व्यावसायिक खुबीमा चासो राख्यो : अन्य मानिसको दिमागका कुरा जान्न सक्ने क्षमता।



अनुसन्धानमा मनग्गे खर्च गर्न लागेको गोप्य सूचना प्राप्त भएपछि अमेरिकी सेना र गुप्तचर समुदायमा हलचल मच्चिन्छ। प्रतिउत्तरमा सीआईएले क्यालिफोर्नियाको मेनलो पार्कमा रहेको स्ट्यानफर्ड रिसर्च इन्स्टिच्युटमा मुख्यालय रहने गरी आफ्नो निकै गोप्य अनुसन्धान सुरु गर्दछ।

सोही वर्षको अन्त्यतिर स्ट्यानफर्ड रिसर्च इन्स्टिच्युटको अनुसन्धान टोलीले इजरायली सेनाका पूर्व 'प्याराजम्पर' युरी गेलरलाई परीक्षणका लागि मेनलो पार्कमा बोलायो। आफ्नो अलौकिक क्षमताले युरी विश्वमा प्रसिद्ध थिए। यसैकारण अलौकिक क्षमता जाँच्न मेलनो पार्कमा उनलाई बोलाइएको थियो। सोचेकै भरमा धातुका चम्चा बङ्ग्याउन सक्ने क्षमता युरीमा भए पनि सीआईएले उनमा भएको अर्को व्यावसायिक खुबीमा चासो राख्यो : अन्य मानिसको दिमागका कुरा जान्न सक्ने क्षमता। युरीले अन्य मानिसको दिमाग पढ्न सक्ने चर्चा सर्वत्र थियो। त्यति मात्र होइन उनी आफ्नो दिमागले अन्य मानिसको दिमाग नियन्त्रण गर्न सक्थे।

प्रयोगशालामा युरीमाथि आठ दिन वैज्ञानिकहरूद्वारा अनेक खालका परीक्षण गरिएको थियो। उनलाई तस्बिर र शब्दसम्बन्धी जाँचमा सहभागी गराइयो।

वैज्ञानिकले सबैभन्दा पहिले युरीलाई राम्रोसँग बन्द गरिएको एउटा कोठामा राखे। त्यसपछि परीक्षणका बेला वैज्ञानिकले डिक्सनरीबाट अनियमित विधिबाट शब्द चयन गरी त्यसको एउटा चित्र बनाएर युरीलाई बन्द गरिएको कोठाको ढोकामा टाँसिदिए। अनि युरीलाई आफ्नो अलौकिक क्षमताको प्रयोग गरी सोही तस्बिर बनाउन भनियो। उनले सफलतापूर्वक सौर्य प्रणाली, अङ्गुरको झुप्पा र राजहंश बनाइदिए।

युरी केही परीक्षणमा पूर्ण सफल नभए पनि सीआईएले भन्यो, परीक्षणको यस अवधिमा युरीको सफलताको परिणाम हेरेर हामी स्वीकार्छौं उनले आफ्नो असाधारण क्षमता ठोस र स्पष्ट तवरले प्रदर्शित गरेका छन्।

युरीले सोचेकै भरमा धातुका तार र चम्चा मोडिदिन्थे। उनले सन् २०२२ मा द गार्जियन पत्रिकालाई दिएको अन्तर्वार्तामा भनेका थिए, "मैले अहिलेसम्म १० लाखभन्दा बढी चम्चा मोडिसकेँ। इजरायलको तेल अभिभमा बनाएको आफ्नो सङ्ग्रहालयमा उनले मोडिएका चम्चा राखेका छन्।"

एनी जेकब्सनले आफ्नो पुस्तक फिनोमिना : 'द सिक्रेट हिस्ट्री अफ दी यूएस गभर्मेन्ट्स इन्भेस्टिगेसन्स इन्टु एक्स्ट्रासेन्सरी पर्सेप्सन एन्ड साइकोकेनेसिस'मा लेखेअनुसार सार्वजनिक भएका दस्तावेजले सीआईएका विश्लेषक 'माइन्ड प्रोजेक्सन' अर्थात् मनोभाव जान्ने विषयमा गेरीको क्षमता तथा राष्ट्रिय सुरक्षाका लागि त्यसको सम्भावित उपयोग सम्बन्धमा अनुसन्धान गर्न



जेकबसनले लेखेका छन्, सन् २०१४ मा अफिस अफ नेभल रिसर्चले करिब ४० लाख डलर बजेटमा पूर्वाभास वा अन्तर्ज्ञानको उपयोग खोज्न चार वर्षे एक कार्यक्रम सुरु गरेको थियो।

चाहन्थे भन्ने देखाउँछ।

जेकब्सनले पुस्तकमा उल्लेख गरेअनुसार गेरीसँगको अनुसन्धानले ईएसपी र साइकोकेनेसिससमाथि अमेरिकी सरकारको अनुसन्धानलाई गति दिन मुख्य भूमिका खेलेको थियो। उनी लेख्छिन्, "सन् १९७५ को हिउँदमा क्यालिफोर्नियाको लाइभमोर प्रयोगशालामा गेरीमाथि गोप्य तवरबाट कैयौँ साइकोकेनेसिस परीक्षण गरियो।" यो त्यही प्रयोगशाला हो जहाँ वैज्ञानिकहरूले उन्नत परमाणु हतियार, लेजर प्रणाली तथा अन्य भावी हातहतियार प्रविधि विकास गरिरहेका थिए।

सन् १९७० को दशकको अन्त्यतिर सीआईएले ईएसपीमाथि आफ्नो काम बन्द गऱ्यो र अब मेरिल्यान्डको फोर्ट मिडमा रहेको अमेरिकी सेनाको आधार शिविरले सो कार्यक्रम सञ्चालन गर्ने भयो। त्यस कार्यक्रमलाई डिफेन्स इन्टेलिजेन्स एजेन्सीले आर्थिक सहयोग उपलब्ध गराउन थाल्यो। आगामी दुई दशकसम्म अमेरिकी कङ्ग्रेसले यस कार्यक्रमलाई बजेट उपलब्ध गराइरह्यो।

सन् १९७९ मा अलौकिक अनुसन्धान विषयको एक बैठकमा नर्थ क्यारोलिनाबाट रिपब्लिकन दलका सांसद चार्ली रोजले गुप्तचरीसम्बन्धी 'हाउस सेलेक्ट कमिटी'को बैठकमा अन्य सांसदलाई भनेका, "मलाई त यो प्रभावकारी सस्तो राडार प्रणाली नै लाग्यो। यदि रुसीहरूसँग यो भएको र हामीसँग नभएको भए हामी गम्भीर सङ्कटमा पर्ने थियौँ।"

सरकारको निकै गोप्य कार्यक्रममा रहेर काम गरेका अलौकिक क्षमता भएकामध्येका एक थिए सेनाका अवकाशप्राप्त जोसेफ म्याकमोनिगल। वासिङ्टन पोस्टलाई पछि म्याकमोनिगलले भनेअनुसार सन् १९७८ देखि १९८४ सम्म करिब चार सय ५० मिसनमा उनी सहभागी भएका थिए। जसअन्तर्गत इरानमा बन्धकहरूको अवस्थिति जान्न सेनालाई गरेको सहयोग तथा दक्षिण अफ्रिकामा समातिएका केजीबीका शङ्कास्पद जासुसको गोजीमा रहेको क्यालकुलेटरमा गुप्त सर्टवेब रेडियो रहेको जानकारी सीआईएलाई दिनु जस्ता कार्यसमेत सामेल छन्।

अर्का 'रिमोट म्युअर्स' एन्जेला डेलाफियोरा फोर्डलाई सन् १९८९ मा फरार रहेका एक पूर्वभन्सार एजेन्टको अवस्थिति पत्ता लगाउन सहयोग मागिएको थियो। सीबीसी



खुफिया उद्देश्यका लागि अमेरिकी सरकार लामो समयदेखि ईएसपी तथा साइकोकेनेसिस अनुसन्धानमा संलग्न रहेको लामो समयदेखिको हल्ला स्वीकार गरिएको थियो ।

सो रिपोर्टले प्रोजेक्ट स्टार गेट' लाई असफलसमेत घोषणा गर्दै भन्यो, "असाधारण घटना 'पारानर्मल फिनोमिनन', 'रिमोट भ्युइङ'को अस्तित्व प्रदर्शित गर्न सकियो कि सकिएन अझै स्पष्ट छैन ।"







न्युजको '४८ आवर्स' कार्यक्रममा हालै कुरा गर्दै एन्जेलाले ती भन्सार एजेन्ट लुकेको स्थानको सटिक जानकारी आफूले दिएको बताइन् । उनले फरार व्यक्ति 'लोभेल, वयमिङ' मा रहेको बताइन् । जबकि अमेरिकी भन्सारकर्मीले एक सय ६० किलोमिटर पश्चिममा वयमिङको लोभेल नगरमा उनलाई समाते ।

भलै सरकारले गरिरहेको अनुसन्धानका विषयसँग सम्बन्धित रिपोर्ट सन् १९८० को दशकमा चुहावट भए पनि सार्वजनिक रूपमा पेन्टागनले कुनै पनि खालको ईएसपी तथा साइकोकेनेसिस अनुसन्धानमा लगानी नगरेको दलिल गरिरह्यो । अन्ततः सन् १९९५ मा स्वतन्त्र निकाय अमेरिकन इन्स्टिच्युट्स अफ रिसर्चद्वारा तयार पारिएको रिपोर्ट सीआईएले सार्वजनिक गर्‍यो, जुन रिपोर्टमा सैन्य र केहीले चाहिँ यसका केही प्रयोग सफल भएको दाबी गरेका छन् ।

त्यस वर्ष काम बन्द गरिनुको अर्थ अलौकिक घटनामा सरकारको चासो सकिएको चाहिँ होइन । जेकब्सनले लेखेका छन्, सन् २०१४ मा अफिस अफ नेभल रिसर्चले करिब ४० लाख डलर बजेटमा पूर्वाभास वा अन्तर्ज्ञानको उपयोग खोज्न चार वर्षे एक कार्यक्रम सुरु गरेको थियो । 'प्रोजेक्ट स्टार गेट' अनुसन्धानका पूर्वप्रमुख डा. एड्विन मेले लामो समयपछिसम्म सैन्य र घरेलु खुफिया प्रयोजनका लागि ईएसपी वैध उपकरण भएको बहस गरिरहे । सन् २०१५ मा मे ले न्युजविकलाई भनेअनुसार गैरनाफामूलक संस्था बायल फाउन्डेसनको आर्थिक सहयोगमा उनले गरेको ईएसपीसम्बन्धी नवीन अध्ययन 'सम्भवतः यस क्षेत्रको इतिहासमा सबैभन्दा उत्तम परीक्षण हो ।' ▪

विश्वमा प्रचलित विवाह प्रथा

१. जापानमा दुलहीले विवाह अवधिभर धेरैचोटि पहिरन फेरिरहन्छिन् । दुलाहादुलही र तिनका बाबुआमाले तीनवटा अलगअलग कपमा राखेको भातेजाँड तीन पटक सुरुप सुरुप पिउँछन् । जसले दुवै परिवारलाई निकट तुल्याउँछ भन्ने विश्वास गरिन्छ ।

२. आर्मेनियामा दुलाहादुलही विवाह भोजमा प्रवेश गरेपछि सौभाग्यका लागि प्लेट फुटाल्छन् । त्यसपछि उनीहरूलाई रोटी र मह दिइन्छ । उनीहरूले आफूलाई अनिष्ट नहोस् भनेर काँधमा रोटी राख्छन् ।

३. कङ्गोमा दुलाहादुलहीलाई विवाह अवधिभरि हाँस्न मनाही गरिन्छ । यदि उनीहरू हाँसे भने विवाहका लागि गम्भीर छैनन् भन्ने अर्थ लाग्छ ।

४. चीनमा दुलाहाले दुलहीलाई धेरैचोटि वाण प्रहार गर्छ र जम्मा गरेको बाण भाँच्छ ।



यसो गर्दा विवाह लामो समयसम्म टिक्ने विश्वास गरिन्छ ।

५. फिजीमा केटी माग्न जाँदा केटाले हुनेवाला ससुरालाई ह्वेलको दाँत उपहार दिनैपर्ने चलन छ ।

६. ग्वाटेमालामा बेहुली भित्र्याएपछि बेहुलाकी आमाले चामल र पिठोले भरिएको सेतो सेरामिकको घण्टी फुटाल्ने चलन छ । जसले नवदम्पतीलाई समृद्धि ल्याउने विश्वास गरिन्छ ।

७. चेक गणतन्त्रमा बेहुलाबेहुलीले लगनगाँठो बाँध्नुअघि सन्तानोत्पादन क्षमता बढोस् भन्ने कामना गर्दै तिनको काखमा शिशु राखिन्छ ।

८. रुसमा नवविवाहित जोडीले एकापसमा काराभे नाउँको गुलियो रोटी साभा गर्छन् । त्यसलाई समृद्धि र विश्वासको प्रतीक मानिन्छ । जसले हातले नछोइकन ठूलो टुक्रा टोक्न सक्छ त्यो नै परिवारको मूली हुन्छ ।

९. फिलिपिन्समा चाहिँ बेहुलाबेहुलीले परेवाको जोडी उडाउने चलन छ । परेवाको जोडीलाई सुखद दाम्पत्य जीवनको प्रतीक मानिन्छ ।

१०. क्युवामा कस्तो चलन छ भने बेहुलीसित नाच्ने हरेकले उसको पहिरनमा पैसा टाँस्नै पर्छ, जसबाट विवाहित जोडीलाई बिहेको खर्च र हनिमुन खर्च टरोस् ।

११. मङ्गोलियन जोडीले बिहेको मिति तय गर्नुअघि कुखुराको चल्ला काटेर कलेजो निकाल्छन् अनि बिहे नसकिउन्जेल सुरक्षित राख्छन् ।

१२. जर्मनीमा बिहेपछि विवाहित जोडीलाई एउटा ठूलो मुडा र आरो दिइन्छ तथा त्यो चिर्न लगाइन्छ । यसबाट उनीहरू जीवनमा बाधा छिचोल्न कति सक्षम छन् भन्ने जाँच हुन्छ ।

१३. आयरल्यान्डमा नाच्ने क्रममा बेहुलीले एउटा खुट्टा उचाल्न पाउँदिन । यदि उनले त्यो गरेमा दुष्ट परी आएर उडाएर लैजान्छन् भन्ने विश्वास रहिआएको छ ।

१४. वेल्समा विवाह परम्परानुसार बेहुलाबेहुलीलाई काठको चम्चा दिनुपर्छ । वेल्सको अर्को परम्परा के पनि छ भने बिहेअघि बेहुलीपक्षले बेहुली अपहरण गर्छ र बेहुला पक्षले खोजेर उद्धार गर्छ ।

-बद्रीप्रसाद घिमिरे



पहिलो महिला मन्त्री द्वारिकादेवी

डोटीको जैनोलीमा जन्मिएकी द्वारिकादेवीको बाल्यकाल सदरमुकाम सिलगढीमा बितेको थियो । सिलगढीको एकसरो लामो बजारमा उकाली ओराली गर्दै हुर्किएकी थिइन् उनी । सिलगढीकै शान्त र सुरम्य वातावरणको रसपान गरेकी थिइन् ।

■ रतन भण्डारी

शिक्षा

नागरिक अधिकारका दृष्टिले राणाकालीन समय इतिहासकै कालो युग थियो । त्यतिबेला जनताका छोराछोरी पढ्न लेख्नबाट वञ्चित थिए । जनताका छोराछोरी शिक्षित भएमा आफ्नो निरङ्कुश पारिवारिक शासन ढल्ने भय राणाहरूमा थियो । त्यसैले मुलुकभर सबैतिर स्कुल थिएनन् । कतिपय स्थानमा गुरुकुलमा आधारित संस्कृत पाठशाला थिए तर ती पाठशालामा सबैको पहुँच थिएन । राजधानीवासीकै छोरा–छोरी सबैले पढ्न पाएका थिएनन् । त्यतिबेला डोटीको सिलगढीमा पनि स्कुल थिएन । स्कुल भए पनि त्यतिबेला छोरीहरूलाई पढाउने चलन थिएन भने पनि हुन्छ ।


राणाकालमा हुनेखाने सुदूरपश्चिमेलीहरू छोरालाई भने पढ्न भारततिर पठाउँथे तर छोरीचेलीलाई पठाउँदैनथे । भारतमा पढाउन नसक्नेले घरमै छोरा–छोरीलाई रुद्री, चण्डी पढाउँथे । खरिदार वामदेव पन्तले पनि छोरा शिवराजलाई अध्ययनका लागि भारतको मुरादावाद पठाएका थिए तर छोरी द्वारिकादेवीका

लागि बनारसबाट एक जना वृद्ध पण्डितलाई झिकाएर घरमै पठन–पाठनको व्यवस्था मिलाए। त्यतिबेला छोरीहरूले पढेमा बिग्रन्छन् भन्ने रुढ मान्यताका कारण द्वारिकादेवीले पढेको उनकी आमाले समेत मन नपराएको कुरा ठकुरानीले बताउने गरेकी थिइन् ।

सोही कारण केही समय आमाछोरीको बोलचालसमेत बन्द भएको थियो । त्यति हुँदा पनि द्वारिकादेवीले पढाइलाई निरन्तरता दिइन्। घरमै 'लक्ष्मी संवाद', 'वधुशिक्षा', 'कौमुदी'लगायतका ग्रन्थहरू अध्ययन गरिन्। यसरी औपचारिक शिक्षा आर्जन गर्न नपाए पनि घरमै उनले अनौपचारिक शिक्षा पाएकी थिइन् । उनलाई सग्ला अक्षर पढ्ने बुझ्ने मौका जुरेको थियो ।



डडेलधुराको तल्लो स्वराडका जिम्मुवाल उद्धवबहादुर वकालतको काम समेत गर्थे । मुद्दा मामिलाकै सिलसिलामा उनी सिलगढी गइरहन्थे ।



श्री द्वारिकादेवी चन्द

विवाह

द्वारिकादेवी ठकुरानीको विवाह १८ वर्षको उमेरमा त्यतिबेला डडेलधुरामा पर्ने तल्लो स्वराड (हाल बैतडी)का उद्धवबहादुर चन्दसँग भएको थियो । द्वारिकादेवी र उद्धवबहादुर चन्दको विवाह अन्तर्जातीय थियो । त्यतिबेला ठकुरी र ब्राह्मण समुदायबीच बिहेवारी चल्दैनथ्यो। विवाह भइहाले ठकुरी वरले ब्राह्मण वधुलाई 'दियो–कलश' पूजेर भित्र्याउने चलन थियो । उद्धवबहादुर चन्दले पनि द्वारिकादेवीलाई 'दियो–कलश' पूजेर भित्र्याएका थिए। उद्धवबहादुर द्वारिकादेवी भन्दा १६ वर्ष जेठा थिए। उद्धवबहादुरको द्वारिकादेवीसँग दोस्रो विवाह थियो । त्यसअघि उद्धवबहादुरको विवाह डडेलधुरा, चोरेलाकी बाटुलीदेवी शाहीसँग भइसकेको थियो ।

डडेलधुराको तल्लो स्वराडका जिम्मुवाल उद्धवबहादुर वकालतको काम समेत गर्थे । मुद्दा मामिलाकै सिलसिलामा उनी सिलगढी गइरहन्थे। सोही क्रममा उनको चिनजान द्वारिकादेवीका पिता वामदेव पन्तसँग भएको थियो। उद्धवबहादुर नियमित घरमा आउँदा उनीसँग द्वारिकादेवी नजिकिएकी थिइन्। त्यसपछि दुवै जना विवाहका लागि राजी भएका थिए। द्वारिकादेवीले सुरुमा बिहे नगरी आजीवन गायत्री जपेर बस्ने निधो गरेकी थिइन्। पछि आमा राधादेवी र छिमेकी गङ्गाप्रसाद महराका बुवाले जोर गरेपछि उनी विवाह गर्ने निर्णयमा पुगिन् ।

सन्तान

उद्धवबहादुर र द्वारिकादेवी १९९२ सालमा वैवाहिक बन्धनमा बाँधिएका थिए। उद्धवबहादुरले द्वारिकादेवीलाई तल्लो स्वराडको कुन्थलास्थित घरमा भित्र्याएका थिए। विवाहपछि २००७ सालअघि नै उद्धवबहादुर र द्वारिकादेवीले केही वर्ष काठमाडौँमा बिताए। काठमाडौँ बसाइकै क्रममा दुवै जना नेपाली राष्ट्रिय कांग्रेसमा आबद्ध भए। दुवै जना समाजसेवामा पनि उत्तिकै सक्रिय थिए तर दुर्भाग्य ! २०१० साल कात्तिक १० गते उद्धवबहादुर चन्दको एकाएक हृदयाघातका कारण निधन भयो। श्रीमान्को निधन हुँदा द्वारिकादेवी दुई जिउकी थिइन्। पछि उनीबाट आठ महिनामा जन्मिएको छोरा समेत जोगाउन सकिएन। यसरी पति वियोगको पीडाले मर्माहत द्वारिकादेवीको जीवनमाथि पुत्र वियोगको अर्को पीडा थपिएको थियो ।

राजनीतिक जीवन

डोटी गौडाको सिलगढीमा शिक्षित सम्पन्न परिवारमा हुर्केकी द्वारिकादेवी सामान्यतया साक्षर थिइन् । उनी सग्ला अक्षरसँग परिचित थिइन्। पिता वामदेव सरकारी जागिरे भएका कारण उनको घरमा विभिन्न व्यक्तिको आउजाउ भइरहन्थ्यो। समसामयिक राजनीतिक विषयमा छलफल

कुराकानी हुने गर्थ्यो। ती सबै कुराकानी द्वारिकादेवीले सानै उमेरदेखि सुन्ने बुझ्ने मौका पाएकी थिइन्।

राणाकालमै बैतडीका दशरथ चन्दलाई प्रधानमन्त्री जुद्धशमशेरले मृत्युदण्ड दिएपछि सिङ्गो सुदूरपश्चिम स्तब्ध बनेको थियो। सुदूरपश्चिममा राणाहरूविरुद्धको आक्रोश चुलिएको अवस्था थियो। त्यसअघि प्रधानमन्त्री चन्द्रशमशेरसँग विद्रोह गरी बझाङकै जयपृथ्वीबहादुर सिंह निर्वासनमा गइसकेका थिए। ती सबै घटनासँग द्वारिकादेवी परिचित थिइन्।

त्यसको मनोवैज्ञानिक असर द्वारिकादेवीमा परेको थियो। भारतको मुरादावादमा अध्ययनरत भाइ शिवराज पन्त 'भारत छोड' आन्दोलनमा सक्रिय थिए। द्वारिकादेवीका श्रीमान् उद्धवबहादुरसमेत प्रगतिशील विचारधाराका थिए। राणाकालमै द्वारिकादेवी काठमाडौँ आइसकेकी थिइन्। त्यसैले राजनीतिमार्फत समाज सेवा गर्ने चस्का उनीमा पसिसकेको थियो। यिनै कारण द्वारिकादेवीले २००५ सालमा काठमाडौँमा बीपी कोइरालाको हातबाट नेपाली कांग्रेसको सदस्यता प्राप्त गरी राजनीतिमा पाइला हालेकी थिइन्।

द्वारिकादेवीलाई राजनीतिमा ल्याउन उनका श्रीमान् उद्धवबहादुर र डडेलधुराका युवा नेता एनडीप्रकाश चटौतको भूमिका पनि उत्तिकै अहम् थियो।

पहिलो निर्वाचित महिला सांसद

२००७ सालको क्रान्तिपछि नेपालमा पहिलो पटक २०१५ सालमा आम निर्वाचन भएको थियो।



द्वारिकादेवी २०१५ सालको चुनावमा निर्वाचित पहिलो र एक्ली महिला नेतृ हुन्। निर्वाचनमा क्षेत्र नं. ६६ डडेलधुराबाट नेपाली कांग्रेसकी उम्मेदवार ठकुरानीले संयुक्त प्रजातन्त्र पार्टी, नेपालका उम्मेदवार लक्ष्मीदत्त भट्टलाई हराएकी थिइन्। निर्वाचनमा ठकुरानीले ३,९०३ मत प्राप्त गरेकी थिइन्। २०१५ साल फागुन ७ देखि सुरु भई २०१६ साल वैशाख २५ गते सम्पन्न भएको निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ सिट जितेको थियो।

पहिलो जननिर्वाचित सरकार

निर्वाचनमा बहुमत प्राप्त दल नेपाली कांग्रेसबाट मन्त्रीहरूको नाम पेस भएपछि राजा महेन्द्रले २०१६ साल जेठ १३ गते प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार गठन भएको घोषणा गरेका थिए। त्यसपछि प्रधानमन्त्री बीपी कोइरालाको नेतृत्वमा ११ सदस्यीय मन्त्रीमण्डल गठन भएको थियो। प्रधानमन्त्री कोइराला नेतृत्वको सरकारमा द्वारिकादेवी उपमन्त्री बनेकी थिइन् भने उनका भाइ शिवराज पन्त मन्त्री बनेका थिए।

मन्त्रीमण्डल गठन हुँदा मन्त्रीहरूको जिम्मेवारी तोकिएको थिएन। दोस्रो दिन अर्थात् २०१६ साल जेठ १४ गते मात्रै मन्त्री तथा उपमन्त्रीहरूको कार्यविभाजन भएको थियो। कार्यविभाजनपछि द्वारिकादेवी ठकुरानी स्वास्थ्य र स्वायत्त शासन सहायकमन्त्री बनेकी थिइन्।

२०१६ साल जेठ १३ गते गठित सरकार नेपाल अन्तरिम शासन विधान, २००७ अनुसार बनेका कारण नेपाल अधिराज्यको संविधान, २०१५ भने २०१६ असार १६ गते लागू गरिएसँगै कोइराला सरकार पुनर्गठित गरिएको थियो।

पुनर्गठित मन्त्रीमण्डलमा द्वारिकादेवीको मन्त्रालय र जिम्मेवारी उही रह्यो ।

पहिलो महिलामन्त्री

नेपालमा मन्त्री हुने पहिलो महिला द्वारिकादेवी ठकुरानी हुन् । ठकुरानी प्रधानमन्त्री बीपी कोइरालाको नेतृत्वको सरकारमा उप–मन्त्री बनेकी थिइन् । २०१६ असार १६ गते 'उप–मन्त्री' पदलाई 'सहायकमन्त्री' बनाइएको थियो । त्यसपछि द्वारिकादेवी ठकुरानी सहायकमन्त्री बनेकी थिइन् । द्वारिकादेवी ठकुरानीले २०१७ पुस १ गतेसम्म कुल १८ महिना १८ दिन 'स्वास्थ्य र स्वायत्त शासन सहायकमन्त्री' भएर काम गरिन् ।

उसो त वि.सं. २००७ सालको क्रान्तिताका पाल्पा जनसरकारमा सुश्री तरुलता भट्टराई शिक्षामन्त्री बनेकी थिइन् । २०१७ साल पुस २३ गतेको पाल्पा जनसरकार पुनर्गठन भएको थियो । त्यसपछि मुख्यमन्त्री काशीनाथ गौतमको नेतृत्वमा २००७ साल माघ ३ गते अर्को जनसरकार बनेको थियो । उक्त जनसरकारमा तरुलता भट्टराई शिक्षामन्त्री रहेकी थिइन् । तरुलता भट्टराई विद्रोही शक्तिद्वारा गठित पाल्पा जनसरकारकी मन्त्री भए पनि नेपाल सरकारकी वैधानिक मन्त्री थिइनन् । त्यसैले नेपाल सरकारकी पहिलो वैधानिक महिलामन्त्री द्वारिकादेवी ठकुरानी नै हुन् ।

त्यसैगरी एसिया तथा दक्षिण एसियामा मन्त्री हुने पहिलो महिला को हुन् भन्ने विषय चर्चामा रहेको पाइन्छ । अधिकांशको बुझाइमा एसिया तथा दक्षिण एसियाबाट मन्त्री हुने पहिलो महिला द्वारिकादेवी ठकुरानी हुन् भन्ने छ ।

'द्वारिकादेवी ठकुरानी र शहीद मीनबहादुर चन्द स्मृति प्रतिष्ठान'द्वारा प्रकाशित पुस्तकमा समेत द्वारिकादेवी ठकुरानीलाई दक्षिण एसियाको पहिलो महिला मन्त्री भनेर उल्लेख गरिएको छ । त्यसैगरी नेपाली कांग्रेसका नेता भक्तबहादुर बलायरले द्वारिकादेवी ठकुरानीलाई एसियाकी पहिलो महिला मन्त्री भनेर लेखेका छन् । प्रा.डा. जयराज पन्तले पनि द्वारिकादेवी ठकुरानीलाई 'दक्षिण एसियामै प्रथम महिलामन्त्री बनी नेपाली नारीको इतिहासमा आफ्नो नाम स्वर्णाक्षरले लेखाउन सक्षम' भनेर उल्लेख गरेका छन् ।

तर एसिया र दक्षिण एसियाबाट मन्त्री हुने पहिलो महिला भने भारतकी 'राजकुमारी बीबीजी अमृतकौर' हुन् । अमृतकौर सन् १९४७ अगस्त १६ मा गठित प्रधानमन्त्री जवाहरलाल नेहरू नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री बनेकी थिइन् । भारतमा प्रान्तीय सरकारमा मन्त्री हुने पहिलो महिला भने विजयालक्ष्मी पण्डित (स्वरूपकुमारी नेहरू) थिइन् । सन् १९३७ मा प्रान्तीय विधान सभामा चुनाव जितेपछि पण्डितलाई युनाइटेड प्रोभिन्स (वर्तमान उत्तर–प्रदेश)की स्थानीय स्वायत्त सरकार तथा जनस्वास्थ्यमन्त्री बनाइएको थियो ।



एसियामा मन्त्री हुने दोस्री महिलामा उत्तर कोरियाकी 'हो जोङ सुक' र दक्षिण–कोरियाकी 'यिम योङ सी' हुन् । सुक सन् १९४८ मा उत्तर–कोरियाकी संस्कृतिमन्त्री बनेकी थिइन् भने सीलाई सन् १९४८ मा नै दक्षिण–कोरियाकी वाणिज्य तथा उद्योगमन्त्री बनाइएको थियो ।

त्यसैगरी 'सी लियाङ' सन् १९४९ मा चीनकी न्यायमन्त्री बनेकी थिइन् । बर्मामा मन्त्री हुने पहिलो महिला 'खिन की'

हुन् । की सन् १९५३ देखि १९६० सम्म बर्माकी सामाजिक कल्याणमन्त्री थिइन् । त्यसैगरी 'विमला विजेवर्दने' सन् १९५६ मै श्रीलङ्काकी स्वास्थ्यमन्त्री बनेकी थिइन् । त्यसैगरी भारतमै तार्केश्वरी सिन्हा सन् १९५८ मै अर्थराज्य मन्त्री बनाइन् । नेपालमा द्वारिकादेवी ठकुरानी सन् १९५९ मे २७ (२०१६ जेठ १३) मा उप–मन्त्री बनेकी हुन् । जापानमा मन्त्री हुने पहिलो महिला मासा नाकायामा हुन् । नाकायामालाई सन् १९६० जुलाई १९ मा जापानको स्वास्थ्य तथा कल्याणमन्त्री बनाइएको थियो ।

उल्लिखित तथ्यहरूका आधारमा द्वारिकादेवी ठकुरानी एसियामा मन्त्री हुने सातौँ तथा दक्षिण एसियामा मन्त्री हुने चौथो महिला हुन् । अनौठो संयोग दक्षिण एसियाबाट मन्त्री हुने भारतकी राजकुमारी बीबीजी अमृतकौर, श्रीलङ्काकी विमला विजेवर्दने र नेपालकी द्वारिकादेवी ठकुरानी सबै स्वास्थ्यमन्त्री बनेका थिए ।

उल्लेखनीय कार्य

सहायकमन्त्री ठकुरानीले केही उल्लेख्य काम गरेकी थिइन् । ठकुरानी नेपाल परिवार नियोजन सङ्घकी संस्थापक अध्यक्ष हुन् । २०१६ साल असोज २ गते गठन हुँदा परिवार नियोजन सङ्घको नाम 'परिवार नियोजक समिति' थियो । आफ्नो कार्यकालमा सहायकमन्त्री ठकुरानीले देशका विभिन्न जिल्लाको भ्रमण गरेकी थिइन् ।

स्वास्थ्य सहायकमन्त्री द्वारिकादेवी ठकुरानीको पहलमा बैतडीमा पहिलो पटक महेन्द्र डिस्पेन्सरी स्थापना भएको थियो । सहायकमन्त्री ठकुरानीले बैतडीमा २०१६ साल मङ्सिर ७ गते 'महेन्द्र डिस्पेन्सरी'को उद्‌घाटन गरेकी थिइन् ।

सोभियत सङ्घ भ्रमण

द्वारिकादेवी ठकुरानी सोभियत सङ्घ (हाल रुस)को औपचारिक भ्रमण गर्ने पहिलो नेपाली महिला मन्त्री हुन् । ठकुरानीले २०१७ साल असोज १९ गतेदेखि २०१७ साल कात्तिक २२ गतेसम्म रुस भ्रमण गरेकी थिइन् । भ्रमणका क्रममा उनी रुसका लेलिनग्राद लगायतका विभिन्न सहरमा पुगेकी थिइन् ।

सिंहदरबार बहिर्गमन

२०१७ साल पुस १ गते राजा महेन्द्रले सत्ता हातमा लिएसँगै प्रधानमन्त्री बीपी कोइराला नेतृत्वको जननिर्वाचित सरकार विघटन भएको थियो । सरकार विघटनसँगै प्रधानमन्त्री कोइरालालाई थापाथलीस्थित तरुण दलको कार्यक्रममा बोलिरहेको बखत गिरफ्तार गरी सिंहदरबारस्थित 'विलियार्ड' हाउसमा राखिएको थियो । प्रधानमन्त्री कोइरालासँगै गिरफ्तार भएका अन्य नेता तथा मन्त्रीलाई बरफबागमा राखियो । पुस १ गते नै सहायकमन्त्री ठकुरानीलाई सिंहदरबारस्थित मन्त्रालयबाटै गिरफ्तार गरी बरफबागमै राखिएको थियो ।

द्वारिकादेवी ठकुरानीले राजाको कदमप्रति समर्थन जनाइनन् । उनलाई १५ दिनपछि छोडियो । उपप्रधामन्त्री सुवर्णशमशेर भने राजाको कदमको अघिल्लो दिन नै कोलकाता पुगिसकेका थिए । त्यसैले रिहाइ

पेनकिलर बनाउँदा कोकाकोला

विश्वको एक सर्वाधिक लोकप्रिय पेय पदार्थ कोकाकोलासँग असामान्य इतिहासको गाथा पनि छ । सन् १८६६ मा अमेरिकी औषधिविज्ञ जोन पेम्बर्टन दुखाइ कम गर्ने औषधि 'पेनकिलर' बनाउने प्रयासमा लागेका थिए । गृहयुद्धमा पेम्बर्टनलाई नराम्रोसँग चोट लागेको थियो । जस कारण उनले पीडाबाट मुक्ति पाउन अफिममा आधारित मर्फिनको सहारा लिनु पर्ने भयो तर पेम्बर्टन अफिम नभएको वैकल्पिक पीडाहरक औषधि बनाउन चाहन्थे ।

पेम्बर्टनले पहिलो उत्पादन तयार पारे, जसलाई उनले भने, पेम्बर्टनको फ्रेन्च वाइन कोका । यसमा केही यस्ता अवयव थिए जो आजको कोकाकोलामा छैनन् । कोका वाइनमा कोका वनस्पतिको कोकाइनयुक्त पात तथा शरीरलाई स्फूर्ति प्रदान गर्ने केफिनयुक्त कोला नटसँगै अल्कोहल थियो ।

पेम्बर्टनले बनाएको फ्रेन्च वाइन लोकप्रिय भयो तर



जब उनको गृहराज्य जर्जियामा मुख्यगरी अल्कोहलमाथि प्रतिबन्ध लगाउने 'टेम्परन्स मुभमेन्ट' चर्कियो उनले अल्कोहलरहित विकल्प विकास गर्नुपर्ने भयो । उनले वाइनलाई 'सुगर सिरप'ले प्रतिस्थापित गरे तथा आफूले तयार पारेको मिश्रणमा गल्तीले कार्बोनेटेड पानी मिसाइदिए । त्यसलाई चाखेपछि पेम्बर्टनले आफूले तयार पारेको पेय

भएपछि द्वारिकादेवी कोलकातामा सुवर्णशमशेरको सम्पर्कमा गएकी थिइन् ।

आममाफी

आठ वर्ष भारत प्रवासमा रहेकी द्वारिकादेवी ठकुरानी राजा महेन्द्रबाट आममाफी पाएपछि २०२५ सालमा स्वदेश फर्केकी थिइन् ।

स्वदेश फर्केपछि द्वारिकादेवी तल्लो–स्वराडमै बस्न थालिन् । पूर्व–प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको अध्यक्ष्यतामा 'राजनीतिक पीडित उद्धार समिति' बनेको थियो । आचार्य समितिले देशैभरका राजनीतिक पीडितहरूलाई जमिन वितरण गरेको थियो । द्वारिकादेवीलाई पनि आचार्य समितिले कैलालीको जुगेडामा तीन बिघा जमिन उपलब्ध गराएको थियो । ठकुरानी २०३६ सालमा कैलालीको जुगेडामा बसाइँ सरेकी थिइन् ।

देहावसान

द्वारिकादेवीका अन्तिम दिनहरू कैलालीको धनगढीमा बितेका थिए । जीवनको उत्तरार्द्धमा उनी स्तन क्यान्सरबाट पीडित थिइन् । २०५९ साल मङ्सिर २२ गतेको साँझ खाना खाएर सुतेकी उनी खाटबाट लडेर बेहोस भइन् । त्यसपछि उनलाई सेती अञ्चल अस्पताल पुऱ्याइयो तर उनको स्वास्थ्यमा सुधार हुन सकेन । अन्ततः २०५९ साल मङ्सिर २४ गते उनको निधन भयो । ▪

पदार्थलाई औषधि प्रयोजनका लागि होइन कि 'फाउन्टेन ड्रिङ्क' का रूपमा बिक्री वितरण गर्ने निर्णय लिए किनभने नयाँ पेय पदार्थले शरीरलाई गजबको स्फूर्ति दिन्थ्यो । उनले त्यसको नाम राखे– कोकाकोला । कोकाकोला राख्नुको कारण के थियो भने त्यसमा सुरुमा पेय पदार्थ बनाउँदा प्रयोग गरिएका अवयवलाई निरन्तरता दिइएको थियो ।

दुर्भाग्य नै भन्नुपर्छ पेम्बर्टन निकै अस्वस्थ भए । उनी मर्फिनको सहारामा बाँचिरहेका थिए र आफूले कोकाकोला आविष्कार गरेको दुई वर्षमै गरिब अवस्थामा उनले अन्तिम सास लिए । त्यतिबेलासम्म उनले आफ्ना सेयर आफ्नो व्यापारिक साझेदार एसा ग्रिग्स क्यान्डलरलाई बेचिसकेका थिए र उनले कोकाकोलालाई अमेरिकाको सर्वाधिक सफल कम्पनी बनाइदिए ।

–युवामञ्च

टाइटानिकको वायलिन



सन् २००६ मा इङ्ल्यान्डका एक व्यक्तिले आफ्नो कोठामा एउटा वायलिन फेला पारे, जो सन् १९१२ मा टाइटानिक पानीजहाज डुब्नु पहिले वाद्यवादक समूहका नाइके वालेस हर्टलेले बजाएका थिए । टाइटानिक डुबेलगत्तै उद्धारकर्ताहरुले घटनास्थलमा हर्टलेको शवमा बाँधिएको बाकसमा सो वायलिन फेला पारे । हर्टलेले लाइफसेभिङ ज्याकेट लगाएका कारण उनको शव डुबेको थिएन ।

उद्धारकर्ताले हर्टलेको शव र वायलिन इङ्ल्यान्डमा रहेकी उनकी मङ्गेतर मारिया रोबिन्सनलाई बुझाएका थिए । मारियाको निधनपछि सो वायलिन अन्य धेरै मानिसको हातमा पुग्यो । अन्त्यमा आफ्नो कोठामा सो वायलिन फेला पार्ने व्यक्तिको आमालाई प्राप्त भएको थियो ।

सन् २०१३ मा हेनरी अल्ड्रिज एन्ड सन्स लिमिटेडले लिलामीमा सो वायलिन १७ लाख अमेरिकी डलरमा खरिद गरेको थियो ।

–युवामञ्च



मनोज पौडेल

सुन्दर पुतली

"पुतली सबैलाई मनमोहक र सुन्दर लाग्छ । उड्दै, बस्दै र रस चुस्दै गरेको पुतलीलाई देख्दा त सबै रमाउँछन् । जति हेरे पनि आँखा थाक्दैन, मन भरिँदैन । त्यसै पुतलीका विषयमा धेरै गीत पनि लेखिएका छन् ।"



पुतलीले वातावरणीय काम पनि गर्छ। धेरैलाई थाहा नभए पनि अप्रत्यक्ष रूपमा यसले उत्पादन बढाउन सहयोग गर्छ। अन्नबाली, तेलहन र फलफूलमा पराग सेचन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। फूलमा रस चुस्दाचुस्दै भालेपोथी फूलबीच पराग सेचन भई अन्नबाली उत्पादनमा सहयोग पुग्छ। पुतलीले जलवायु परिवर्तनको सूचकका रूपमा पनि काम गर्छ, यो स्वस्थ वनको सूचक पनि हो। आकर्षक देखिने पुतलीले पर्यापर्यटनका लागि समेत भूमिका खेल्छ।

बासस्थानको समस्या तथा जलवायु परिवर्तनले सुन्दर पुतली सङ्कटमा पर्दै गएका छन्। प्रकृतिलाई सन्तुलनमा राख्न योगदान गर्ने पुतली पर्यटकको रोजाइमा समेत पर्ने गरेको छ। फूलको पराग सेचन क्रियामा मद्दत पुऱ्याउने पुतलीले एउटा फूलको पराग अर्को फूलमा सार्ने काम गर्छ।

विश्वमा आठ हजार प्रकारका पुतली पाइन्छन् भने विश्वमा अन्यत्र नपाइने आठ प्रकारका पुतली नेपालमा छन्।

अन्य वन्यजन्तु तथा चराबारे धेरै अध्ययन गरेर संरक्षणका कार्यक्रम नेपालमा कार्यान्वयनमा रहे पनि पुतलीबारे अहिलेसम्म त्यस्तो केही कुनै कार्य भएको छैन। जसका कारण अचेल सहरबजारतिर पुतलीको सङ्ख्या पातलिँदै गएको छ। झुन्डमा देखिने पुतली घट्दै गएका छन्। बढ्दो मानवीय बस्तीसँगै कोलाहलपूर्ण वातावरणले बासस्थान विनाश हुँदा पुतली समस्यामा परेका हुन्।

बढिरहेको बाक्लो बस्ती, फूलबिरुवा नहुनु तथा डढेलोले गर्दा पुतलीको बासस्थान घटिरहेको छ। जलवायु परिवर्तनको असर हुन सक्छ तराईमा पाइने पहाडमा र पहाडमा पाइने पुतली हिमालमा देखिन थालेका छन्।





नेपालमा छ सय ६० प्रजातिका पुतली पाइन्छन् । नेपालको ठूलो अन्नपूर्ण संरक्षण क्षेत्रमा तीन सय ४७ प्रजातिका पुतली पाइएका छन् ।

विश्वमा आठ हजार प्रकारका पुतली पाइन्छन् भने विश्वमा अन्यत्र नपाइने आठ प्रकारका पुतली नेपालमा छन् ।

नेपालमा पाइने सबैभन्दा सानो पुतली ग्राम ज्वेल हो भने सबैभन्दा ठूलो गोल्डेन वर्डविङ । ■

आफ्नो व्यवसाय सुरु गर्दाको उमेर

१.	बिल गेट्स (माइक्रोसफ्ट)	१९ वर्ष
२.	मार्क जुकरबर्ग (फेसबुक)	१९ वर्ष
३.	वाल्ट डिज्नी (डिज्नी)	२१ वर्ष
४.	स्टिभ जब्स (एप्पल)	२१ वर्ष
५.	रितेश अग्रवाल (ओयो)	२२ वर्ष
६.	बिल क्लेरिको (वि पे)	२२ वर्ष
७.	ज्याक डोर्से (ट्विटर)	२३ वर्ष
८.	लारी पेज (गुगल)	२५ वर्ष
	सर्गे ब्रिन (गुगल)	२५ वर्ष
९.	धिरजलाल अम्बानी (रिलायन्स)	२५ वर्ष
१०.	ज्याक मा (अलिबाबा)	२९ वर्ष
११.	इयोन मस्क (स्पेस एक्स)	३० वर्ष
१२.	जेफ बेजोस (अमेजन)	३० वर्ष

भाषा ज्ञान

ओटिलो : आड भएको, आधार हुने
ओजेडो : पेट
कतली : निधारमा टाँसेर लगाइने काँच, प्लास्टिक आदिको टिको
कण्णु : कम्मर, ढाड
कुक्रा : कुकुर
खोप्या : कराही, ताई
ख्यारो : बिउ रोपने साइत
गुन्ना : पिठो, आँटा
गुमस्ता : गोप्य रूपमा गरिने कामको सल्लाह, कुराकानी
गुम : सिरानी
चरीचर्चा : अनौपचारिक चर्चा
चरणतल : पैतालो
चिथरो : थोत्रो, झुत्रो
छोडल : छोडेको ठाउँ वा वस्तु
छेकारो : वरिपरिबाट घेरामा पार्ने काम
जलजात : पानीमा उत्पन्न हुने, जलबाट पैदा भएको
जलद : पानी दिने, जल दिने
जलतरासी : पानी देख्दा डराउने
झुक्कुर : दिक्क, पिर, सुर्ता
झिस : अम्लपित्त
झुबरो : जुनेलो

Aide	सहायक
Differ	भेद गर्नु, असहमत हुनु
Lean	दुब्लो, पातलो, बेकार
Grave	चिहान, गम्भीर, दयनीय
Extensive	विस्तृत, व्यापक, चौडा
Cluster	गुच्छा, समूह, जम्मा हुनु
Possess	राख्नु, प्राप्त गर्नु, धारण गर्नु
Pursue	पछ्याउनु, अनुसरण गर्नु
Reinforce	समर्थन गर्नु, सहारा दिनु
Merely	केवल, मात्र
Insight	निरीक्षण, अन्तर्दृष्टि
Gesture	हावभाव, भावभङ्गी
Surely	अवश्य, जरुर
Testimony	प्रमाण, साक्ष्य, बयान
Wage	ज्याला, सुरु गर्नु, भाडा लगाउनु
Ultimately	अन्ततः, मूलभूत रूपमा
Owe	ऋणी हुनु, आभारी हुनु
Patch	दाग, पट्टी, छोपछाप
Fade	क्षीण हुनु, रङ उड्नु
Ceiling	छत, अन्तिम सीमा, उच्चतम सीमा
Borrow	उधार, कर्जा, ऋण लिनु
Attribute	धर्म, गुण, भाव, श्रेय दिनु

अङ्ग्रेजी अक्षर **i** माथिको थोप्ला वा डट लाई **title** भनिन्छ ।

ब्रेन गेम

यस चित्रमा कतिवटा किताब छन् ?



प्रश्न

रामुको टोकरीमा १० आँप थिए । उनले ती आँप एक-एक आफ्ना १० साथीलाई बाँडे तर पनि टोकरीमा एक आँप बाँकी रह्यो, कसरी ?

१ देखि १०० सम्म गन्दा आठ अङ्क कति पटक आउँछ ?

हात्तीले फेब्रुअरीको दाँजोमा जनवरीमा बढी पानी किन पिउँछ ?

उत्तर यसै अङ्कमा





यस चित्रमा गल्ती पत्ता लगाउनुहोस् ?



कुन कारलाई हटाएमा ट्राफिक जाम हट्छ होला ?

अन्तरिक्ष छिचोल्दै स्पेस एक्स



■ अजय शर्मा

मस्क असफलताबाट पछि हट्ने व्यक्ति होइनन् । उनलाई जोखिमसँग खेल्न खुबै मन पर्छ । सन् २००८ मा संसारमा आर्थिक मन्दी हुँदा उनको अवस्था पनि निकै खराब भयो । उनले आफ्ना नयाँ कम्पनीमा ठूलो असफलता बेहोरिरहेका थिए । यतिसम्म कि उनले आफ्नो दैनिक खर्च जुटाउन पनि साथीभाइसँग सापटी लिनुपर्ने अवस्था आयो ।

स्पेस एक्स (स्पेस एक्सप्लोरेसन टेक्नोलोजी कर्पोरेसन) अमेरिकी अन्तरिक्ष विमान, रकेट उत्पादक तथा अन्तरिक्ष वाहन कम्पनी हो। सन् २००२ मा एलन मस्कले अन्तरिक्ष परिवहन लागत कम गर्ने तथा मङ्गल ग्रहको अनुसन्धान र त्यहाँ बसोबासको उद्देश्यले यसको स्थापना गरेका थिए। हाल मस्कले स्पेस एक्स, टेस्ला, सोलार सिटी, हाइपर लुप, बोरिङ कम्पनी, न्युरालिङ्क, स्टार लिङ्कजस्ता महत्त्वाकाङ्क्षी योजना एकसाथ अगाडि बढाइरहेका छन् ।

स्पेस एक्सले हालसम्म कैयौँ गाडी, स्टार लिङ्क उपग्रहमण्डल, ड्रागन कार्गो स्पेसक्राफ्टको विकास गरेको छ। स्पेस एक्सको मुख्यालय क्यालिफोर्नियामा छ। यसले कैयौँ मानिसलाई इन्टरनेसनल स्पेस स्टेसनमा पुऱ्याएको छ। तीन असफल प्रक्षेपणपछि स्पेस एक्सले सन्





२००८ मा चौथो प्रयासमा पहिलो निजी अन्तरिक्षयान फाल्कन-१ को सफल प्रक्षेपण गरेको थियो ।

यसबाट के बुझ्न सकिन्छ भने मस्क असफलताबाट पछि हट्ने व्यक्ति होइनन् । उनलाई जोखिमसँग खेल्न खुबै मन पर्छ । सन् २००८ मा संसारमा आर्थिक मन्दी हुँदा उनको अवस्था पनि निकै खराब भयो । उनले आफ्ना नयाँ कम्पनीमा ठूलो असफलता बेहोरिरहेका थिए । यतिसम्म कि उनले आफ्नो दैनिक खर्च जुटाउन पनि साथीभाइसँग सापटी लिनुपर्ने अवस्था आयो । यस्तो अवस्था आउँदा पनि उनी आत्तिएनन् । उनी भन्छन्, "बढीभन्दा बढी के हुन्थ्यो । मेरा सन्तानले सरकारी विद्यालयमा पढ्न जानुपर्थ्यो । यो कुनै ठूलो कुरा हुने थिएन । म पनि त सरकारी स्कुलमै पढेको हुँ ।"

स्पेस एक्सका संस्थापक तथा टेस्ला कम्पनीका प्रमुख कार्यकारी (सीईओ) मस्क सन् २०२० मा संसारका सबैभन्दा धनी व्यक्ति बन्न सफल भए । उनी भन्छन्, "आधारहीन आलोचनाले मलाई खुबै निराश बनाउँछ । मानिसहरू बिनाकारण मेरो अन्य कम्पनीका साथै टेस्ला पनि डुबोस् भन्ने कामना गरी बस्छन् तर म यस्ता आलोचनाले आफ्नो विचार कहिल्यै परिवर्तन गर्दिनँ । जब मैले स्पेस एक्स र टेस्लामा पाइला राखें तब यत्तिको पैसा कमाइएला भन्ने सोचेको थिइनँ ।"

अहिले विश्वले मस्क (एलन रिभ मस्क)लाई अमेरिकी उद्यमीका रूपमा चिन्छ । उनको जन्म सन् १९७१ मा दक्षिण अफ्रिकामा भएको थियो । उनका बाबु



बाल्यकालमा मस्कले निकै पुस्तक पढ्थे । उनले पुस्तक मात्र अध्ययन गरेनन् त्यसबाट प्राप्त ज्ञानलाई व्यवहारमा समेत प्रयोग गरे ।

दक्षिण अफ्रिकीका हुन् भने आमा क्यानाडाकी। बाल्यकालमा मस्कले निकै पुस्तक पढ्थे। उनले पुस्तक मात्र अध्ययन गरेनन् त्यसबाट प्राप्त ज्ञानलाई व्यवहारमा समेत प्रयोग गरे। दस वर्षको उमेरमा उनले कम्प्युटर कोडिङका पुस्तक पढेर कोडिङ सिके। उनले १२ वर्षको उमेरमा 'ब्लास्टर' नामको गेम समेत बनाएका थिए। त्यही गेमबाट पाँच सय डलर पुरस्कार पाए, यसलाई उनको पहिलो व्यावसायिक उपलब्धि मान्न सकिन्छ।

हाल उनी स्पेस एक्स र टेस्ला कम्पनीका मालिक हुन्। उनका विभिन्न योजना छन्। जसमध्ये प्रमुख आयोजना मानिसलाई मङ्गल ग्रहमा बसोबास गराउने हो।



स्पेस एक्स कम्पनीबाट हाल मस्कले फाल्कन–९, फाल्कन हेभी, ड्रागन, स्टारसिप, ह्युमन स्पेसफ्लाइट, राइडसेयर, स्टारसिल्ड र स्टारलिङ्क गरी कुल आठवटा कार्यक्रम सञ्चालन गर्दै आएका छन्। स्पेस एक्सले १२ औँ पटक फाल्कन–९ रकेट सफलतापूर्वक प्रक्षेपण गर्न सफल भएको थियो। त्यसपछि फाल्कन–९ पृथ्वीमा फर्कियो, जुन आफैँमा कीर्तिमान हो।

यस्तै उनी चालकबिनाको कार बनाउने, भ्याक्युम टनेलमा सुपरफास्ट रेल चलाउने, मानव दिमागमा आर्टिफिसियल इन्टेलिजेन्स जोड्ने र संसारमा सौर्य ऊर्जा आपूर्ति गर्ने रहेको छ।

महत्त्वाकाङ्क्षी योजनाअन्तर्गत उनको अर्को कम्पनी टेस्लाले चालकबिनाको कार बनाइरहेको छ। यसका साथै मस्कका द बोरिङ कम्पनी, न्युरालिङ्क र सोलार सिटीलगायतका सहायक कम्पनी पनि छन्। यस्तै मस्कको अर्को रोचक काम पनि जारी छ, उनी न्युरालिङ्क कम्पनीमार्फत मानिसको मस्तिष्कमा कम्प्युटर चिप लगाउने तयारीमा लागेका छन्। सुन्दा अचम्म लाग्न सक्छ तर यस काममा उनी धेरै अघि बढिसकेका छन्। मस्कले केही समयभित्र मानिसको दिमागमा कम्प्युटर चिप लगाउने घोषणा समेत गरेका छन्। उनको यो योजना पूर्ण रूपमा सफल भयो भने मानिसको दिमागलाई कम्प्युटरसँग जोड्न सकिनेछ।

स्पेस एक्स र मस्क

स्पेस एक्स कम्पनीबाट हाल मस्कले फाल्कन–९, फाल्कन हेभी, ड्रागन, स्टारसिप, ह्युमन स्पेसफ्लाइट, राइडसेयर, स्टारसिल्ड र स्टारलिङ्क गरी कुल आठवटा कार्यक्रम सञ्चालन गर्दै आएका छन्। स्पेस एक्सले १२औँ पटक फाल्कन–९ रकेट सफलतापूर्वक प्रक्षेपण गर्न सफल भएको थियो। त्यसपछि फाल्कन–९ पृथ्वीमा फर्कियो, जुन आफैँमा कीर्तिमान हो।

फाल्कन–९ लाई फ्लोरिडाको केप क्यानाभेरल स्पेस स्टेसनबाट सन् २०२२ मार्च १९ मा पृथ्वीको तल्लो कक्षमा प्रक्षेपण गरियो। यो रकेटले स्पेस एक्सको स्टारलिङ्क







हालसम्मको शक्तिशाली रकेट मानिएको फल्कन हेभी पहिलो पटक सन् २०१८ फेब्रुअरी ७ मा प्रक्षेपण गरियो । अमेरिकाको फ्लोरिडामा रहेको केनेडी स्पेस सेन्टरमा रहेको स्पेस सेन्टरबाट 'फाल्कन हेभी' प्रक्षेपण गरिएको थियो ।

इन्टरनेटको ५३ थान स्याटेलाइट बोकेको थियो । हालसम्मको शक्तिशाली रकेट मानिएको फल्कन हेभी पहिलो पटक सन् २०१८ फेब्रुअरी ७ मा प्रक्षेपण गरियो । अमेरिकाको फ्लोरिडामा रहेको केनेडी स्पेस सेन्टरमा रहेको स्पेस सेन्टरबाट 'फाल्कन हेभी' प्रक्षेपण गरिएको थियो ।

मान्छेलाई मङ्गल ग्रहमा लैजाने महत्त्वाकाङ्क्षी योजना बोकेका अमेरिकी रकेट निर्माता कम्पनी स्पेस एक्सका मालिक मस्कले अन्तरिक्ष यात्रीलाई चाहिने आवश्यक सामग्री अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा आफ्ना रकेटद्वारा आपूर्ति गर्दै आएका छन् । सो कम्पनीले फाल्कन–९ र ड्रागन कार्गो क्याप्सुलबाट सामग्री इन्टरनेसनल स्पेस स्टेसनमा लैजाने गरेको छ । मानिसलाई अन्तरिक्षमा भ्रमण गराउने योजनाअन्तर्गत रकेटको परिकल्पना गरी स्टार सिपको निर्माणमा समेत उनी लागेका छन् ।

मङ्गल ग्रहमा पठाउनका लागि स्पेस एक्स कम्पनीले बनाएको स्टारसिप रकेटको पहिलो परीक्षण असफल भएको छ । अमेरिकी राज्य टेक्सासको दक्षिणी क्षेत्रबाट स्थानीय समयअनुसार सन् २०२३ अप्रिल २० (वैशाख ७ गते) बिहान ८:३३ बजे स्टारसिपको उडान परीक्षण गरिएको थियो । यस रकेटको लम्बाइ हालसम्म सबैभन्दा धेरै एक सय २० फिट थियो ।

स्पेस एक्सका अनुसार मानवरहित रकेट ३९ किलोमिटर माथि पुगेर विस्फोट भयो । यो रकेट परीक्षणका क्रममा करिब ९० मिनेटसम्म टिक्ने अनुमान थियो तर रकेट चार मिनेटमा विस्फोट भएको थियो । ▪

हटेन बालविवाह



चाँदनी हमाल

प्रकृतिले मानिसलगायत संसारका हरेक जीवजन्तु, वनस्पति सिर्जनालाई फुल्न–फल्न समय निर्धारण गरेको छ। जसरी कोमल पालुवा हुर्केर परिपक्व हुन र त्यसमा फल लाग्न समय लाग्छ त्यसैगरी शारीरिक र मानसिक रूपले परिपक्व हुन बालबालिकाले पनि एउटा उमेर तय गर्नुपर्छ। स्वभावले प्रकृतिमा रमाउने चञ्चल पुतलीजस्तै अनि काँचो माटोको नयाँ भाँडाजस्तै हुन् बालबालिका तर गुलाफको काँडाले पुतली मरेसरह वा नसुक्दै फुटेको माटोको भाँडोजस्तै कलिलो उमेरमै बालविवाहको जालोमा परेर नेपालका कतिपय बालजीवन ओइलाउन बाध्य छन्।



कानुनले बालिग भने पनि विवाहको उमेर २० वर्ष तोकिएकाले १९ वर्षसम्मको उमेर पनि विवाहका लागि बन्देजपूर्ण समय हो तर १८ देखि २० छुनेबित्तिकै भएका विवाहको सङ्ख्या पनि बढी छ।

भर्खरै सार्वजनिक भएको राष्ट्रिय जनगणना–२०७८ को तथ्याङ्कले त्यस्तै बालविवाहको भयावह तस्बिर चित्रण गरेको छ। नेपालको पारिवारिक कानुनको दस्तावेज मुलुकी देवानी संहिता–२०७४ को प्राकृतिक व्यक्तिसम्बन्धी व्यवस्थाअनुसार १८ वर्ष उमेर पूरा भएको कुनै पनि व्यक्ति बालिग हुन्छ। यस अर्थमा १८ वर्षमुनिका नाबालिग हुन्। विवाहको हकमा भने कानुनी रूपले सक्षम भएको दुई वर्षपछि अर्थात् २० वर्ष उमेर पुगेको हुनुपर्ने दफा ७० को उपदफा 'घ' मा स्पष्ट व्यवस्था गरिएको छ। यस कानुनअनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गरेमा कानुनी कारबाहीको भागिदार हुनुपर्छ तर नेपालमा २० वर्षभन्दा कम उमेरमा मात्र हैन बालविवाहको अभ्यासमा लगाम लागेको छैन।

नेपालको संविधानले मौलिक हकको धारा ३९ मा बालबालिकाको हकअन्तर्गत उपधारा ५ अनुसार कुनै पनि बालबालिकालाई बालविवाह गर्न नपाउने व्यवस्था छ। यसरी मूल संहिताको उल्लङ्घन गर्दै बालविवाह गर्ने–गराउने जमात सक्रिय रहेको देखिन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्लेषणअनुसार नेपालको कुल जनसङ्ख्यामध्ये ४७ लाख ५५ हजार ३३० जनाको १७ वर्षको नाबालिग उमेरभित्र विवाह भएको छ। जसमध्ये ५४ हजार ३४८ जनाको १० वर्षभन्दा कम उमेरमै विवाह भएको देखिन्छ। त्यस्तै १० देखि १४ वर्ष उमेरभित्र ११ लाख २५ हजार २०५ जना वैवाहिक सम्बन्धमा बाँधिएका छन्। सबैभन्दा धेरै १५ देखि १७ वर्षको उमेरभित्र ३५ लाख ७५ हजार ७७७ जनाको बालविवाह भएको छ।

कानुनले बालिग भने पनि विवाहको उमेर २० वर्ष तोकिएकाले १९ वर्षसम्मको उमेर पनि विवाहका लागि बन्देजपूर्ण समय हो तर १८ देखि २० छुनेबित्तिकै भएका विवाहको सङ्ख्या पनि बढी छ। यो उमेर समूहमा ५५ लाख ११ हजार ६२६ जनाको विवाह भएको छ। यसरी विवाह गर्नेमा बालकको तुलनामा बालिकाको सङ्ख्या बढी छ।

दसभन्दा कम उमेर समूहदेखि १७ वर्षभित्रका ३६ लाख ६० हजार ८८ जना बालिकाको बालविवाह भएको छ। बालिग भएलगत्तैको १८ देखि २० वर्षभित्र बिहे हुने किशोरीको समूह पनि किशोरको भन्दा बढी छ। जसअनुसार किशोरवयबाट उक्लँदै गर्दा ३१ लाख ९३ हजार ६२० जनाको विवाह भएको छ।

परिवार नै बालविवाहको पक्षमा

खेलकुद र किताबमा रमाउने उमेरमा धेरै बालबालिका जानाजान र अन्जानमा बालविवाहको फन्दामा परिरहेका भेटिन्छन् । चितवनको कोराक किरानटारकी सीता प्रजाको १७ वर्षको उमेरमा विवाह भयो । यतिबेला २५ वर्ष नपुग्दै उहाँ तीन सन्तानकी आमा भइसकेकी छन् । हलक्क बढेपछि बिहे गर्ने बेला भएको ठानेर आमा–बाले बिहे गरिदिएको उनको भनाइ छ ।

उनीसरह अनिता प्रजाको १६ वर्षमै बिहे भयो । दुई सन्तान जन्मिसके, बल्ल उनी २० वर्ष लाग्दै छिन् । लेखपढ र खेलकुद गर्ने उमेरमा उनी काखे नानी च्यापेर गाउँमा बाँढिने सहयोग लिन सकिनसकी जाने गर्छिन् ।

उनी भन्छिन्, "खानेकुरा पाइँदैन यहाँ । कसैले ल्याइदिए अलिक दिन मिठो खान पाइन्छ ।"

बालविवाह तोडेर बालिकालाई घर वा स्कुल फर्काउनु ठूलो चुनौती रहेको खाद्यान्न तथा अरू सहयोग पुऱ्याउन त्यहाँ पुगेकी समाजसेवी सिरलाल परियारले बताइन् ।

चेपाङ समुदायकै अमृता चेपाङको अघिल्लो महिना १४ वर्षकै उमेरमा विवाह भयो । चेपाङ समुदायमा छोरीको सानै उमेरमा विवाह गरिदिए घर गरी खान सजिलो हुने मान्यताकै कारण उनको विवाह भयो । उमेर भएपछि बिहे गर्नुपर्छ भनेर घरपरिवार र आफन्तको करकापमा ६ कक्षा पढ्दै गरेको बेला उनको बिहे भएको थियो ।

हालको राप्ती नगरपालिका–११, सिमलडाँडा गाउँमै केही दिनअघि एउटी महिलाको सुत्केरी अवस्थामै मृत्यु भयो । सानै उमेरमा बिहे गरेर तीन सन्तान जन्माएकी अस्मिता चेपाङले घरमै सुत्केरी गराउने क्रममा रक्तस्रावका कारण ज्यान गुमाउनु पऱ्यो, यसका कारण विविध हुन सक्छन् तर एक मुख्य कारण हो सानो उमेरमै विवाह हुनु ।





चेपाङ समुदायमा छोरीको सानै उमेरमा विवाह गरिदिए घर गरी खान सजिलो हुने मान्यताकै कारण अमृता चेपाङको विवाह भयो ।

१९ वर्षभित्रै दुई बच्चा

बालविवाह भएका बालिकामध्ये धेरैजसोले १९ वर्षभित्र नै दुई बच्चा जन्माइसकेको पुष्टि जनगणनाले गरेको छ । जनगणनाअघिको एक वर्षको अवधिमा सो उमेरमा विवाह भइसकेका दुई लाख १३ हजार ३२० बालिकामध्ये ३६ हजार ८०१ जनाले सो उमेरमा एक बच्चा जन्माइसकेको र एक सय ९२ बालिका दुई बच्चाको आमा भइसकेको देखिएको छ । सो उमेरमा बिहे भएकाहरूमध्ये धेरैले २९ वर्षभित्र कम्तीमा चार सन्तानलाई जन्माइसकेको पाइएको छ ।

यो तथ्याङ्कको तुलनात्मक



अध्ययन गर्दा जनसङ्ख्याको हिसाबले सहरका बालिका धेरै आमा बनेको देखिन्छ। सहरी क्षेत्रमा १५ देखि १९ वर्ष उमेर समूहका २० हजार ७२१ बालिका एक बच्चाको आमा भएको देखिन्छ। त्यस्तै अरू एक सय दुई जनाले दुई बच्चा जन्माइसकेको भेटिएको छ। सोही उमेर समूहमा गाउँका १६ हजार ८० बालिका एक बच्चा तथा ९० जनाले दुई बच्चा जन्माइसकेको देखिन्छ।

प्रजनन उमेर १५ देखि ४९ वर्षभित्र एक वर्षको अवधिमा चार लाख १२ हजार ९३५ बालबालिकाको जीवित जन्म भएकोमा जन्मेका बालबालिकामध्ये बालिकाको सङ्ख्या कम छ। कुल सङ्ख्यामा दुई लाख १८ हजार ७४ बालक र एक लाख ९४ हजार ८६१ बालिका छन्।

सोही अनुपातसँग तुलना गर्दा १५ देखि १९ वर्षका बालिकाले जीवित जन्माएका ३७ हजार १८५ बालबालिकामध्ये १९ हजार ३४ बालक र १८ हजार १५१ जना बालिका छन्।

भौगोलिक रूपमा हेर्दा आमा बन्नेको सङ्ख्या तराई क्षेत्रमा १९ वर्षमुनिका बढी छन्। यो उमेरभित्र एक लाख

विश्वमा डिभोर्सको दर

१.	भारत	१ प्रतिशत
२.	भियतनाम	७ प्रतिशत
३.	ताजकिस्तान	१० प्रतिशत
४.	इरान	१४ प्रतिशत
५.	मेक्सिको	१७ प्रतिशत
६.	इजिप्ट	१७ प्रतिशत
७.	दक्षिण अफ्रिका	१७ प्रतिशत
८.	ब्राजिल	२१ प्रतिशत
९.	टर्की	२५ प्रतिशत
१०.	कोलम्बिया	३० प्रतिशत
११.	पोल्यान्ड	३३ प्रतिशत
१२.	जापान	३५ प्रतिशत
१३.	जर्मनी	३८ प्रतिशत
१४.	इङ्ग्ल्यान्ड	४१ प्रतिशत
१५.	न्युजिल्यान्ड	४१ प्रतिशत
१६.	अस्ट्रेलिया	४३ प्रतिशत
१७.	चीन	४४ प्रतिशत
१८.	अमेरिका	४५ प्रतिशत
१९.	दक्षिण कोरिया	४६ प्रतिशत
२०.	डेनमार्क	४६ प्रतिशत
२१.	इटाली	४६ प्रतिशत
२२.	क्यानडा	४७ प्रतिशत
२३.	नेदरल्यान्ड्स	४८ प्रतिशत
२४.	स्विडेन	५० प्रतिशत
२५.	फ्रान्स	५१ प्रतिशत
२६.	बेल्जियम	५३ प्रतिशत
२७.	फिनल्यान्ड	५५ प्रतिशत
२८.	क्युबा	५५ प्रतिशत
२९.	युक्रेन	७० प्रतिशत
३०.	रुस	७३ प्रतिशत
३१.	लक्जेम्बर्ग	७९ प्रतिशत
३२.	स्पेन	८५ प्रतिशत
३३.	पोर्चुगल	९४ प्रतिशत



सुर्खेत, रुपन्देही, काठमाडौँ उपत्यका, महोत्तरी, सुनसरी, सप्तरी, झापा जिल्लामा पनि पाँच हजारभन्दा बढी सङ्ख्यामा १९ वर्षमुनिका बालिका आमा बनेका छन्। सबैभन्दा कम मनाङमा बालविवाह भएको छ। त्यहाँ २० मध्ये चार र मुस्ताङका ४१ मध्ये ६ जना १९ वर्षमुनिका आमा देखिएका छन्।

बालविवाहले निम्त्याएको मातृमृत्यु

जनगणनासँगै एकीकृत रूपमा भएको मातृमृत्युको अध्ययनले प्रजनन उमेर अवधि १५–४९ वर्षभित्रमा मृत्यु भएका कुल १२ हजार ९७६ आमामध्ये छ सय ५३ अर्थात् पाँच प्रतिशत महिलाको मृत्युको कारण गर्भावस्थासँग सम्बन्धित रहेको छ।

स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको अध्ययनअनुसार मातृमृत्यु भएका ३३ प्रतिशत महिलाको गर्भावस्थामा, छ प्रतिशतको प्रसव अवस्थामा र ६१ प्रतिशतको मृत्यु सुत्केरी अवस्थामा भएको छ। जसमध्ये ४७ प्रतिशत मातृमृत्यु लुम्बिनी र मधेश प्रदेशमा देखिएको छ। जहाँ बालविवाहको दर उच्च देखिएको छ।

उमेरगत हिसाबले हेर्दा १५ देखि १९ वर्ष उमेरका आमाको मृत्यु दर १०.३ प्रतिशत छ। सबैभन्दा बढी २० देखि २४ वर्ष उमेर समूहका २९.७ र २५ देखि २९ वर्ष उमेर समूहका २८.६ प्रतिशत मातृ मृत्युदर रहेको छ।

कुनै पनि बालिकाको शरीर २० वर्षअघि बच्चा

“जिल्लागत रूपमा सबैभन्दा धेरै रौतहटका आठ हजार ६३० बालिकाले कलिलो उमेरमा बच्चा जन्माएका छन्। त्यस्तै अनुपातमा धनुषाका बालबालिकाको सानै उमेरमा विवाह भएर बच्चा जन्मेको अवस्था छ।”

१३ हजार ३८५ बालिका आमा बनेका छन्। जसमध्ये १७ हजार ८४९ जनाले पहिलो बच्चा र ८९ जनाले सोही उमेरमा दोस्रो बच्चा जन्माएका छन्। तराईपछि पहाडका ८४ हजार ३७३ बालिका कलिलो उमेरमा आमा बनेको देखिन्छ। जसअनुसार १५ हजार ८२३ ले सो उमेरभित्र एक बच्चा र ८६ जनाले दुई बच्चा जन्माइसकेका भेटिए।

जन्मदर कम भएका हिमाली क्षेत्रमा पनि बालिका आमा बन्ने चित्र ठूलो छ। हिमालमा १५ हजार ५६२ बालिका कलिलो उमेरमा आमा बनेका छन्। यीमध्ये तीन हजार १२९ जनाले एक बच्चा र १७ जनाले १९ वर्षभित्र दुई बच्चा जन्माइसकेको देखिन्छ।

जिल्लागत रूपमा सबैभन्दा धेरै रौतहटका आठ हजार ६३० बालिकाले कलिलो उमेरमा बच्चा जन्माएका छन्। त्यस्तै अनुपातमा धनुषाका बालबालिकाको सानै उमेरमा विवाह भएर बच्चा जन्मेको अवस्था छ। तराईका सर्लाही, सिरहा, मोरङ, दाङ, कैलालीमा छ हजारभन्दा बढी बालिका आमा बनेको जनगणनाले देखाउँछ।

सामाज्यवादको होड थियो

प्रथम विश्वयुद्ध

प्रथम विश्वयुद्ध देशहरूबीचको लडाइँ मात्र थिएन, यो साम्राज्यवादीबीच वर्चस्वको सङ्घर्ष पनि थियो। बेलायत, फ्रान्सजस्ता पश्चिम युरोपका साम्राज्यवादीको विश्वमा अन्यत्र कैयौँ उपनिवेश थिए भने अस्ट्रिया–हङ्गेरी र रुसजस्ता पूर्वी युरोपका साम्राज्यवादीले जमिन जोडिएका युरोपेली तथा उत्तर एसियाली क्षेत्रहरूमा आफ्नो शासन सञ्चालन गरिरहेका थिए।

सन् १९१४ जुलाई २८ मा आर्कड्युक फर्डिनान्डको हत्या भयो, जो एक साम्राज्यवाद विरोधी हत्या थियो। बोस्निया हर्जगोभिनामाथि अस्ट्रिया–हङ्गेरीले कब्जा



जन्माउनका लागि स्वास्थ्यका हिसाबले योग्य मानिन्न । त्यसैले त्यो उमेर पहिले विवाह गर्नै नहुने प्रसूतिरोग विशेषज्ञ डा. विमला मल्लको सुझाव छ । उनका अनुसार बालबालिकाले एकअर्कालाई मन परायो भन्दैमा वा विदेश पठाउने बहानामा सहरी भेगमा बढी बालविवाह भएको पाइन्छ । गाउँघरमा सामाजिक प्रचलनका आधारमा यस्तो विवाह हुन्छन् ।

सानै उमेरमा विवाह हुँदा स्वास्थ्यसँगै मानसिक तनाव झेल्नुपर्ने हुन्छ । डा. मल्लको भनाइ छ, "विवाहपछि कम उमेरमा गर्भावस्थाले शारीरिकसँगै पारिवारिक झन्झट बेहोर्नुपर्छ । जुन उमेरका हिसाबले उनीहरूले सम्हाल्नै सक्दैनन् ।"

बालविवाहपछि गर्भावस्थामा आइपर्ने समस्या गाउँका बालिकाले बढी खेप्नुपर्छ । उपचारमा पहुँचको अभावले धेरै गर्भवतीले रक्तस्राव र गर्भावस्थाका अन्य समस्याले ज्यान गुमाउनुपर्ने अवस्था आउँछ । जन्मने बच्चा पनि सानो, अस्वस्थ, सुस्तमनस्थिति र सबै अङ्गको विकास नभएको अवस्थामा जन्मने सम्भावना रहन्छ । कतिपय अवस्थामा ती बच्चामा वंशाणुगत रोगसमेत देखिने भनाइ छ डा. मल्लको ।

समयमै स्वास्थ्य सेवा प्राप्त नगर्नु, समयमा पुगे पनि चिकित्सकको अभावले उपचार नपाउनु, पोषणको अपर्याप्तता र स्याहारसुसारको कमीजस्ता अनगन्ती समस्या



हेलिकोप्टरबाट उद्धार गरी काठमाडौँ ल्याइएका धेरैजसो सुत्केरीका श्रीमान् कलिलो उमेरका हुने हुँदा उनीहरूलाई बुझाउनै कठिन हुने गरेको उनको अनुभव छ ।

बालविवाहका पीडितले बेहोर्नु पर्दछ । डा. मल्ल भन्छिन्, "आफ्नो ख्याल राख्न सक्षम भइनसकेको बालकले आफ्नी बालिका पत्नीको स्याहार गर्न सक्ने कुरै भएन ।"

आफ्नो भविष्य सुरक्षित नगरी आमा–बाबु बनेकाले उनीहरूको आर्थिक आधार पनि निकै कमजोर हुन्छ । त्यो सुधार गर्ने अवसर गाउँघरमा हुँदैन । सहरमा रहेकाले पनि काम गरेर कमाएको रकम खान, लाउनमै सकिन्छ । बालस्वास्थ्य, मातृ स्वास्थ्य र उमेरजन्य वृत्ति विकास भनेको उनीहरूका लागि सपनाजस्तै हुने गर्छ ।

हेलिकोप्टरबाट उद्धार गरी काठमाडौँ ल्याइएका धेरैजसो सुत्केरीका श्रीमान् कलिलो उमेरका हुने हुँदा उनीहरूलाई बुझाउनै कठिन हुने गरेको उनको अनुभव छ ।

गाउँमा भन्दा सहरमा बढ्यो बालविवाह

जनगणनाको तथ्य विश्लेषणले नेपालका ग्रामीण भेगमा भन्दा सहरी भेगमा बढी बालविवाह भएको देखाएको छ । सहरी क्षेत्रमा १० भन्दा कम उमेरदेखि १७ वर्ष उमेरभित्र ३० लाख ५२ हजार ९७८ बालविवाह भएको पाइएको छ । गाउँको तुलना गर्दा यही उमेर समूहका १७ लाख तीन हजार ३५२ बालविवाह भएको छ । दुवै क्षेत्रमा बालकभन्दा बालिकाको विवाह दर दोब्बर छ ।



गरेपछि क्रुद्ध यङ बोस्निया समूहका सदस्यले सो हत्याको योजना बनाएका थिए ।


विश्वमा आफ्नो साम्राज्य विस्तार गर्ने युरोपेलीहरूबीचको तीव्र प्रतिस्पर्धाले नै प्रथम विश्वयुद्धको मञ्च तयार पारेको थियो । यसैकारण युद्ध सकिएको केही समयमै रुसी, जर्मन, अस्ट्रिया–हङ्गेरी र ओटोमन साम्राज्य समाप्त भएका थिए ।

जतिबेला प्रथम विश्वयुद्ध सुरु भएको थियो त्यतिबेला अफ्रिकी महादेशमा लगभग सबै क्षेत्रमा ब्रिटेन, जर्मनी, फ्रान्स, इटाली, बेल्जियम, स्पेन वा पोर्चुगलको अधिपत्य थियो । लगभग ती उपनिवेश सन् १८८० पछि स्थापना गरिएका थिए । ■

–युवामञ्च

भूगोलका आधारमा तराईमा बालविवाह बढी

भौगोलिकताका आधारमा हेर्दा तराई भेगमा बढी बालविवाह भएको छ ।



यस क्षेत्रमा १० वर्षमुनिदेखि १७ वर्ष उमेरसम्मको समूहमा तराईमा २७ लाख ३१ हजार ९६८ जनाको बालविवाह भएको पाइएको छ । त्यसपछि पहाडी भेगमा १७ लाख ५३ हजार ६४२ जनाको बालविवाह भएको जनगणनामा उल्लेख छ । कम जनसङ्ख्याको अनुपातमा हिमाली भेगमा कम बालविवाह देखिएको छ । हिमालमा दुई लाख ६९ हजार ७२० जनाको बालविवाह भएको छ । तीनै भेगमा बालकको तुलनामा बढी बालिकाको विवाह भएको छ ।

विश्वको उच्च दशको सूचीमा नेपाल

सन् २०१९ को तथ्याङ्कका आधारमा हेर्दा विश्वमा बालविवाह हुने शीर्ष दस देशमा नेपाल पर्दछ। एसियामा चाहिँ नेपाल तेस्रो छ। नेपालमा बालक र बालिकाको उत्तिकै दरमा बालविवाह भएको पाइएको युनिसेफको सन् २०१९ को प्रतिवेदनले पुष्टि गर्छ ।

सन् २०१९ मा विश्वमा कुल ७६ करोड ५० बालबालिकाको विवाह भएको छ । त्यसमा धेरै बालिका छन् । उमेरका हिसाबले २४ वर्ष उमेर पुगेका विवाहित पाँच महिलामध्ये एक जनाको १८ वर्षभन्दा कम उमेरमा विवाह भएको छ । त्यस्तै ३० पुरुषमध्ये एकको बालविवाह भएको देखिन्छ । बालविवाह भएकामध्ये १६ प्रतिशले कलिलो अवस्थामै बच्चा जन्माइरहेको एक तथ्याङ्कमा उल्लेख गरिएको छ। सो अध्ययनअनुसार ५० प्रतिशत बालविवाह दक्षिण एसियामा भएको पाइन्छ। बालविवाह भएकाहरू निम्न आयस्तरका परिवार, ग्रामीण क्षेत्रका र औपचारिक शिक्षा कम हासिल गरेका रहेका छन् ।

बालविवाह एक अपराध

नेपालको संविधानको मौलिक हकले धारा ३८ अनुसार महिलाको हकको उपधारा २ मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व, प्रजनन र स्वास्थ्यसम्बन्धी हक हुने व्यवस्था गरेको छ तर बालविवाहले यी हक प्रत्यक्ष प्रभावित बनेका छन् । उमेर अगावै भएका विवाहले महिला हिंसासमेत बढाएको छ । सोही हकको उपधारा ३ मा उल्लेख भएअनुसार महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसात्मक कार्य वा शोषण गर्न पाइँदैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय मानिएको छ ।


विशेषगरी तराई भेगमा छोरीको मात्र हैन छोराकै पनि बाल्यावस्थामै विवाह गरिदिने परम्परा अझै पनि अभ्यासमा रहेको देखिन्छ । केही वर्गले यस परम्परामा अङ्कुश लगाए पनि बालविवाह समाजबाटै पक्षपोषित रहेको पाइन्छ ।

उमेर नपुग्दै हुने विवाह अपराध मानिए पनि त्यस कार्यलाई अपराध हो भन्ने थाहा नपाएरै पहाडी भेगका चेपाङ समुदायमा बालविवाहको चलन अझै नहटेको मकवानपुर राक्सिराङका शिक्षक कर्णबहादुर प्रजा बताउँछन् । उनी भन्छन्, "पहिले–पहिले नौ–दस वर्षमै बिहे गर्थे अहिले १४–१५ वर्षको उमेरमा बढी विवाह हुने गरेको छ । गाउँमा बालविवाह विरुद्धका धेरै अभियान चलाइए तर सफल हुन सकेन ।"

अझै पनि १४–१५ वर्ष लागेपछि छोरीको विवाह गरिसक्ने

सबैभन्दा धेरै मधेशमा बालविवाह

सात प्रदेशको प्रदेशगत बालविवाहको तथ्य केलाउँदा सबैभन्दा बढी मधेश प्रदेशमा २५ प्रतिशत बालविवाह देखिएको छ। बालविवाहको दर हेर्दा दोस्रोमा लुम्बिनीमा १९, तेस्रोमा बागमती प्रदेशमा १७ प्रतिशत रहेका छन्।



त्यस्तै कोशीमा १४ प्रतिशत, गण्डकी प्रदेशमा १०, सुदूरपश्चिम प्रदेशमा ८ र कर्णाली प्रदेशमा ७ प्रतिशत बालविवाह देखिएको छ।

ध्याउन्नमा आमाबुबा रहेको देखिन्छ। उनीहरूमध्ये सन्तान जन्माउन नसकेर कतिपयको ज्यान जाने, कतिपयबाट मरेको बच्चा जन्मने गरेको चितवनका अभियन्ता केपीकिरण शर्मा बताउँछन्।

बालशिक्षाको अवधारणा पछ्याउँदै उनले आर्थिक अवस्था निकै कमजोर रहेका चेपाङ बालबालिकालाई खोजी–खोजी छात्रावासमा राखेर पढाउने व्यवस्थासमेत गरेका छन्। उनी भन्छन्, "घर पठाएका बालबालिकाको बिहे गरिदिने हुन् कि भन्ने मनमा सधैँ डर हुन्छ।"

के भन्छ प्रहरीको तथ्याङ्क

प्रहरीको त्रिवर्षीय अध्ययनले देशका ५० जिल्लामा बालविवाहको मुद्दा दर्ता भएको देखाएको छ।

प्रदेशगत तवरमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा ५३ मुद्दा दर्ता भएका छन्। दोस्रोमा मधेश प्रदेशमा ४५ प्रतिशत, तेस्रोमा कर्णालीमा ३० प्रतिशत मुद्दा दर्ता भएको देखिन्छ। बढी साक्षर जनसङ्ख्या रहेको बागमती प्रदेशमा २८ प्रतिशत मुद्दा दर्ता भए। यसैगरी कोशी प्रदेशमा २१, सुदूरपश्चिम प्रदेशमा १३ र गण्डकी प्रदेशमा १० प्रतिशत मुद्दा दर्ता भएका छन्। काठमाडौँ उपत्यकामा छुट्टै ९ प्रतिशत बालविवाहका मुद्दा दर्ता भएको छ। यसरी विवाह भएकामध्ये सबैभन्दा बढी ११ देखि १६ वर्ष उमेर समूहका ६४.९ प्रतिशत छन्। त्यसपछि बालविवाहको दर १७ देखि २० वर्षभित्रका ३२.६ प्रतिशत र १० वर्षमुनि उमेरका ०.५५ प्रतिशत छ।

बालविवाहविरुद्धको रणनीति नै परिवर्तन गर्नुपर्ने

बालविवाहविरुद्ध नेपाल सरकार, अन्तर्राष्ट्रिय सरोकारवाला र गैरसरकारी निकायले संयुक्त पहल गरेको दशकौँ बित्यो तर सोचेजस्तो प्रगति हासिल गर्न सकिएको छैन।

बालअधिकारलाई सम्बोधन गर्ने सिद्धान्तहरू बालबचाऊ र विकास तथा बालसंरक्षण, अर्थपूर्ण सहभागिता, राज्यको दायित्व, समानताको अधिकार, बालबालिकाको सर्वोत्तम हितलाई सम्बोधन गर्न सरकारले बालविवाहविरुद्धको रणनीति– २०७२ ल्याएको छ तर यो हाल प्रचलित कानुनभन्दा पहिले नै ल्याएकाले कार्यान्वयनमा आउन सकेन। यसले बालविवाहविरुद्धको अभियान फितलो रहेको देखाउँछ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता यमलाल भुसालका अनुसार यो रणनीति पुनरवलोकन गर्नुपर्ने अवस्था छ। बालविवाह न्यूनीकरण गर्न मन्त्रालयले सचेतनाका कार्यक्रम गर्दै आए पनि त्यो पर्याप्त नभएकाले परिमार्जनसहित अघि बढ्नुपर्ने महसुस गरिएको छ।

जनगणनाको तथ्यले सार्वजनिक गरेको बालविवाहको नयाँ चित्रको अध्ययन गरेर रणनीति पुनरवलोकन गरिने जानकारी उनले दिएका छन्। बालविवाहका कारण बालबालिकाको सामाजिक, आर्थिक, शैक्षिकलगायतका अधिकार हनन भएका छन्। उनी भन्छन्, "त्यो मात्र हैन विवाह दर्ता गराउन, जन्मेको बच्चाको जन्मदर्ता गराउन र सरकारी नीतिअनुसारका सेवा सुविधा दिन पनि समस्या छ।"

नेपालले दिगो विकासको लक्ष्य भेट्न रणनीतिक योजना र नीतिगत स्पष्टताको बाटो नअपनाएसम्म बालविवाहको जालोमा कलिला बालबालिकाको भविष्य जेलिरहने देखिन्छ। समुदायमा सचेतनासँगै शिक्षा र रोजगारीमा पहुँच बढाउन आगामी बजेट र सरकारको नीतिअनुसार कार्यान्वयनमा जानुको विकल्प देखिन्न। त्यस्तै अभियान चाल्ने सङ्घसंस्थाले पनि बालविवाहलाई कानुनको दायरामा ल्याउन पहल गरी अभिभावकलाई समेत जिम्मेवार बनाउन जरुरी देखिन्छ। ■

गोविन्द गिरी प्रेरणा




नेपाली साहित्यमा गोविन्द गिरी प्रेरणा सक्रिय स्रष्टाका रुपमा परिचित छन् । उनी साहित्य सर्जक, साहित्यिक अभियन्ता, पत्रकार र कुशल पाठक पनि हुन् । लामो समय त्रिभुवन विश्वविद्यालयमा काम गरेका उनी हाल अमेरिकाको फल्स चर्च, भर्जिनियामा बस्दै आएका छन् । अमेरिकामा बिमा व्यवसायमा संलग्न गिरी छ/छ महिनामा नेपाल आउजाउ गरिरहने भएकाले यतै भएको जस्तो अनुभूति गराइरहन्छन् । अमेरिकाबाट 'विश्व-परिक्रमा' नामक पाक्षिक पत्रिका केही वर्ष प्रकाशन गरेका गिरीले यसलाई हाल डिजिटल भर्सनमा प्रकाशन गर्दै आएका छन् । नेपाली साहित्यमा कविता, कथा, उपन्यास, निबन्ध, नियात्रालगायतका विधामा कलम चलाएर अन्तराल, उत्खनन, घोराही शून्य किलोमिटर, छड्के तिलहरी, टुप्लुक्क टोकियो, पाउली बुलु, दुई दशकका चिन्तन, गन्तव्य गणबहाल, कोभिड-१९ लगायत दुई दर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका गिरीको पछिल्लो औपन्यासिक कृति 'सुश्री पारिजात' निकै चर्चामा रहेको छ । उनले नेपालमा मात्र नभएर अमेरिकाको घरमा पनि पुस्तकालय खडा गरेका छन् । उनी भन्छन्, "म पुस्तकबिनाको जीवन सोच्न पनि सक्दिनँ । दुनियाँमा निरक्षर पनि छन् र तिनका लागि पुस्तकको महत्व नहोला तर साक्षार व्यक्तिका लागि उसको जीवनमै अविभाज्य रुपमा रहेको हुन्छ ।"

अहिलेसम्मको जीवनमा हजारौं पुस्तक पढिएको सन्दर्भ उल्लेख गर्दै उनी भन्छन्, "यौटा सानो मुक्तक वा हाइकुले समेत तत्समयमा प्रभाव पारेको हुन्छ तर समयक्रममा अझै प्रभाविला किताबले अगाडिकालाई छोप्दै जान्छन् ।"


पुस्तकलाई सिरान हालेर वा ओछ्यानमा राखेर मात्र नपढिने र आफ्नो रुचिअनुसार जहाँ बसेर सहज हुन्छ, सोहीअनुसार पढ्नु उनी राम्रो मान्छन् । पौराणिक पुस्तकको बेग्लै कुरा भयो, अन्य पुस्तकको हकमा एकपछि अर्को राम्रो पुस्तक आउँछ र चर्चा कमाउँछ । त्यसले अघिल्लो राम्रो भनिएकोलाई अलि छायामा पारिदिन्छ । यसरी नै पुस्तकको महत्व बढिरहेको हुन्छ भन्छन् गिरी । कति पुस्तकले अघिल्लो पुस्तकले पारेको छापलाई ब्युँताइदिन्छन् पनि । गिरीले पछिल्लो समयमा पढेका पाँच पुस्तकका बारेमा यसरी प्रकाश पारेका छन् :

गालिबः छुटी शराव




भारतीय लेखक रवीन्द्र कालियाको यो किताब हिन्दीभाषी साहित्यकार बारेको संस्मरण हो । एक प्रकारको आत्मकथानात्मक भन्दा पनि हुन्छ । यसमा हिन्दी साहित्यकारहरूको आनीबानी, चरित्र, लेखनका कुरा, आपसी विवाद र द्वन्द्वलगायत सबै खुलस्त भएकाले निकै रोचक छ । त्यति हुँदाहुँदै पनि उनीहरूको साहित्यिक कर्मप्रतिको निष्ठा र लगावको पनि निकै मिहिन चित्रण छ । शीर्षकमा शराव अर्थात् मदिरा शब्द भएअनुसार लेखकको मदिरापानको पनि उदात्त र रोचक वर्णन गरिएको छ ।

एक्लो




'कर्णाली ब्लूज'बाट नाम कमाएका बुद्धिसागरको 'एक्लो' तेस्रो उपन्यास हो । यसमा सुदूरपश्चिमबाट काठमाडौँ पढ्न आएर पनि लन्ठु बनेको एक पात्रलाई 'एक्लो' भनिएको छ । काठमाडौँका डेरावालको जिन्दगी र घरबेटीसँगको सम्बन्ध अनि बाँच्नका लागि गरिएको सङ्घर्षको कथा छ । यो उपन्यास पढिरहँदा २०४५ सालमा प्रकाशित मेरो आफ्नै उपन्यास 'उत्खनन'को झल्झली सम्झना आइरह्यो ।

वी होल्ड द ड्रिमर्स



क्यामरुनको लिम्बे सहरमा जन्मेर डेढ दशकभन्दा बढी समयदेखि अमेरिकालाई कर्मभूमि बनाएकी आप्रवासी लेखिका इम्बोलो बुएको पहिलो उपन्यास कृति 'वी होल्ड द ड्रिमर्स' निकै पठनीय छ । पेन फकनर अवार्ड विजेता यस उपन्यासलाई न्युयोर्क टाइम्सले सन् २०१६ को उल्लेखनीय कृति मानेको थियो । यसमा क्यामरुनबाट अमेरिका आएर ग्रिनकार्डका लागि सङ्घर्ष गरिरहेको र पछि क्यामरुन नै फिर्ता गएको परिवारको कथा छ । अमेरिकी सपनाले थिचिएका आप्रवासीको मनोदशा तथा अमेरिकाप्रतिको आकर्षण र विकर्षण दुवै प्रकारको चित्रण छ ।

अवाक



अवाककी लेखिका गगन गिल प्रख्यात भारतीय चिन्तक/लेखक निर्मल बर्माकी पत्नी हुन् । उनको यो पुस्तक कैलाश मानसरोवर यात्रामा केन्द्रित छ । भारतबाट नेपाल हुँदै तिब्बतको बाटो कैलाश मानसरोवर जाँदाको वर्णन छ यस काव्यात्मक नियात्रा पुस्तकमा । दिवङ्गत निर्मल बर्माको जडौरी लुगा कैलाश मानसरोवरमा चढाउन गएकी गगन गिलको धार्मिक आस्था र विश्वासले ओतप्रोत पुस्तकले पाठकलाई पनि कैलाश यात्राको सेरोफेरोमा पुगेको अनुभूति गराउँछ ।

वह सफर था मुकाम था कि



प्रख्यात हिन्दी साहित्यकार तथा 'हंस' पत्रिकाका सम्पादक राजेन्द्र यादवको जीवनलाई लेखिका मैत्रेयी पुष्पाले कस्तो देखिन् भन्ने वर्णन यस पुस्तकमा गरिएको छ । उनीसँग राजेन्द्र यादवको आत्मीय सम्बन्ध थियो । यादवको विवाह प्रख्यात साहित्यकार मन्नु भण्डारीसँग भएको थियो तर विवाह हुनुअघिदेखि नै उनको प्रेम अर्कैसँग थियो र विवाहपछि पनि त्यसले निरन्तरता पाइरह्यो । श्रीमती भण्डारीले राजेन्द्र यादवलाई घरबाटसमेत निकाला गरेकी थिइन् । पुस्तकमा पारिवारिक सम्बन्ध, स्त्री–पुरुषबीचको सम्बन्ध र प्रेम तथा विवाहका बारेमा रोचक वर्णन गरिएको छ । ■

प्रस्तुति : तुलसीहरि कोइराला

जमाना ‘बबल टी’को



■ आरबी बुढाथोकी



युवापुस्तामा ‘बबल टी’ को क्रेज दिनानुदिन बढ्दो छ। फेसनका रूपमा चलेको यो चिया छोटो समयमा लोकप्रिय हुँदै छ। ‘बबल टी’ अन्य चिया जस्तो तातो हुँदैन, यो चिसो पिउने हो। यो चिया ‘आइस टी’ जस्तै हुन्छ। ‘बबल टी’लाई ‘पर्ल मिल्क टी’, ‘टोपिका मिल्क टी’, ‘बोबा टी’ धेरै नामले चिनिन्छ। यो पेय पदार्थले गर्मी मौसममा शितलता प्रदान गर्छ।

‘बबल टी’ ताइवानको एक लोकप्रिय चिसो चिया हो। सन् १९८० को दशकमा यो चिया पहिलो पटक ताइवानमा सुरु गरिएको थियो। सन् १९९० को दशकमा गएर यो अमेरिका हुँदै विश्वमा

‘बबल टी’ को मुख्य सामग्री टापियोका पर्ल हो, जुन पिँडालुको पिठो (स्टार्च)बाट बनाइन्छ । यो निकै कोमल र चुइँगम जस्तो हुन्छ । यसका प्रकार ‘कफी’ या ‘टी फ्लेवर पाउडर’, ‘क्रिम फ्लेवर पाउडर’ ‘जुस फ्लेवर पाउडर’ प्रमुख हुन् ।



छाउन थाल्यो र केही वर्ष पहिले नेपालमा पनि भित्रियो ।

कतिपय देशमा ‘बबल टी’ चिसो र तातो दुवै स्वादमा तयार गरिन्छ । ‘बबल टी’ मुख्यतया दुई किसिमले तयार गरिने भए पनि पछिल्लो समय यसका प्रकार स्वाद अनुसार दर्जनौं छन् ।

‘बबल टी’ स्टेसन चलाएर सहर बजारमा गुजारा गर्नेहरू बढेका देखिन्छन् । रेस्टुराँको पेय पदार्थको मेनुमा पनि ‘बबल टी’ का अनेक प्रकार देख्न सकिन्छ ।

‘बबल टी’ को मुख्य सामग्री टापियोका पर्ल हो, जुन पिँडालुको पिठो (स्टार्च)बाट बनाइन्छ । यो निकै कोमल र चुइँगम जस्तो हुन्छ । यसका प्रकार ‘कफी’ या ‘टी फ्लेवर पाउडर’, ‘क्रिम फ्लेवर पाउडर’ ‘जुस फ्लेवर पाउडर’ प्रमुख हुन् । ‘टी हाउस’ या ‘सुपरमार्केट’ मा ‘बबल टी’ का लागि चाहिने अधिकांश सामग्री उपलब्ध रहने हुँदा स्वास्थ्यका हिसाबले यसलाई आफैँले घरमा बनाएर पिउँदा उत्तम हुन्छ । बजारमा पाइने ‘बबल टी’ मा कतिपय खतरनाक रसायन पनि प्रयोग हुने हुँदा आफ्ना बालबच्चाका लागि घरमै ‘बबल टी’ बनाएर दिनु राम्रो । आकर्षक देखाउन र प्रतिस्पर्धाका कारण ‘बबल टी’मा प्राकृतिक सामग्री कम प्रयोग हुन थालेको छ ।



'टापियोका पर्ल' हामीले खिर बनाएर खाने साबुदाना जस्तै हो । यो पिँडालुको पिठोलाई खैरो चिनीको चास्नीमा मुछेर सानो सानो बल आकार दिएर सुकाई तयार गरिएको हुन्छ । जुन हामीले पिँडालुको जराको पिठोबाट सहज रूपमा घरमै बनाउन सक्छौँ ।



कसरी बन्छ 'बबल टी' ?

'बबल टी'का लागि सर्वप्रथम कसबा (पिँडालु) पर्ललाई उम्लेको पानीमा पकाउने । मज्जाले पाकेर नरम हुनासाथ चिसो पानीले पखालेर चिस्याउने । 'ब्राउन सुगर'को चास्नी तयार गरेर उमालेको पिँडालु पर्ललाई भिजाएर राख्ने । अर्को प्यानमा आफूले इच्छाएको स्वादमा कालो चिया बनाउने ।


'कन्डेन्स मिल्क' तयारी अवस्थामा घोलेर राख्ने । उमालेको राखेको 'टापियोका पर्ल' आफूले इच्छाएको ग्लास या जारमा हाल्ने र माथिबाट बरफ हालिदिने । त्यसमा तयारी अवस्थामा राखेको कालो चिया खन्याइदिने र अन्त्यमा 'कन्डेन्स मिल्क' हालेर हल्का चलाउने ।

अब तयार भएको 'बबल टी'मा स्ट्र राखेर पिउन सकिन्छ । इच्छा भए विभिन्न फलफूलको स्वाद र 'स्विटनर' थपेर पिउन सकिन्छ ।

के हो 'टापियोका पर्ल' ?

'टापियोका पर्ल' हामीले खिर बनाएर खाने साबुदाना जस्तै हो । यो पिँडालुको पिठोलाई खैरो चिनीको चास्नीमा मुछेर सानो सानो बल आकार दिएर सुकाई तयार गरिएको हुन्छ । जुन हामीले पिँडालुको जराको पिठोबाट सहज रूपमा घरमै बनाउन सक्छौँ । तापनि यो बजारमा या चिया पसलमा सहज रूपमा प्याकेटमा पाइन्छ । जुन पिँडालुलाई सुकाएर पिठो तयार गरी पानी या चास्नीमा मुछेर तयार गरिएको हुन्छ ।

तयारी 'टापियोका पर्ल' किनेर ल्याइएको हो भने प्याकेट खोलेर कति चाहिने हो प्रयोग गरेपछि राम्ररी सिल गरेर कोठाको तापक्रममा राख्न सकिन्छ । धेरै तातो या धेरै चिसो ठाउँमा राख्नु हुन्न । बजारमा किनेको 'बबल टी' को डल्ला 'टापियोका पर्ल'को म्याद कति समयसम्म छ हेरेर मात्र किन्नु पर्छ । सामान्यतया यसको म्याद प्याक गरेको मितिले छ महिना हुन्छ । ▪



सद्दामलाई सत्ताच्युत गर्ने द्वन्द्व



रामप्रसाद आचार्य

इराकमाथि सैन्य कारबाही गर्न हुँदैन भनी अरब क्षेत्र मात्र होइन सारा विश्व समुदायले आवाज उठाएको थियो। अमेरिका र बेलायतमासमेत सैन्य कारबाहीको विरोधमा ठूला प्रदर्शन भएका थिए। संयुक्त राष्ट्रसङ्घले समेत सैन्य कारबाही गर्न अनुमति दिएको थिएन तर अमेरिकाका राष्ट्रपति बुसले सैन्य कारबाहीको घोषणा गरे र उनलाई साथ दिए बेलायतका प्रधानमन्त्री ब्लेयरले।

सन् २००३ मार्च २० मा अमेरिका र उसलाई सहयोग गरिरहेका राष्ट्रका सैनिकले इराकमा आक्रमण सुरु गरेका थिए। दुई महिना अमेरिकी नेतृत्वको सैन्य शक्ति र इराकी सेनाबीच युद्ध भयो तर इराकी सेनाले हार

इरान र उत्तर कोरियासँगै इराकलाई पनि विश्वमा स्थिरताका लागि खतरनाक शक्ति 'एक्सिस अफ इभिल' को संज्ञा दिए।



अधिकांश सदस्य राष्ट्र सन् २००२ मा इराकको भ्रमण गरेका राष्ट्रसङ्घको परमाणु निगरानीसम्बन्धी निकाय अनि इन्टरनेसनल इनर्जी अथोरिटीका अधिकारीहरूले आमविनाशका हतियार रहे, नरहेको थप प्रमाण फेला पार्नका लागि अझै काम गर्नुपर्ने पक्षमा देखिए ।

स्वीकार गरेसँगै राष्ट्रपति सद्दाम हुसेन सत्ताच्युत भए। इराकसँग आमविनाशकारी हतियार रहेको र इराक विश्व शान्तिका लागि खतरा रहेको अमेरिकाको दाबी थियो ।

यसअघि सन् १९९०–९१ को खाडी युद्धका बेला अमेरिकाले विभिन्न राष्ट्र सम्मिलित गठबन्धन सैन्य शक्तिको नेतृत्व गरी इराकी सैनिकलाई कुवेतबाट फिर्ता हुन बाध्य पारेको थियो ।

त्यसकै केही समयपछि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले 'प्रस्ताव ६८७' पारित गर्दै इराकलाई आफ्ना सबै आमविनाशकारी परमाणु, जैविक र रासायनिक हतियार तथा लामो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र नष्ट गर्न निर्देशन दियो। सन् १९९८ मा इराकले अस्त्र निगरानी गर्ने राष्ट्रसङ्घको निकायसँग सहकार्य भङ्ग गरेको थियो। त्यसको प्रत्युत्तर दिन अमेरिका र बेलायतले हवाई आक्रमण गरे ।

सन् २००१ को सेप्टेम्बर ११ मा अल कायदाले अमेरिकाको न्युयोर्क र वासिङ्टनमा आक्रमण गरेपछि अमेरिकी राष्ट्रपति जर्ज बुस प्रशासनले इराकमाथि आक्रमण गर्ने योजना बनाउन सुरु गरेको थियो। बुसले अमविनाशका हतियार उत्पादन र भण्डारण गर्ने कार्य इराकले जारी राखेको दाबी गरेका थिए। उनले इरान र उत्तर कोरियासँगै इराकलाई पनि विश्वमा स्थिरताका लागि खतरनाक शक्ति 'एक्सिस अफ इभिल' को संज्ञा दिए। अनि सन् २००२ को अक्टोबरमा अमेरिकी संसद्ले इराकमाथि सैन्य कारबाही स्वीकृत गऱ्यो ।

सन् २००३ को फेब्रुअरीमा अमेरिकाका तत्कालीन विदेशमन्त्री कोलिन पावेलले इराकमाथि सैन्य कारबाही गर्नका लागि अनुमति दिन राष्ट्रसङ्घको सुरक्षा परिषद्लाई आग्रह गरेका थिए तर उनले परिषद्लाई त्यस्तो अनुमतिका लागि सहमत बनाउन भने सकेनन्। अधिकांश सदस्य राष्ट्र सन् २००२ मा इराकको भ्रमण गरेका राष्ट्रसङ्घको परमाणु निगरानीसम्बन्धी निकाय अनि इन्टरनेसनल इनर्जी अथोरिटीका अधिकारीहरूले आमविनाशका हतियार रहे, नरहेको थप प्रमाण फेला पार्नका लागि अझै काम

गर्नुपर्ने पक्षमा देखिए।

अमेरिकी नेतृत्वमा रहेको गठबन्धनमा सम्मिलित ३० राष्ट्रमध्ये बेलायत, अस्ट्रेलिया र पोल्यान्ड आक्रमणमा सहभागी भए। बेलायतले ४५ हजार र अस्ट्रेलियाले दुई हजार सैनिक पठाए। पोल्यान्डले एक सय ९४ विशेष तालिमप्राप्त सैनिक पठाएको थियो। कुवेतले आफ्नो क्षेत्रबाट आक्रमण गर्न अनुमति दियो। स्पेन र इटलीसहित कैयौँ युरोपेली राष्ट्रले अमेरिका नेतृत्वको गठबन्धनलाई कूटनीतिक समर्थन गरेका थिए।



अमेरिकाका दुई छिमेकी क्यानडा र मेक्सिकोले सैन्य कारबाही समर्थन गर्न अस्वीकार गरे। युरोपमा अमेरिकाका दुई प्रमुख सहयोगी जर्मनी र फ्रान्सले पनि सहयोग गर्न अस्वीकार गरेका थिए। नेटोको सदस्य पनि रहेको टर्कीले छिमेकी राष्ट्र इराकमा आक्रमण गर्न अमेरिकालाई आफ्ना हवाई आधार शिविर प्रयोग गर्न दिएन।



अमेरिकी विदेशमन्त्री पावेलले इराकसँग जैविक हतियार उत्पादन गर्नका लागि 'घुम्ती प्रयोगशालाहरू' रहेको सन् २००३ मा राष्ट्रसङ्घमा बताएका थिए तर सन् २००४ मा उनले त्यसबारे प्रमाणहरू 'त्यति बलिया रहे जस्तो नदेखिएको' स्वीकार गरे।


बेलायतका तत्कालीन प्रधानमन्त्री ब्लेयरले इराकले आमविनाशका हतियार उत्पादन जारी राखेको कुरामा 'कुनै शङ्का नरहेको' बताएका थिए। दुवै देश इराकबाट भागेका रसायन इन्जिनियर राफिद अहमद अल्वान अल–जानबी र गुप्तचर निकायका एक अधिकारी माज मोहम्मद हारिथको सूचनामा धेरै निर्भर थिए।

अमेरिकाका दुई छिमेकी क्यानडा र मेक्सिकोले सैन्य कारबाही समर्थन गर्न अस्वीकार गरे। युरोपमा अमेरिकाका दुई प्रमुख सहयोगी जर्मनी र फ्रान्सले पनि सहयोग गर्न अस्वीकार गरेका थिए। नेटोको सदस्य पनि रहेको टर्कीले छिमेकी राष्ट्र इराकमा



आक्रमण गर्न अमेरिकालाई आफ्ना हवाई आधार शिविर प्रयोग गर्न दिएन। सन् १९९०–९१ को खाडी युद्धमा इराकविरुद्ध अमेरिकालाई सहयोग गरेको साउदी अरबले सन् २००३ को आक्रमणमा भने समर्थन गरेन।

सन् २००३ मार्च २० मा बिहानको समयमा 'अपरेसन इराकी फ्रिडम' सुरु भयो। कुवेतको इराकसँगको सीमाबाट अमेरिका र उसलाई सहयोग गरिरहेका राष्ट्रका झन्डै दुई लाख ९५ हजार सैनिकले कारबाही सुरु गरे। इराकको उत्तरी भेगमा कुर्दिस पेशमेर्गाका मिलिसियाका ७० हजार सदस्य र इराकी सुरक्षाकर्मीबीच भिडन्त भयो। मे महिनासम्म इराकी सेना पराजित भयो र सद्दाम हुसेनको पतन भयो। पछि सद्दाम हुसेन पक्राउ परे। उनीविरुद्ध मुद्दा



पत्थरको सुनले बनायो करोडपति

२.६ किलो काँचो सुन भएको पत्थर अस्ट्रेलियाको भिक्टोरियामा पुरानो सुनखानी भएको क्षेत्रमा फेला परेको छ। सस्तो खालको 'मेटल डिटेक्टर' प्रयोग गरेर एक व्यक्तिले झन्डै दुई करोड १० लाख नेपाली रुपियाँ मूल्य पर्ने काँचो सुन भएको एउटा पत्थर फेला पारेका हुन्।

इस्वी संवत्को १८औँ शताब्दीमा त्यहाँका खानीमा सुन खोज्ने मानिसको घुइँचो लाग्ने गर्थ्यो। उनले फेला पारेको सुनको मूल्याङ्कन गर्ने र किन्ने व्यापारी ड्यारेन क्याम्पले आफूले ४३ वर्षको व्यावसायिक जीवनमा पहिलो पटक ठूलो पत्थरमा त्यति धेरै सुन देखेको बताए। जिलङस्थित आफ्नो पसलमा एउटा ठूलो झोला भिरेर एक व्यक्ति आउँदा आफूले ठूलो अपेक्षा नराखेको क्याम्पले बताए।

"उनले आफूसँग भएको पत्थर झिके र मेरो हातमा थमाउँदै सोधे, के तपाईंलाई यसमा १० हजार अस्ट्रेलियाली डलर जतिको सुन छ जस्तो लाग्छ ?" मैले उनको अनुहारमा हेर्दै भनेँ, एक लाख अस्ट्रेलियाली डलर भन्नुहोस् न।

ती व्यक्तिले त्यसपछि त्यो पत्थर आफूले फेला पारेको पत्थरको आधा भाग मात्र भएको क्याम्पलाई बताए। उनीसँग भएको पत्थरको कुल तौल ४.६ किलो थियो र त्यसमा झन्डै २.६ किलो सुन थियो। मूल्याङ्कन गरिसकेपछि क्याम्पले नै त्यो सुन किने।

महँगोमा बिक्दै जलगैँडाको दाँत

हात्तीको हाड तस्करीमा प्रतिबन्ध थपिएसँगै लोप हुने जोखिममा रहेको जलगैँडाको दाँतको तस्करी बढ्दो क्रममा रहेको छ। बेलायतले हात्तीको हाड कारोबारमा प्रतिबन्ध लगाएपछि जलगैँडाको दाँत र हाडको व्यापारमा वृद्धि भएको छ। जलगैँडाका दाँत अनि दाह्रा सजावटका सामग्रीमा प्रयोग गरिन्छ।

कन्भेन्सन अफ इन्टरनेसनल ट्रेड इन इन्डेन्जर्ड स्पेसिज (सीआईटीईएस) अन्तर्गत जलगैँडाका अङ्ग किनबेच गर्न सकिन्छ तर अन्तर्राष्ट्रिय कारोबारका लागि भने निर्यात गर्ने अनुमति आवश्यक पर्छ। सन् १९७५ देखि सीआईटीइएसले जलगैँडाको तथ्याङ्क राख्न थालेपछि सन् २०१७ सम्म जलगैँडाका सात लाख ७० हजार किलो दाँत कानुनी रूपमै कारोबार भएको छ।

युरोपेली आयोगको प्रतिवेदनका अनुसार सन् २०२० मा युरोपेली सङ्घअन्तर्गतका राष्ट्रमा



चलाइयो र सन् २००६ मा उनलाई मृत्युदण्ड दिइयो तर इराकमा कुनै पनि किसिमका आमविनाशकारी हतियार फेला परेनन् ।

सन् २००४ मा इराकमा साम्प्रदायिक विद्रोह फैलियो । त्यसको केही वर्षपछि सुन्नी र सिया समुदायबीच गृहयुद्ध सुरु भयो । सन् २०११ मा मात्रै ठूलो सङ्ख्यामा अमेरिकी सेना त्यहाँबाट फर्किएको थियो । सन् २००३ देखि २०११ बीच युद्धसँग जोडिएका घटनाका कारण चार लाख ६१ हजार मानिसको मृत्यु भएको र करिब ३० खर्ब अमेरिकी डलर खर्च भयो ।

इराक युद्धपछि सन् २००८ मा अमेरिकी राष्ट्रपति बुसले इराकको भ्रमण गरे । बग्दादमा आयोजित पत्रकार सम्मेलनमा इराकी पत्रकार मुन्ताजेर अल जाइदीले आक्रोश व्यक्त गर्दै राष्ट्रपति बुसमाथि जुत्ता प्रहार गरेका थिए । उनलाई पक्राउ गरी छ महिना जेलमा हालियो ।



सबैभन्दा बढी बरामद भएको स्तनधारी प्राणीका अङ्गमा जलगैँडाको दाँत पर्छ ।

इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचर (आईयूसीएन)ले सन् २०१६ मा गरेको अनुमानका अनुसार 'कमन हिपो'को सङ्ख्या एक लाख १५ हजारदेखि एक लाख ३० हजारको बीचमा छ । जुन सन् १९९४ यता ३० प्रतिशतले कम भएको छ । चोरीसिकार अनि बासस्थानको कमीका कारण उक्त सङ्ख्या निरन्तर रूपमा घटिरहेको पश्चिम अनि मध्यअफ्रिकाका १० राष्ट्रले एक प्रतिवेदनमा जनाएका छन् ।

जलगैँडाको जन्मदर कम हुन्छ । उसले वर्षमा एउटा मात्रै सन्तान जन्माउँछ र यस कारण सङ्ख्यामा कमी हुनुको दीर्घकालीन प्रभाव पर्न सक्छ । सबै जलगैँडाको मूल बासस्थान अफ्रिका हो । यसका दुईवटा प्रजाति छन् : कमन हिपो र पिग्मी हिपो । सन् २०१६ मा कमन हिपोको सङ्ख्या एक लाख १५ हजारदेखि एक लाख ३० हजार गणना गरिएको थियो अनि पिग्मी हिपोको सङ्ख्या दुई हजारदेखि तीन हजार छ । ■

महिलाको खेलाडी

अभिलाषा विष्ट (राष्ट्रिय टेनिस खेलाडी)

नेपालकी एक महिला टेनिस खेलाडीले सबैको ध्यान तानिरहेकी छन् । उनी हुन् अभिलाषा विष्ट । गत चैतमा बुरुन्डीको बुजुम्बुरामा भएको आईटीएफ प्रतियोगितामा दुई खेल जितेर छनोट चरण पार गर्दै डब्ल्यूटीएको प्रमुख ड्रमा पुगेपछि अभिलाषा चर्चामा आएकी हुन् ।

तस्बिर : सागर बस्नेत

नेपाली खेलाडी डब्ल्यूटीएको प्रमुख ड्रमा पुगेको यो पहिलो पटक हो। अब अभिलाषा डब्ल्यूटीए प्रतियोगितामा पनि सिधै खेल्न योग्य भएकी छन्। आईटीएफअन्तर्गतका प्रतियोगितामा सहभागी भइरहेकी अभिलाषा व्यावसायिक टेनिस खेल्ने नेपालकी एक मात्र महिला खेलाडी हुन्। पुरुष वर्गमा नेपालका अभिषेक बास्तोलाले मात्र व्यावसायिक टेनिस खेलिरहेका छन्।

अभिलाषा नेपालकी नम्बर एक महिला टेनिस खेलाडी हुन्। हालका दिनमा उनलाई चुनौती दिने महिला खेलाडी नेपालमा छैन। गत कात्तिकमा भएको नवौँ राष्ट्रिय खेलकुदमा महिला वर्गका चारै पदक जितेर अभिषालाले कीर्तिमान राखेकी थिइन्। यही वैशाखमा नवौँ सिटिजन्स बैङ्क राष्ट्रिय टेनिस प्रतियोगितामा अभिलाषाले उपाधि जित्दा पनि उनलाई चुनौती दिने खालको कोही देखिएन।

अभिलाषाको सपना ग्रान्डस्लाम टेनिस खेल्ने हो। ग्रान्डस्लाम टेनिसको त्यो रणभूमि हो जहाँ विश्वका हरेक टेनिस खेलाडीले उपाधि जित्न जोरजुलुम गर्छन्। विश्वका शीर्ष एक सय २८ खेलाडीबीच हुने ग्रान्डस्लाम चारवटा छन् : अस्ट्रेलियन ओपन, फ्रेन्च ओपन, विम्बल्डन र अमेरिकी ओपन तर ग्रान्डस्लामसम्म पुग्नु सहज छैन।

अभिलाषा भन्छिन्, "अहिले मेरो विश्व वरीयता नौ सय ८७ छ। विश्व वरीयतामा मेरो सुरुवात भएको छ। अब दक्षिण एसिया र एसियामा खेलेर राम्रो प्रदर्शन गर्दै वरीयतामा सुधार गर्दै जाने लक्ष्य लिएकी छु। मेरो अहिलेको लक्ष्य शीर्ष चार सयमा पर्नु हो। त्यसपछि शीर्ष सय जनामा पुगेर ग्रान्डस्लाम खेल्ने सपना देखेकी छु।"

विश्वमा शीर्ष एक हजार वरीयतामा पर्ने खेलाडीलाई उत्कृष्ट खेलाडीका रूपमा लिइन्छ। यसैगरी नेपालको यो अहिलेसम्म पुरुष र महिला वर्गमा नै सबभन्दा उच्च वरीयता हो।

अभिलाषाले आफ्नो सपना पूरा गर्न कडा मेहनत गरिरहेकी छन्। आफ्नै बुवा अजय विष्टले साथीहरूसँग साझेदारीमा खोलेको टिम्स टेनिस एकेडेमीमा विदेशी प्रशिक्षकबाट प्रशिक्षण लिइरहेकी छन्। दिनको दुई सिफ्टमा कडा अभ्यास गरिरहेकी छन् उनी। यसबाहेक फिटनेस प्रशिक्षकको निगरानीमा शारीरिक रूपमा पनि आफूलाई बलियो बनाइराखेकी छन्।

टेनिस 'पावर गेम' भएकाले राम्रो खेलाडीका लागि यसमा अन्य खेलमा भन्दा अझ बढी फिटनेस आवश्यक हुन्छ। यसैगरी टेनिसमा ध्यान एकाग्र गर्न उनी सामाजिक सञ्जाल पनि चलाउँदिनन्।

आफ्ना दाजु अभिषेक विष्टबाट प्रेरित भएर सात वर्षकै उमेरमा टेनिस खेल्न सुरु गरेकी अभिलाषा उमेर समूहबाट खारिँदै यहाँसम्म आइपुगेकी हुन्। अभिलाषाले घरेलु टेनिसको उमेर समूहमा राष्ट्रिय च्याम्पियन बनिसकेकी छन्। उनी सन् २०१७ मा एसियाको यू-१४ मा शीर्ष १६ वरीयतामा पुगेकी थिइन्।

नेपालबाहिर पनि अभिलाषाले थुप्रै उमेर समूहको प्रतियोगिता जितेकी छन्। नौ वर्षको उमेरमा मलेसियामा भएको प्रतियोगितामा यू-१० र यू-१२ वर्गको एकल र युगल स्पर्धामा तेस्रो भएपछि अभिलाषाले टेनिस खेलमै होमिने मनसाय बनाएकी थिइन्।

अभिलाषा टेनिसमा अलराउन्ड क्षमता भएकी खेलाडी हुन्। आक्रामक खेल खेल्न मन पराउने अभिलाषालाई फरह्यान्डमा विशेष महारथ हासिल छ।

अभिलाषालाई एउटै चिन्ता छ : डब्ल्यूटीए वरीयता सुधार्न लगातार विदेशमा प्रतियोगिता खेल्नु। जहाँ जान नेपाली टेनिस खेलाडीको व्यक्तिगत खर्च हुन्छ। अभिलाषाका अनुसार एउटा प्रतियोगिता खेल्न सात-आठ लाख रुपियाँ खर्च चाहिन्छ। टेनिस महँगो खेल हो। नेपालमा सम्बन्धित निकायहरूबाट यो खेलमा लगानी खासै भएको पनि छैन। उनी परिवारकै सहयोगमा यहाँसम्म पुगेकी हुन्।

फुटबल र क्रिकेटमा जस्तो टेनिसमा प्रायोजक पनि अघि सर्दैनन्। वरीयता प्राप्त गर्न सफल आफूजस्ता खेलाडीलाई सरकारले पनि लगानी गर्नुपर्छ भन्ने भनाइ उनको छ। ■

-प्रजित शाक्य

प्रगतिपथमा नेपाली क्रिकेट



नेपाली राष्ट्रिय क्रिकेट टोलीले दिनानुदिन प्रगति गर्दै गइरहेको छ। एकदिवसीय क्रिकेटको मान्यता कायम राखेको र विश्वकप एकदिवसीय क्रिकेट प्रतियोगिता छनोटको अर्को चरणमा प्रवेश गरेको एक महिनामै एसिया कपमा पनि छानिएर खेलाडीहरूले विश्वसामु नेपालको शिर ठाडो बनाएका छन्।



सोमराज पोखरेल

एसिया कप क्रिकेटमा छनोट

वैशाख १९ गते त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरस्थित मैदानमा भएको एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको फाइनलमा यूएईलाई हराएर नेपाल एसिया कपमा चयन भयो। हुन त नेपाल सन् २००२ मै एसिया कपमा छानिएको भए पनि त्यति बेला भारत र पाकिस्तानबीच चलिरहेको कारगिल युद्धका कारण प्रतियोगिता नभएर नेपालले खेल्न पाएन।

नेपाल पहिलो पटक सन् २००२ को एसीसी प्रिमियर कपको फाइनलमा पुगेर एसिया कपमा छानिएको थियो। त्यतिबेला एसीसीको फाइनलमा पुग्ने दुवै टिमले एसिया कप खेल्न पाउँथे। फाइनलमा यूएईसँग पराजित भएर पनि नेपाल एसिया कपमा छानिएको थियो।

दुई टिम प्रिमियर कपबाट छानिन्थे। अफगानिस्तान भने त्यो समय अन्तर्राष्ट्रिय क्रिकेटमा लगभग थिएन नै।

भीम सार्कीले समेत राम्रो प्रदर्शन गरेपछि नेपालले थप विकेट नगुमाइ ३०.३ ओभरमा तीन विकेटको क्षतिमा ११८ रनको चुनौती पूरा गरेको थियो । १७ वर्षे गुल्सनले ८४ बलमा अविजित रहँदै ६७ रन बनाए ।





एसिया कपमा त्यतिबेला भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेश सम्मिलित हुन्थे । दुई टिम प्रिमियर कपबाट छानिन्थे । अफगानिस्तान भने त्यो समय अन्तर्राष्ट्रिय क्रिकेटमा लगभग थिएन नै तर पछि उसले ठूलो सफलता हासिल गर्दै टेस्टसमेत खेल्न थाल्यो । जसका कारण छ टिमले खेल्ने एसिया कपमा एसीसीबाट विजेताले मात्र खेल्न पाउने भयो ।

त्यतिबेला भारत र पाकिस्तानबीचको कारगिल युद्धका कारण समयमै एसिया कप हुन पाएन । जसका कारण नेपालको छनोट छायामा पर्‍यो । अर्को पटक नेपाल छानिएन ।

यसपालिको यात्रा

काठमाडौँमा भएको एसीसी प्रिमियर कप प्रतियोगिताबाट नेपाल एसिया कप खेल्न पाउने भएको छ । १० टिमले सहभागिता जनाएको प्रिमियर कपमा नेपाल समूह 'ए'मा रहेको थियो । नेपालले समूह चरणमा तीन खेल जित्यो र एकमा वर्षाले खेल हुन नसकी अङ्क बाँड्यो । नेपाल समूह विजेता बन्दै सेमिफाइनलमा पुग्यो ।

सेमिफाइनल खेल कुवेतसँग थियो । कुवेतविरुद्धको खेल वर्षाले पूरा हुन पाएन । एसीसीको नियमअनुसार खेल पूरा नहुँदा नेपाल समूह विजेताका आधारमा नेपाल फाइनलमा पुग्यो । फाइनल खेल यूएईविरुद्ध भयो । यो फाइनल पनि वर्षाका कारण सहज भएन ।

वैशाख १८ गते भएको खेलमा यूएईले पहिले ब्याटिङ गर्दै २७.३ ओभर खेल्दा नौ विकेट गुमाइसकेको थियो । १८ गते त्योभन्दा बढी ओभरको खेल सम्भव भएन । त्यसपछि १९ गते यूएईले बाँकी रहेको ओभरबाट अगाडि खेल्न थाल्यो ।

यूएईले थप ११ रन जोड्दा ३३.१ ओभरमा बाँकी रहेको विकेटसमेत गुमायो । नेपालका लागि ललित राजवंशीले चार तथा सन्दीप लामिछाने र करण केसीले २-२ विकेट आउट गरेका थिए ।

जवाफमा नेपालले खराब सुरुवात गरे पनि गुल्सनकुमार झाले सनसनीपूर्ण प्रदर्शन गरी नेपाललाई जित दिलाए । भीम सार्कीले समेत राम्रो प्रदर्शन गरेपछि नेपालले थप विकेट नगुमाइ ३०.३ ओभरमा तीन विकेटको क्षतिमा ११८ रनको चुनौती पूरा गरेको थियो । १७ वर्षे गुल्सनले ८४ बलमा अविजित रहँदै ६७ रन बनाए । दुवैबीच अविजित ९६ रनको साझेदारी हुने क्रममा भीमले ७२ बलमा ३६ रन जोडेका थिए ।



५० अन्तर्राष्ट्रिय एकदिवसीय खेल

नेपाली राष्ट्रिय क्रिकेट टिमले वैशाख ८ गते एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) क्रिकेटमा ५०औँ खेल खेल्यो। राजधानीमा भएको एसीसी प्रिमियर कप क्रिकेटअन्तर्गतको खेलमा ओमानविरुद्ध नेपालले सो खेल खेलेको थियो।

सन् २०१८ मार्च १५ मा एकदिवसीय मान्यता प्राप्त गरेको नेपालले अहिलेसम्म ५१ एकदिवसीय खेल खेलेको छ। ५१औँ खेल एसीसी प्रिमियर कपको फाइनलमा यूएईसँग खेलेको थियो।

नेपालले पहिलो एकदिवसीय खेल सन् २०१८ अगस्ट १ मा नेदरल्यान्ड्ससँग उसकै घरेलु मैदानमा खेलेको थियो। दुई खेलको शृङ्खलामा पहिलो खेलमा पराजित भएको नेपालले दोस्रो खेलमा भने एक रनले जित हासिल गरेको थियो।

नेपालले खेलेका ५१ एकदिवसीय खेलमा २८ मा जित, २१ मा हार, एकमा बराबरी तथा एक खेल नतिजाविहीन रह्यो। ५१ मध्ये नेपालले आईसीसी विश्वकप लिग-२ मा ३६ खेल खेलेको थियो। एक खेल एसिया कप छनोट प्रतियोगितामा यूएईविरुद्ध खेल्यो। बाँकी १२ खेल दुई देशीय शृङ्खलाका रूपमा नेदरल्यान्ड्ससँग दुई, यूएईसँग छ र पपुवा न्युगिनी (पीएनजी)सँग चार खेल खेलेको थियो।

नेपालले यूएई, पीएनजी, स्कटल्यान्ड, नामिबिया, ओमान, अमेरिका र नेदरल्यान्ड्ससँग एकदिवसीय खेल खेलेको छ।

नेपालले सात देशसँग एकदिवसीय खेल खेलेको छ। नेपालले यूएई, पीएनजी, स्कटल्यान्ड, नामिबिया, ओमान, अमेरिका र नेदरल्यान्ड्ससँग एकदिवसीय खेल खेलेको छ। नेपालले सबैभन्दा धेरै एकदिवसीय खेल यूएईसँग १४ र सबैभन्दा कम नेदरल्यान्ड्ससँग दुई खेल खेलेको छ।

यूएईविरुद्ध १४ खेल खेलेकोमा आठमा जित र छ खेलमा नेपाल पराजित भएको थियो। पीएनजीविरुद्ध नेपालले १० खेल खेलेकोमा आठमा जित र दुईमा हार बेहोर्‍यो। नामिबियाविरुद्ध खेलेका छ खेलमा दुईमा जित, तीनमा हार बेहोर्‍यो भने एक खेल वर्षाका कारण नतिजाविहीन भएको थियो। अमेरिकाविरुद्ध छ खेलमा खेलेकोमा तीनमा जित, दुईमा हार र एक खेल बराबरी भएको थियो।

सन्दीपको विश्व कीर्तिमान

नेपाली क्रिकेट टिमका स्पिन बलर सन्दीप लामिछानेले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा एक सय दुई विकेट पूरा गरेका छन्। उनले चाँडै सय विकेट लिएर विश्व कीर्तिमान बनाएका हुन्।

एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा ओमानका अदिल सफिकको विकेट लिएसँगै एकदिवसीय खेलमा सन्दीपको सय विकेट पूरा भएको थियो। त्यसपछि यही खेलमा उनले थप दुई विकेट लिए। प्रतियोगिताको फाइनल खेलमा यूएईका दुई विकेट आउट गरेसँगै उनको अन्तर्राष्ट्रिय एकदिवसीय विकेटको सङ्ख्या ४३ खेलमा १०४ पुग्यो।

सन्दीपले कम खेलमा सय विकेट पूरा गर्ने विश्व कीर्तिमान बनाएका हुन्। यसअघि ४४ एकदिवसीय खेलमा सय विकेट पूरा गरेर अफगानिस्तानका रासिद खानले यो कीर्तिमान राखेका थिए।

सन्दीपले ४२ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा सय विकेट पूरा गरेका छन्। सन्दीपले सन् २०१८ अगस्त १ मा नेपालको पहिलो एकदिवसीय खेल खेलेका थिए। ■



■ डा. सुबोधकुमार पोखरेल
वरिष्ठ यौनरोग विशेषज्ञ


भ्रूणको लिङ्ग निर्धारण

सृष्टिको क्रम र लय सनातन हो अनि यसका नियम शाश्वत र अजेय हुन्छन् भन्ने अध्यात्मवादको मान्यता छ। अर्कोतिर सृष्टिका पनि नियम हुन्छन् र तिनको अध्ययन सम्भव छ भन्ने विज्ञानको दाबी छ। जे भए पनि मानिसको जन्म तथा मृत्यु अध्यात्म र विज्ञान दुवैको चासो तथा अध्ययनको विषय रहिआएको छ।

पितृसत्तात्मक हाम्रो समाजमा पुरुष सन्तानको जन्म सबै वर्गका मानिसको काम्य रहिआएको कुरा पुराण, उपनिषद् र इतिहास सबैको अध्ययनबाट बुझिन्छ।

गर्भधारणपछि भ्रूणको लिङ्ग जन्म अगावै छुट्याउने प्रयास यही यथार्थबाट प्रेरित छ। आधुनिक विज्ञानले गर्भ रहिसकेपछि भ्रूणको लिङ्ग यथासक्य

जीवनको प्रारम्भमै लिङ्गको आधारमा जीवको प्राथमिकीकरण गर्दा जीव हत्या हुने कार्यले सृष्टिको सन्तुलन नै खल्बलिन सक्ने सम्भावनाका कारणले गर्दा अध्यात्मवादी मात्र होइन समाजविज्ञानी र बहुसङ्ख्यक कानुन निर्माताहरू पनि यस्ता अभ्यासको विपक्षमा देखिएका छन्।



हाम्रो संस्कृतिमा आयुर्वेद वैज्ञानिक चिकित्सा पद्धतिका रूपमा विकसित भएको कुरा यथार्थ हो । महिनावारी र यसमा हुने विभिन्न परिवर्तनको अध्ययन आयुर्वेदले राम्रोसँग गरेको छ ।

चाँडै पत्ता लगाउन अल्ट्रासाउन्ड र जैविक अध्ययन (Genetic study) को प्रयोग सुरु गरिसकेको छ । लिङ्ग छुट्टिन आवश्यक जैविक गुणहरू तयार भइसकेको गर्भलाई जन्मदिने स्त्रीको गर्भाशयमा प्रत्यारोपण गरेर चाहेको लिङ्गको शिशु जन्माउन पनि चिकित्सकहरू समर्थ छन् तर जीवनको प्रारम्भमै लिङ्गको आधारमा जीवको प्राथमिकीकरण गर्दा जीव हत्या हुने कार्यले सृष्टिको सन्तुलन नै खल्बलिन सक्ने सम्भावनाका कारणले गर्दा अध्यात्मवादी मात्र होइन समाजविज्ञानी र बहुसङ्ख्यक कानुन निर्माताहरू पनि यस्ता अभ्यासको विपक्षमा देखिएका छन् ।

त्यसो भए पुरुष शुक्रकीट र स्त्री डिम्बको मिलन भएर भ्रूण बन्नुअघि नै अर्थात् जीवनको सुरुवात हुनुअगावै भावी शिशुको लिङ्ग निर्धारण गर्न विज्ञान सक्षम छ त ? भन्ने प्रश्नको जवाफ छैन भन्ने कुरा आजको यथार्थ हो । कुनै पनि ज्ञाता वा वैज्ञानिकले आजसम्म यस्तो भविष्यवाणी गरेर वैज्ञानिक रूपमा यसलाई प्रमाणित गर्न सकेको छैन ।

त्यसो भए पनि भ्रूणको लिङ्ग निर्धारण तथा त्यसका आनुवंशिक (Genetic) आधारका नियमको अध्ययन गर्ने मानिसको प्रयास भने जारी छ ।

यो प्रयास पौराणिककालदेखि नै हाम्रा पूर्वजले पनि गर्दै आएको कुरा व्यावहारिक अध्ययनहरूबाट स्पष्ट हुन्छ । विश्वका अन्य उन्नत सभ्यताको उत्कर्षमा पनि

यसका लागि विभिन्न व्यावहारिक अभ्यास गरिएको देखिन्छ।

हाम्रो संस्कृतिमा आयुर्वेद वैज्ञानिक चिकित्सा पद्धतिका रूपमा विकसित भएको कुरा यथार्थ हो। महिनावारी र यसमा हुने विभिन्न परिवर्तनको अध्ययन आयुर्वेदले राम्रोसँग गरेको छ। स्त्री रज र पुरुष वीर्यको महत्त्व तथा सान्दर्भिकताको विषयमा पनि आयुर्वेद धेरै स्पष्ट छ। लिङ्ग निर्धारणका आनुवंशिक आधारहरूको अध्ययनमा भने आधुनिक चिकित्सा विज्ञान निकै अगाडि छ। वीर्यद्वारा डिम्बको निषेचन हुने समयको आकलन र त्यसका विधिको उपयुक्त प्रयोगको आधारमा चाहना अनुकूलको लिङ्गसहितको शिशु जन्माउने प्रयास गर्ने विधिलाई 'पुंसवन विधि'का रूपमा प्रयोग गर्न आयुर्वेद विज्ञहरूले परापूर्वकाल देखि नै सल्लाह दिने गरेको तथा यसमा सफलता पनि प्राप्त हुने गरेको कुरा सुनिए पनि यो अकाट्य नियमका रूपमा स्थापितचाहिँ भएको छैन।

सम्भोगका समयमा विशिष्ट आसनहरूको प्रयोग तथा निषेचन सम्भव भएको समयअनुसार सम्भोगको समय निर्धारण गर्ने अभ्यास 'पुंसवन विधि' को मूल आधार रहेको छ। आधुनिक विज्ञानले गरेको अध्ययन र त्यसबाट निर्धारित नियमहरूसँग यस्तो अभ्यासका बीच उल्लेख्य समानता रहेको छ।

चिनियाँहरूले धेरै कालअघिदेखि नै इच्छाइएको लिङ्गको सन्तान प्राप्तिका लागि विशेष विधि अवलम्बन गर्ने गरेका थिए। उनीहरूको यो अभ्यास सम्भावित आमाको उमेर तथा गर्भधारणको समयअनुरूप अनुकूल समयमा सम्भोगद्वारा गर्भ स्थापित गर्ने नियमसँग सम्बन्धित छ। उनीहरूले यस्तो उमेर र समय हिसाब गर्दा चन्द्रमास (Lunar calendar) बाट हिसाब गर्दछन् र त्यस्तो पात्रो तयार गरेर विशेष दिनहरूमा सम्भोग गर्ने सल्लाह दिन्छन्। यो तरिका धेरै हदसम्म (करिब ९० प्रतिशत) सफल हुने दाबी यस प्रणालीको बारेमा सल्लाह दिनेहरू गर्छन्।

आधुनिक चिकित्सा विज्ञानले प्रजनन प्रणालीमा हुने शारीरिक परिवर्तन र आनुवंशिक पक्ष दुवैको अध्ययन गरेर केही स्पष्ट तथा केही सम्भावित नियम र विधि प्रवर्तन गरेको छ। सन् १९६० ताका डा. लान्ड्रम सेटल्स र डेभिड रोर्भिकले गर्भको लिङ्गका बारेमा केही रोचक तथ्य उजागर गरेका थिए, जसलाई 'सेटल्स विधि' भनिन्छ। लिङ्ग निर्धारणको सम्पूर्ण श्रेय र दोष पुरुषको हुन्छ भन्ने यसको निष्कर्ष छ।

१. आनुवंशिक तथ्य

पुरुषको शुक्रकीटमा 'एक्स' र 'वाई' दुईमध्ये एक आनुवंशिक गुण रहेको हुन्छ। वीर्यमा यी दुवैथरी

तुलनात्मक रूपले बढी क्षारीय अवस्था 'वाई' शुक्रकीटले निषेचन गर्न र पुरुष सन्तानको गर्भ बस्न बढी अनुकूल हुन्छ।




लगभग बराबर सङ्ख्या (एक्सभन्दा वाई थोरै बढी) हुन्छन् । स्त्री डिम्बमा भने 'एक्स' गुण मात्र हुन्छ । निषेचनका बेला 'वाई' गुण भएको पुरुष शुक्रकीटले स्त्री डिम्बलाई निषेचन गरेमा पुरुषको 'वाई' र स्त्रीको 'एक्स' मिलेर 'एक्स–वाई' हुन्छ अनि पुरुष सन्तानको गर्भ बस्छ । त्यस्तै पुरुषको एक्स र स्त्रीको एक्स मिलेमा स्त्री सन्तानको गर्भ बस्छ ।

'एक्स' गुण भएको शुक्रकीटको टाउको ठूलो हुन्छ तथा यिनीहरू बलिया र धेरै समय बाँच्ने खालका हुन्छन् । 'वाई' शुक्रकीट भने कमजोर, थोरै समय बाँच्ने तर फूर्तिला र तेज हुन्छन् । यिनीहरू उपयुक्त वातावरण पाए मात्र बाँच्छन् तर एक्सभन्दा अत्यन्त छिटै स्त्री डिम्बसम्म दौडेर पुग्न सक्छन् । 'एक्स' शुक्रकीट भने तुलनात्मक रूपले प्रतिकूल वातावरणमा पनि बाँच्छन् तर विस्तारै ढिलो स्त्री डिम्बसम्म पुग्छन् ।

- 'वाई' गुणधारी शुक्रकीटहरू सालाखाला २४ देखि ४८ घण्टा मात्र बाँच्छन् भने 'एक्स' गुणधारी शुक्रकीटहरू ४८ देखि १२० घण्टासम्म बाँच्छन् ।
- स्त्री डिम्बको आयु तुलनात्मक रूपमा थोरै हुन्छ । बढीमा ४८ घण्टासम्म बाँचे पनि सक्रिय भएको १२ देखि २४ घण्टाभित्रै शुक्रकीटले निषेचन नगरेमा निष्क्रिय हुन्छ ।





२. शारीरिक तथ्य

क) महिनावारी र डिम्ब निष्कासन

सालाखाला प्रत्येक २८ दिनमा महिनावारी हुने स्त्रीमा महिनावारी सुरु भएको दिनदेखि गन्दा सरदर १४ दिनमा डिम्ब निष्कासन हुन्छ । महिनावारीको समय लामो भएमा त्यहीअनुसार १५, १६, १७ वा महिनावारीको सालाखाला लम्बाइअनुसार अझै ढिलो डिम्ब निष्कासन हुने गर्छ । महिनावारीको सालाखाला समय २८ दिनभन्दा कम हुने स्त्रीमा त्यसअनुसार १४ दिन भन्दा पहिले नै डिम्ब निष्कासन हुन्छ ।

धेरै दिन पहिलेको यौनसम्पर्कबाट निष्किएको वीर्य विस्तारै हिँड्ने तर बलिया भएकाले धेरै बाँच्ने एक्स शुक्रकीट पनि पछिसम्म निषेचन गर्न बढी सक्षम हुन्छन् र स्त्री सन्तानको गर्भ बस्ने सम्भावना बढी हुन्छ । डिम्ब निष्कासन हुनुभन्दा ठ्याक्कै अगाडि वा त्यसैदिनको सम्भोगबाट निस्किएको वीर्यका थोरै समय बाँच्ने तर फूर्तिला 'वाई' शुक्रकीटहरू निषेचन गर्न बढी सक्षम हुन्छन् ।

ख) खानपान र रहनसहन

योनी मार्गको रासायनिक



वातावरण स्वस्थ अवस्थामा अम्लीय हुन्छ भने वीर्य क्षारीय गुण भएको हुन्छ।

तुलनात्मक रूपले बढी क्षारीय अवस्था 'वाई' शुक्रकीटले निषेचन गर्न र पुरुष सन्तानको गर्भ बस्न बढी अनुकूल हुन्छ। खानपानले स्त्री योनीको रासायनिक वातावरणमा फरक ल्याउन सक्छ। शुक्रकीट वरपरको रासायनिक वातावरण क्षारीय बनाउन सहयोग गरेर 'वाई' शुक्रकीटलाई निषेचन गर्न र पुरुष सन्तानको गर्भ बस्न सहयोग गर्ने खानेकुरामा बढी सोडियम तथा पोटासियम हुने नुनिला खाद्य पदार्थ, आलु, केरा, एभोकाडो, साल्मन जातको माछा, ब्रोकाउली, पालुङ्गो आदि उल्लेखनीय छन्।

योनीमार्गको रासायनिक प्रतिक्रियालाई तुलनात्मक रूपले बढी अम्लीय बनाएर 'एक्स' शुक्रकीटलाई निषेचन गराई स्त्री सन्तानको गर्भ बस्न सघाउने खानेकुरामा सोडियम र पोटासियम कम हुने दूध, दही र तिनका परिकार, माछा, सागपात, मासु, अन्न, ओखर, केराउ, बदाम, काजु, किसमिस, बयर, तोरी, भेनेगर आदि उल्लेख्य छन्।

धूमपान, मद्यपान, बढी तातो वा चिसो वातावरण तथा नियमित यौन सम्पर्कले शुक्रकीटमा सङ्ख्यात्मक र गुणात्मक कमी एवं शिथिलता ल्याउँछ। यो अवस्था बलिया 'एक्स' शुक्रकीटको निषेचन अर्थात् स्त्री गर्भको लागि एक हदसम्म अनुकूल हुन सक्छ भने कमजोर 'वाई' शुक्रकीटको निषेचन अर्थात् पुरुष गर्भका लागि प्रतिकूल हुन सक्छ।

ग) यौन सम्पर्क र वीर्य स्खलन

पुरुष शुक्रकीट र स्त्री डिम्बको मिलन स्त्रीको डिम्बाशयबाट गर्भाशयसम्म डिम्ब ओसार्ने डिम्ब वाहिनी नलीमा हुन्छ। निषेचनपछि भ्रूण गर्भाशयमा सरेर गर्भ रहन्छ। यसरी शुक्रकीटले डिम्बसँग मिल्न योनीमार्गबाट पाठेघर छिचोल्दै डिम्ब वाहिनी नलीसम्म पुग्नु पर्ने हुन्छ। योनी मार्गको मुख वा तुलनात्मक रूपमा बाहिरी आधा भागसम्म रहेका 'एक्स' शुक्रकीटहरू सशक्त भएका कारणले विस्तारै त्यो बाटो छिचोल्न सक्छन् र स्त्री सन्तानको गर्भ बस्न सक्छ। अर्कोतिर योनी मार्गको भित्री भाग वा पाठेघरको मुखनेरी स्खलन भएको वीर्यका कमजोर तर फूर्तिला 'वाई' शुक्रकीटले डिम्ब निषेचन गरेर पुरुष गर्भ बस्ने बढी सम्भावना रहन्छ।

यसरी यौन सम्पर्कका बेला प्रयोग गरिने आसनले स्खलनको स्थानलाई प्रभावित गर्न सक्छ र गर्भ रहने भ्रूणको लिङ्ग निर्धारणमा भूमिका खेल्न सक्छ।

यौन समागमको बेला स्त्रीको पाठेघरको मुख र योनी मार्गमा हुने सङ्कुचनले शुक्रकीटलाई पाठेघरतर्फ छिटो धकेल्छ र 'वाई' शुक्रकीटलाई निषेचन गर्न सहज हुन्छ। जसले गर्दा पुरुष गर्भ रहन सहज हुन्छ। यसको विपरीत पुरुष पहिले चरमोत्कर्षमा पुगेर स्खलित हुँदा स्त्रीको चरमोत्कर्ष टरेर जान्छ र स्त्री गर्भ बस्न सहज हुन्छ।

पुरुष सन्तानको गर्भका लागि उपयुक्त वातावरण

क) डिम्ब निस्किने सम्भावित समयभन्दा अघिल्लो दिन वा त्यसैदिन वा भोलिपल्ट सम्भोग गरेमा।

ख) योनीमार्गको क्षारीय वातावरणका लागि त्यसको सहयोगी खानपान।

ग) यौन सम्पर्कका बेला योनीमार्गको भित्री भाग वा पाठेघरको मुख नजिकै स्खलन हुन सक्ने आसनको प्रयोग।

स्त्री सन्तानको गर्भका लागि उपयुक्त वातावरण

क) डिम्ब निष्कासनको सम्भावित समयभन्दा तीनदेखि पाँच दिन पहिले सम्भोग गर्ने।

ख) योनी मार्गको रासायनिक वातावरणलाई अम्लीय बनाउन सहयोग गर्ने खानपान।

ग) यौन सम्पर्कको योनी मार्गको धेरै भित्र स्खलन नहुने आसनको प्रयोग गर्ने। ■

रगतको क्यान्सर ल्युकेमिया

यो ६०, ७० वर्षको उमेरका मानिसमा बढ्ता लाग्छ भने बालबालिकामा सबैभन्दा बढी हुने एवं निको हुने क्यान्सर पनि यही हो ।



प्रा.डा. सुमनराज ताम्राकार

चिकित्सा क्षेत्रमा ल्युकेमिया भनिने रक्त क्यान्सर प्रायः हड्डीको मासीबाट सुरु हुन्छ । त्यसो त मानव अङ्गमा हुने १६ प्रमुख क्यान्सरमध्ये ल्युकेमिया १२औँ स्थानमा र क्यान्सरबाट हुने मृत्युमा ११औँ स्थानमा पर्दछ ।

शरीरका अन्य अङ्ग तथा कोष जस्तै रगत पनि बन्ने र नष्ट हुने प्रक्रिया चलिरहन्छ । यस क्रममा रक्तकोषहरूको असामान्य वृद्धि भयो भने रगतको क्यान्सर उत्पन्न हुन जान्छ । यो क्यान्सर सबै उमेर समूहमा लाग्न सक्छ । एकातिर यो ६०, ७० वर्षको उमेरका मानिसमा बढ्ता लाग्छ भने बालबालिकामा सबैभन्दा बढी हुने एवं निको हुने क्यान्सर पनि यही हो । बर्सेनि करिब



२३ लाख मानिसलाई रक्त क्यान्सर लाग्दछ भने साढे तीन लाख मानिस यस क्यान्सरले मर्छन् ।

कारक तत्त्व


रक्त क्यान्सरको कारक तत्त्व यही हो भन्न कठिन छ। अधिकतर वंशाणुगत एवं वातावरणीय तत्त्वहरूको संयुक्त प्रभावले रगतको क्यान्सर लाग्दछ। धूमपानले तथा डिजेलको धुवाँ एवं प्रदूषणले रगतका कोष असामान्य तवरले वृद्धि हुन्छन् । रेडियो विकिरण पनि एक कारक तत्त्व हो भन्ने कुरा बेलाबेलामा भएका परमाणु दुर्घटनाले धेरै बालबालिकालाई रगतको क्यान्सर भएबाट प्रमाणित भएको छ। यसका साथै कतिपय पेट्रोकेमिकल विशेषत : रङ उत्पादन गर्ने कारखाना तथा रङ लगाउने काममा लामो समयसम्म संलग्नलाई पनि जोखिम उच्च हुने देखिएको छ।

प्रकार

ल्युकेमिया एवं लिम्फोमा रगत, रगतमासी एवं लिम्फेटिक प्रणाली (सेतो रगतको प्रणाली) निकै फराकिलो समूह हो। चिकित्सा भाषामा 'एक्युट' भन्नाले सख्त अर्थात् एक्कासि हुने समस्या भन्ने बुझिन्छ। जबकि 'क्रोनिक' भन्नाले जीर्ण अर्थात् लामो समयदेखिको अथवा लामो समयसम्म रहिरहने समस्या बुझिन्छ। कुन प्रकारका कोष प्रभावित भएको हो त्यसको आधारमा लिम्फोब्लास्टिक (सङ्क्रमणसँग लड्ने खालका कोषसँग सम्बन्धित) वा माइलोजिनस (सामान्यतः रातो रक्तकोष बन्ने, केही प्लेटलेट्स) भनेर छुट्याइन्छ।

त्यसो भएर रक्त क्यान्सरलाई प्रमुखतः 'एक्युट' वा 'क्रोनिक' अनि लिम्फोब्लास्टिक वा माइलोइड गरी चार प्रकारमा वर्गीकरण गरिएको छ। बालबालिका तथा वयस्कमा लाग्ने रक्त क्यान्सर फरकफरक हुन्छ।


एक्युट लिम्फोब्लास्टिक ल्युकेमियामा अपरिपक्व रक्तकोषको सङ्ख्या एक्कासि वृद्धि हुन्छ। यसमा सामान्य रक्तकोष उत्पादन गर्न रगतमासी असक्षम हुन्छ। बालबालिकामा बढ्ता लाग्ने यस प्रकारको रक्त क्यान्सरमा रातो रक्तकोष (हेमोग्लोबिन) र प्लेटलेट्सको सङ्ख्यामा कमी आउँछ। एक्युट लिम्फोब्लास्टिक





कुन प्रकारका कोष प्रभावित भएको हो त्यसको आधारमा लिम्फोब्लास्टिक (सङ्क्रमणसँग लड्ने खालका कोषसँग सम्बन्धित) वा माइलोजिनस (सामान्यतः रातो रक्तकोष बन्ने, केही प्लेटलेट्स) भनेर छुट्याइन्छ।

रक्त क्यान्सर अन्यत्र फैलिएर अन्य समस्या देखा परेको खण्डमा एक्सरे, एमआरआई र अल्ट्रासाउन्ड गर्नुपर्ने हुन्छ ।



ल्युकेमिया ६५ वर्षमाथिका मानिसमा पनि लाग्न सक्छ । त्यसो भएमा ८० प्रतिशतसम्म रोगीको मृत्यु हुन सक्छ । बालबालिकामा भने ९० प्रतिशत निको हुन्छ र क्यान्सर नफर्किने पनि हुन सक्छ ।

क्रोनिक लिम्फोब्लास्टिक ल्युकेमिया तुलनात्मक रूपमा परिपक्व खालको क्यान्सर भए पनि यसमा असामान्य प्रकारको श्वेत रक्तकोष उत्पादन हुन्छ । यस प्रकारको क्यान्सरको स्थिति खराब हुँदै जान महिनौं वा वर्षौं लाग्न सक्छ । यस्तो खाले क्यान्सर प्रौढ मानिसमा बढी हुन्छ । क्रोनिक लिम्फोब्लास्टिक ल्युकेमिया प्रौढमा (५५ वर्ष माथिका)लाई लाग्छ भने रोगीमा दुई तिहाइ पुरुष हुन्छन् । उपचार सम्भव छ र पाँच वर्ष बाँच्ने सम्भावना ८५ प्रतिशत रहन्छ ।

एक्युट माइलोइड ल्युकेमिया बढीजसो प्रौढ पुरुषलाई लाग्छ भने पाँच वर्ष बाँच्ने सम्भावना केवल २० प्रतिशत मात्र हुन्छ । क्रोनिक माइलोइड ल्युकेमिया मुख्यतः प्रौढ मानिसलाई लाग्छ भने पाँच वर्ष बाँच्ने सम्भावना ९० प्रतिशतसम्म रहन्छ ।

लक्षण

रक्त क्यान्सरका लक्षण निश्चित खालको नहुने भएकाले अमेरिकन क्यान्सर सोसाइटीका अनुसार करिब २० प्रतिशतमा ल्युकेमिया नै समयमा पत्ता लाग्दैन तर पनि ज्वरो आउने, गिर्खा बढ्ने, कलेजो बढेको अवस्थामा माथिल्लो पेट सुन्निने हुन सक्छ भने कुनै लक्षण नहुने पनि हुन सक्छ । यसका साथै रक्तअल्पता हुने, तौल घट्ने, हड्डी दुख्ने, नाक वा गिजाबाट रगत आउने सभावना रहन्छ । जीर्ण खालको रक्त क्यान्सरमा फियो बढ्ने, रक्तअल्पता हुने, तारन्तार सङ्क्रमण, सास फेर्न गाह्रो हुने तथा पसिना आउने हुन सक्छ ।

रक्त क्यान्सरका कारण शरीरको प्रतिरोधात्मक क्षमता घट्दै गएपछि विभिन्न खाले सङ्क्रमण लाग्न सक्ने, रुघाखोकी लाग्ने, ज्वरो आउने हुन्छ । सामान्य कोषहरूको सङ्ख्यामा कमी आउनाले पनि यी लक्षण देखा पर्ने हुन् ।

निदान

रक्त क्यान्सरको निदान रगत जाँच र रगतमासीको बायोप्सीबाट गरिन्छ । रक्त क्यान्सर अन्यत्र फैलिएर अन्य समस्या देखा परेको खण्डमा एक्सरे, एमआरआई र अल्ट्रासाउन्ड गर्नुपर्ने हुन्छ । हड्डीभित्रको रगत वा मासी जाँचपछि रक्त क्यान्सरको वर्गीकरण त्यहीअनुसार केमो उपचार दिइन्छ ।

उपचार

रक्त क्यान्सरलाई निको नहुने रोग भनेर भ्रम पाल्नु हुन्न । विशेषगरी बालबालिकामा हुने एक्युट लिम्फोब्लास्टिक ल्युकेमिया समयै पत्ता लगाएर उपचार गरेमा निको हुन्छ । खासमा दुई वर्षदेखि १२ वर्षसम्मका बालबालिकामा यसबाट बढी पीडित हुन्छन् ।

वयस्क उमेरका मानिसमा प्रायः हुने एक्युट माइलोइड ल्युकेमिया, क्रोनिक लिम्फोब्लास्टिक ल्युकेमिया र क्रोनिक माइलोइड ल्युकेमिया निको पार्न गाह्रो हुने हुन्छ र उपचार पनि



गर्भावस्थामा ल्युकेमियाको प्रकारका अनुसार यसको व्यवस्थापन फरक हुन्छ। गर्भवती महिलामा प्रायः एक्युट खाले रक्त क्यान्सर हुन्छ भने उपचार पनि छिट्टै गर्नुपर्ने हुन्छ।



लामो समय लाग्छ। सुरुका केही समय अस्पतालमै राखेर उपचार गर्नुपर्ने हुन्छ।

उपचारको हकमा धेरैजसो ल्युकेमिया बहुऔषधियुक्त केमोथेरापीबाट गरिन्छ भने केही रेडियोथेरापीबाट र केहीमा रगतमासी प्रत्यारोपण बोनम्यारो ट्रान्सप्लान्टबाट गरिन्छ। यसका साथै कतिपयलाई टार्गेट थेरापी र सर्पोटिभ केयर आवश्यक पर्छ।

एक्कासि वा जीर्ण खालको, कुन प्रकारको श्वेत रक्तकण प्रभावित, रक्तअल्पता वा प्लेटलेट्सको कमी, अन्यत्र फैलिसकेको वा नसकेको, गिर्खा (लिम्फनोड) वा रगतमासीमा फैलिसकेको वा नफैलेको, उपचारको उपलब्धता, उपचारमा संलग्न स्वास्थ्यकर्मीको दक्षतामा उपचारको प्रभावकारिता भर पर्दछ।

गर्भवती महिलामा विरलै मात्रामा अर्थात् १० हजारमा एक जनामा रगतको क्यान्सर लाग्न सक्छ। गर्भावस्थामा ल्युकेमियाको प्रकारका अनुसार यसको व्यवस्थापन फरक हुन्छ। गर्भवती महिलामा प्रायः एक्युट खाले रक्त क्यान्सर हुन्छ भने उपचार पनि छिट्टै गर्नुपर्ने हुन्छ। गर्भ खेर जाला कि वा गर्भेशिशुमा जन्मजात विकृति होला कि भनेर वास्ता नगरी उपचार थाल्नुपर्ने हुन्छ।

क्रोनिक खालको ल्युकेमियामा भने गर्भवती महिलालाई सुरक्षित तवरले उपचार दिन सकिन्छ। ■

हराएका ग्याजेट

जसै जसै दशक बित्दै गए सन् १९८० को दशकमा वाकम्यानदेखि भिडियो क्यासेट रेकर्डर (भीसीआर) अनि पेजरसम्म सबै आफ्नै खालको विशिष्टताले लोकप्रिय थिए । अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनको युगका यी नवीन ग्याजेट र मनोरञ्जनका साधन अब प्रचलनमा छैनन् तर ती उपकरणले २१औँ शताब्दीमा नयाँ पुस्ताका मोबाइल फोन तथा ध्वनि नियन्त्रित घरेलु उपकरणहरू जस्ता साधनको विकासका लागि मार्ग प्रशस्त गरेको देखिन्छ ।

सन् १९८० को दशकमा निकै प्रभावकारी भएका प्रविधि, जो हाल इतिहास भइसके, का बारेमा यहाँ उल्लेख गरिएको छ ।

■ हिरण्यबहादुर सिं

पेजर



सजिलैसँग एउटा पर्समा राख्न वा पेटीमा बाँधेर राख्न सकिने ताररहित सानो सञ्चार उपकरण पेजरद्वारा प्रयोगकर्ताले तत्काल लिखित सन्देश सम्प्रेषण र ग्रहण गर्न सक्थे । पेजर पनि एकतर्फी र दुईतर्फी सुविधा भएका हुन्थे । एकतर्फी सुविधा भएको पेजरमा सन्देश पढ्न मात्र सकिन्थ्यो भने दुईतर्फी सुविधा भएको पेजरबाट सन्देश पठाउने र ग्रहण गर्ने दुवै सुविधा हुन्थ्यो ।

सन् १९५० को दशकमा चिकित्सा क्षेत्रमा प्रयोगका लागि सर्वप्रथम पेजर विकास गरिएको थियो । तर सन् १९८० को दशकमा आएर पेजरको प्रयोग व्यापक भयो । पेजर बोकेको मानिस भनेर व्यक्तिको

पहिचानसँग नै जोडिनुले पनि यसलाई विशिष्ट बनाएको थियो। यसर्थ पेजर सांस्कृतिक घटना नै भयो, त्यस युगका कैयौँ ऱ्याप गीतमा यसले स्थान पायो।

पेजरमा टेक्स्टलाई प्रयोगकर्ताले आफूअनुसार समायोजन गर्न सक्दैनथे। त्यस कारण प्रयोगकर्ताले सन्देशका लागि अङ्कहरू र सिम्बल प्रयोग गरी आफ्नै खालको 'सर्टह्यान्ड' तयार पार्दथे।

बजारमा पेजर सर्वसुलभ भएसँगै तस्कर, लागूऔषधि कारोबारी र अपराधीले त्यसलाई अपनाउन बेर लगाएनन्।

पोर्टेबल क्यासेट प्लेयर (वाकम्यान)



जब बजारमा सोनी वाकम्यान आयो सङ्गीत सुन्ने तरिका नै परिवर्तन भयो। हातमा समातेर हिँड्न मिल्ने सानो क्यासेट प्लेयरसँगै सुन्तला रङको फोम राखिएको इयरफोन, सोनी वाकम्यानको विशेषता थियो।

पोर्टेबल रेडियोद्वारा मानिस जहाँकहीँ रेडियो प्रसारण सुन्न सक्ने भइसकेका थिए। सन् १९७९ मा सर्वप्रथम जापानमा सोनीले वाकम्यान बजारमा ल्यायो। एक वर्षपछि वाकम्यान अमेरिका पुग्यो। बजारमा वाकम्यानको उपलब्धताले सङ्गीतप्रेमीले सङ्गीतमा रमाउने तौरतरिका नै परिवर्तन हुन पुगेको थियो।

सोनीको आविष्कार तथा नक्कल गरिएका अन्य उपकरणको लोकप्रियताले गर्दा डिस्क आकारका परम्परागत रेकर्ड टेपको उत्पादन नै सन् १९८३ सम्म बन्दझैँ भएको थियो। वाकम्यान शब्द नै आम भयो र यसलाई सन् १९८६ मा अक्सफोर्ड इङ्ग्लिस डिक्सनरीमा समावेश गरियो। टाइम पत्रिकामा त्यति बेला प्रकाशित एक लेखअनुसार वाकम्यानको लोकप्रियताको बिन्दु यसरी पनि अनुमान गर्न सकिन्छ, व्यायामका लागि हिँडडुल गर्ने मानिसको सङ्ख्या ३० प्रतिशतले वृद्धि भएको थियो।

लगभग एक दशकपछि हिँड्दै सङ्गीत सुन्दै गर्ने बानी 'एमपी३' प्लेयरको आविष्कारले गर्दा डिजिटल भयो।

विश्वमा क्यान्सर (प्रतिएक लाखमा)

अस्ट्रेलिया	४६८
अमेरिका	४१९
नर्वे	४११
फ्रान्स	४०६
क्यानडा	४०४
बेलायत	४०१
स्विडेन	३९४
जर्मनी	३९४
फिनल्यान्ड	३९१
इटाली	३८४
इजरायल	३६५
स्पेन	३३७
जापान	३२०
दक्षिण कोरिया	३१८
रुस	३१२
दक्षिण अफ्रिका	३००
टर्की	२४५
चीन	२२६
अर्जेन्टिना	२१७
ब्राजिल	२०५
इजिप्ट	१७९
युनाइटेड अरब इमिरेट्स	१६९
साउदी अरब	१६९
पाकिस्तान	१४३
नाइजेरिया	१२३
भारत	१०६
इथियोपिया	८०

भिडियो क्यासेट रेकर्डर (भीसीआर)



'म्याग्नेटिक टेप' भिडियो क्यासेटमा टेलिभिजनका कार्यक्रम रेकर्ड गर्न सक्ने र पहिले नै रेकर्ड गरिएका कार्यक्रम पुनः देखाउन सक्ने उपकरण सन् १९७० को दशकमा अमेरिकी बजारमा देखिएका थिए। भिडियो क्यासेट उद्योगमा दुई फर्म्याटको विकास भयो : पहिलो थियो बिटाम्याक्स, जो सन् १९७५ मा आयो। अर्को थियो एक वर्षपछि आएको भीएचएस। सन् १९८० सम्म भीएचएसले ६० प्रतिशत बजार लिएपछि फर्म्याटको प्रतिस्पर्धा समाप्त भएको थियो।

निर्धारित टेलिभिजन प्रसारण आफैँ रेकर्ड गर्ने टाइमरको सुविधासमेत उपलब्ध भएपछि भीसीआरद्वारा मानिसले आफ्नो समयअनुसार टेलिभिजन कार्यक्रम हेर्न सक्ने भए। सन् १९८० को दशकको सुरुका वर्षमा चलचित्र र टेलिभिजन उद्योगले कपिराइट सामग्रीको रेकर्डिङविरुद्ध उजुरीसमेत गरे तर भीसीआरले रेकर्डिङ गर्न रोकिएन।

सन् २००० मा डीभीडी बजारमा आयो र एनालग भिडियोको बजार यसले लिन धेरै समय लागेन। अन्तिम पटक सन् २०१६ मा भीसीआर उत्पादन गरिएको थियो।

फ्याक्स मेसिन



सन् १९८० को दशकमा टेलिफोन, फोटोकपी मेसिन र टाइपराइटरसरह फ्याक्स मेसिन पनि कार्यालयहरूमा सर्वत्र थिए। प्रयोगकर्ताले कुनै दस्तावेज फ्याक्स मेसिनमा हालेमा त्यसले 'बिटम्याप' रूपान्तरित गरी टेलिफोन लाइनमार्फत अडियो फ्रिक्वेन्सी ध्वनिको स्वरूपमा सम्प्रेषण हुन्थ्यो। सन्देश ग्रहण गर्ने फ्याक्स मेसिनमा त्यो सन्देश पुनः तस्बिरमा रूपान्तरित भएर कागजमा प्रिन्ट हुने गर्थ्यो।

सन् १९६४ मा जेरोक्सले प्रथम आधुनिक फ्याक्स मेसिन बजारमा ल्याएको थियो। सन् १९७० को दशकको अन्त्यसम्म फ्याक्स मेसिन बनाउने कैयौँ कम्पनी बजारमा देखिएका थिए। फ्याक्स मेसिनको आविष्कारको धेरै वर्षसम्म डकुमेन्टलाई छुट्टै स्क्यान गरेपछि फ्याक्स मेसिनमा स्क्यान गरिएको डकुमेन्ट हाल्नुपर्ने प्रविधि थियो तर सन् १९८० को दशकमा फ्याक्स मेसिनले नै डकुमेन्ट स्क्यान गर्ने, सम्प्रेषण गर्ने र पिन्ट गर्ने प्रविधि प्रचलनमा आयो।

तत्काल डकुमेन्ट एक ठाउँबाट अर्को ठाउँमा पठाउन सकिने भएर फ्याक्स मेसिन व्यावहारिक र सुविधाजनक साबित भयो तर फ्याक्स मेसिनले आवाज निकाल्ने, महँगो कागज प्रयोगमा आउने तथा बिटम्याट तस्बिर दिगो नहुने र लेखिएका अक्षर केरमेट नगरी सम्पादन गर्न सकिँदैनथ्यो तर ल्यान्डलाइन टेलिफोनको प्रयोगमा कमी तथा इमेल र इन्टरनेट जमाना आएका कारण फ्याक्स मेसिन इतिहास भएको छ। ■

-युवामञ्च

अङ्कजाल प्रतियोगिता, जेठ-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।

४. समाधान २०८० असार १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।

५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।

६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।

७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

	८			३			७	
३			८		९			१
		७		६		४		
	७		६		३		१	
४		३				८		२
	६		२		८		४	
		५		२		३		
२			४		७			६
	९			५			२	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान चैत अङ्कको उत्तर

समूह क : १. भारतको इलाहाबाद २. चेपाङ ३. चितवन, नेपाल

समूह ख : १. शुक्ल पक्ष २. त्रिभुवन राजमार्ग ३. मेक मोहन लाइन

समूह ग : १. नवौँ दक्षिण एसियाली खेलकुद २. नन्दा गुरुङ (कर्णाली प्रदेश) ३. श्यामशरण नेगी

समूह घ : १. द्वितीय २. गाईघाट ३. फ्रान्स

समूह ङ : १. सफ्ट लोन २. जियोथर्मल ऊर्जा ३. स्कटल्यान्ड

समूह च : १. हुम्ला २. अल्बर्ट आइन्सटाइन ३. रवीन्द्रनाथ टैगोर

समूह छ : १. दाङ २. फर्पिङ (काठमाडौँ) ३. जिराफ

परिणामहरू

अङ्कजाल चैत अङ्कको उत्तर

७	५	३	९	८	१	२	४	६
२	४	८	६	५	३	१	७	९
६	९	१	७	२	४	८	५	३
८	६	९	२	३	७	४	१	५
१	७	२	४	६	५	९	३	८
४	३	५	१	९	८	६	२	७
९	१	६	३	७	२	५	८	४
५	२	७	८	४	६	३	९	१
३	८	४	५	१	९	७	६	२

गोलाप्रथाद्वारा विजयी

विनु प्रजापती, टेकु काठमाडौँ

प्रविना वज्राचार्य, लगन काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

आलोककुमार तिवारी, वीरगञ्ज, कुशलबाबु थापा, सिन्धुली, टीकाप्रसाद बराल, धनकुटा, केदारबहादुर थापा, सिन्धुली, मानवबाबु थापा, सिन्धुली, सविन वैद्य, रामघाट, नारायण लघु, भक्तपुर, करुणा घिमिरे, बत्तीसपुतली काठमाडौँ, शेषकान्त खनाल, इमाडोल ललितपुर, कृष्णचन्द्र गौतम, सुखिपुर सिरहा, कविता उप्रेती, गोकर्णेश्वर काठमाडौँ, वासुदेव शर्मा, लपु सुन्धारा, बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर काठमाडौँ, पूर्णिमा शर्मा, फर्पिङ, रोजन चालिसे, लालबन्दी सर्लाही, खेमराज घिमिरे, कामनपा-९, गौरीश्वर रेग्मी, नयाँबजार काठमाडौँ, वटुकृष्ण कसपाल, काठमाडौँ, राजेन्द्र महर्जन, खुसिँबु सडक काठमाडौँ, पदमबहादुर खत्री, धरान, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, धनबहादुर पौडेल, काठमाडौँ, लक्ष्मण रेग्मी, नागार्जुन काठमाडौँ, असीम श्रेष्ठ, चिसापानी रामेछाप, प्रज्वल चिलुवाल, राइनास लमजुङ, शिला श्रेष्ठ, कुलेश्वर काठमाडौँ, बुद्धिबहादुर दुरा लमजुङ, रघुवर श्रेष्ठ, काठमाडौँ, गणेश रावल, टीकापुर कैलाली, खगेन्द्र नाथ, महेन्द्रनगर, रकहाङ राई, खोटाङ।

कोठेपद चैत अङ्कको परिणाम

गोला प्रथाद्वारा विजयी

रविकुमार सापकोटा, काठमाडौँ

कृष्णप्रसाद लामिछाने, च्यामासिंह भक्तपुर

सही उत्तर मिलाउने अन्य सहभागी

बुद्धिबहादुर दुरा, लमजुङ, केदारबहादुर थापा, सिन्धुली, रत्न शाक्य पुल्चोक, ललितपुर, खेमराज घिमिरे, कामनपा-९, पार्वती श्रेष्ठ, चिसापनी, रामेछाप, कुशलबाबु थापा, सिन्धुली, मानवबाबु थापा, सिन्धुली, रोजन चालिसे, लालबन्दी सर्लाही, सनिसा महर्जन, सुन्धारा, पाटन।

सामान्य ज्ञान प्रतियोगिता चैतको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	आलोककुमार तिवारी	वीरगञ्ज	१००
	बुद्धिबहादुर दुरा	लमजुङ	१००
	कृष्णचन्द्र गौतम	सुखिपुर सिरहा	१००
४	पवनकुमार श्रेष्ठ	नील वाराही मावि	१००
५	रत्न शाक्य	पुल्चोक, ललितपुर	१००
६	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो काठमाडौँ	१००
७	रोजन चालिसे	लालबन्दी, सर्लाही	१००
८	पदमबहादुर खत्री	धरान	१००
९	बुद्धिमान श्रेष्ठ	कुमारीमार्ग त्रिपुरेश्वर काठमाडौँ	१००
१०	खगेन्द्र नाथ	महेन्द्रनगर	१००

◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, जेठ-२०८०

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११		■	१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० असार १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. सातौँ क्रमको छोरो, राहिँलोभन्दा पछिल्लो
२. शुल्क, रुपियाँ पैसा
३. धेरै मानिस भेला भएको सभा
४. घर वरिपरिको तरकारी बारी
५. उच्च पदमा बसेका व्यक्तिमाथि कानुनी आधारमा लगाइने विशेष अभियोग
९. यथार्थ
११. आफन्तको निधनमा हुने पीडा
१३. रसुवा जिल्लामा पर्ने प्रसिद्ध तीर्थस्थल
१४. फोहोरमैला, परेको पानी आदि ढलबाट निस्कने बाटो
१५. बाढी
१७. एकथरी सितार जस्तो बाजा
१८. खाद
२०. रामायणअनुसार किष्किन्धाका राजकुमार/वालीको छोरो
२१. गणना गर्ने, गन्ने व्यक्ति/हिसाब गर्ने यन्त्र

तेर्सो

१. कहिल्यै नमर्ने
३. नास्तिकको विपरीतार्थक शब्द
६. कागजमा लेख्ने साधन
७. रेट्ने, भाउ कसेर लिने, कसाहा
८. एक प्रकारको कीरो वा त्यसले बनाएको तन्तु, धागो
१०. तेलमा पकाइएको तीनचोसे खानेकुरा, सिङ्गडा
११. सौन्दर्य, वस्तुमा हुने चमक, आकर्षण
१२. घर छाउन, डोरी बाट्न उपयोग गरिने लामो र मसिनो एकथरी घाँस
१४. तराजुमा सामान जोख्न प्रयोग गरिने फलाम, पित्तल आदिको ढिको
१५. नेपालको एक प्रसिद्ध नदी
१६. यात्राका लागि बाटामा चाहिने खाना, चामल आदि बाटाखर्च/दिनहुँ चाहिने दाल, चामल आदि
१७. पोखरी
१९. मृत्यु
२०. फरक, बेग्लोपन
२२. 'सुपारीका .... साथीभाइ पुड्का' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
२३. विवाह आदि शुभकार्य थाल्नुपूर्व गरिने पूजाआजा
२४. आश्रय, आड, भरोसा
२५. हेर्ने वा देख्ने व्यक्ति, द्रष्टा

कोठेपद प्रतियोगिता, चैत अङ्कको उत्तर

१इ	च्छी	२क	■	३उ	दे	४क	■	५न
न	■	६सु	ढ	प	■	७था	क	ल
■	८का	र	■	९भो	ज	न	■	■
१०आ	लो	■	११पे	ला	■	१२क	नी	१३ल
न	■	■	स्तु	■	१४प्र	■	■	डा
१५की	ते	१६न	■	१७अ	र्ती	■	१८मु	ईं
■	■	१९प	स	ल	■	२०है	ल	■
२१को	र	ब	■	२२का	त	र	■	२३डो
डा	■	२४धु	मि	ल	■	२५कु	प	री

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : सुनील बस्नेत
जन्ममिति : २०३४ साल साउन २६ गते
जन्मसमय राति १०:००
ठेगाना : तुलसीपुर दाङ

भावी जीवन र कर्मक्षेत्र के कस्तो देखिन्छ ? के काम गर्दा राम्रो होला ?

सङ्कटा दशा सकिएर राम्रो समयको प्रारम्भ भएको छ। ठूला बाधाअड्चन अबको समयमा छैनन्। जागिर गर्दा ठिकै र स्वव्यवसाय गर्दा अझै राम्रो हुने समय आएको देखिन्छ। यही नयाँ वर्षबाट पारिवारिक सुख राम्रो भएर जानुका साथै हर्ष आनन्दका अवसर मिल्ने ग्रहस्थिति देखिएका छन्। आर्थिक पक्षका कामबाट राम्रै लाभ गराउनेछ। आफन्त एवं पारिवारिक सम्बन्ध राम्रो भएर जाने देखिन्छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत बढेर जाने देखिन्छ। जसरी विगत बितेर गएको छ त्यसरी नै भावी जीवन पनि सुखमय तरिकाले बित्ने ग्रहयोग छ। चिनामा गजकेशरी योग पर्न गएकाले लक्ष्मीको कृपा आशीर्वाद रहिरहने देखिन्छ।

नाम : लीलावती खड्का
जन्ममिति : २०६१ जेठ ४ गते
जन्मसमय : १८:१५ बजे
जन्मस्थान : चिलङ्खा, देलखा

मेरो पढाइ, आयु आरोग्य, भाग्य र भविष्यको बारेमा जानकारी लिन चाहन्छु।

चिनामा ग्रहयोग प्रबल रहेकाले भविष्यमा ठूलो सफलता मिल्ने देखिन्छ। आत्मबल बलियो रहेकाले महत्त्वपूर्ण सफलतासमेत भविष्यमा प्राप्त गर्ने देखिन्छ। केही छिटै आवेशमा आउने स्वभाव देखिएकाले कहिलेकाहीँ अप्ठ्यारोमा पार्न सक्छ। मानिसको सबैभन्दा ठूलो शत्रु भनेको रिस हो तसर्थ यसलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ। भगवान्ले राम्रो बुद्धि दिनुभएको छ, यसको सदुपयोग तपाईंले गरेमा पढाइमा उच्च सफलता मिल्नेछ। मानसम्मानका साथै उच्च पदप्रतिष्ठासमेत मिल्ने योग छ । भाग्य उच्च रहेकाले भविष्य समुज्ज्वल छ। वर्तमान समयमा चलेको सङ्कटादशाका कारण पढाइमा सामान्य बाधाअड्चन आइपर्ने देखिएकाले सफलताका लागि लगनशीलता अझै नपुगे जस्तो देखिन्छ। साथीसङ्गतमा पनि ख्याल पुऱ्याउनुपर्ने समय रहेको छ। सङ्कटाको स्वस्तिशान्ति गराएमा दोष निवारण भएर जानेछ।

नाम : सुमन भट्टराई
जन्ममिति : २०५६ वैशाख १ गते
जन्मसमय : बिहानपखको २:३० बजे
ठेगाना : भद्रपुर झापा

मेरो जीवन वृत्ति के होला ? प्रेम, पारिवारिक अवस्था, आर्थिक प्रगति, भौतिक सफलताका साथै भाग्य एवं भविष्यका बारेमा समेत जानकारी दिनुभएमा आभारी हुने थिएँ।

तपाईंको जन्म चरलग्नमा भएकाले भाग्य विदेशमा चम्कने देखिन्छ। वर्तमान समयमा सङ्कटा दशा चलेकाले केही बाधाअड्चन रहेका छन्। सफलताका लागि धेरै लगनशीलता आवश्यक रहेको छ। कुण्डलीमा भाग्य बलियो भएकाले भविष्यमा उच्च उन्नति प्रगति गर्ने देखिन्छ। कर्मक्षेत्र बलियो रहेकाले जीवन वृत्ति नोकरी नै राम्रो देखिन्छ। पारिवारिक सुखसन्तोष राम्रो मिल्नेछ। अहिलेको प्रेम सम्बन्ध स्थिर छैन। भावी वैवाहिक जीवन आनन्दमय सुखमय रहेको छ। वर्तमान समयमा साथीसङ्गत राम्रो देखिन्न। विदेश यात्राका लागि दुई वर्ष उप्रान्त राम्रो छ। सवारी चलाउँदा विशेष सतर्कता अपनाउनुपर्ने समय रहेको छ। साढेसात शनि र सङ्कटा दशा चलेकाले दोष निवारणको शास्त्रीय विधिलाई अवलम्बन गर्दा फाइदा हुनेछ। भविष्यमा आर्थिक प्रगतिका साथै सामाजिक मानप्रतिष्ठासमेत राम्रो हुनेछ।

नाम : रमेशकुमार बस्नेत
जन्मस्थान : शनिश्चरे, झापा
जन्म बार : शनिबार
जन्म समय : बिहान ९.२५
जन्म मिति : २०३८।१२।७

कृपया मेरो भाग्य, विद्या, आर्थिक सफलताका साथै वर्तमान समयका ग्रहदशा र पारिवारिक सम्बन्धको बारेमा बताइदिनु भए आभारी हुने थिएँ।

रमेशजी तपाईंको जन्म मूल नक्षत्रको प्रथम चरणमा पर्न गएकाले येज्ञराज यस्तो नाम निस्कन्छ भने राशि धनु पर्दछ । जसअनुसार तपाईंको कर्मस्थान बलियो देखिन्छ। जीवनमा उच्च सफलता मिल्ने योग रहेको छ। लक्ष्मीको कृपा प्राप्त भएकाले जीवनमा आर्थिक अभाव र दुःख पर्ने देखिन्न। भाग्य बलियो रहेकाले भविष्य सुखमय रहने देखिन्छ। आगामी फागुन महिनादेखि रोकिएका काम क्रमशः बन्दैजानुका साथै आर्थिक पक्षका काममा समेत राम्रो सफलता मिल्दै जानेछ। तपाईंको जन्मकुण्डलीमा शारीरिक आरोग्यता, दीर्घायु, ऐश्वर्य, मानसम्मानका साथै सुखमय भविष्यको योग देखिन्छ।

२०८० साल जेठ महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष कार्यव्यस्तता बढेर जाला। अनावश्यक खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको अनुभव गराउनेछ। लेनदेन तथा ठूला कारोबारमा सतर्कता अपनाउनुपर्ला। साथीभाइसँग अनावश्यक विषयलाई लिएर सामान्य विवादमा पर्न सक्नेछ। पठनपाठनमा अनावश्यक बाधा अड्चन आइपर्नेछन्। भ्रमण एवं विलासिताका विषयमा खर्च हुने देखिएको छ। महिनाको उत्तरार्धमा प्रेम एवं मनोरञ्जनका अवसर मिल्नेछन्। पूर्वार्धमा काममा अनावश्यक अवरोध आइपर्नुका साथै व्यर्थको विवादमा समेत पार्ने योग छ।

वृष काममा सामान्य बाधाअड्चन आइपर्नेछन्। कार्यव्यस्तता बढेर जानेछ। शारीरिक परिश्रम केही बढी नै पर्न जाला। घरायसी विषयलाई लिएर दम्पतीमा सामान्य मतभेद आउनेछ। बोलीवचनमा विशेष होसियारी अपनाउनुपर्नेछ । पठनपाठनमा केही बाधाअड्चन आइपर्नेछन्। धार्मिक एवं माङ्गलिक काममा सहभागी हुनुपर्ने योग छ। महिनाको उत्तरार्धमा आफन्त एवं इष्टमित्रसँगको भेटघाटले मन रमाउनेछ। आर्थिक पक्ष मध्यम फलदायी रहनेछ ।

मिथुन खर्चको मात्रा बढेर जाला। अनावश्यक दौडधुप केही बढी नै पर्नेछ। शारीरिक परिश्रमका साथै मानसिक तापसमेत बढ्ने देखिन्छ। सामान्य चोटपटकको सम्भावना देखिएकाले सवारी चलाउँदा होसियारी अपनाउनुपर्ला। सन्तान एवं पारिवारको चिन्ता बढ्नुका साथै घरायसी समस्या थपिने देखिन्छ। पठनपाठनमा अभिरुचि बढेर जानेछ। मनोरञ्जन एवं नवीन प्रेम सम्बन्ध गाँसिने सम्भावना रहेको छ। आफन्त एवं इष्टमित्रको सहयोगले महत्त्वपूर्ण काम बन्नेछ। महिनाको उत्तरार्धमा मनले आँटेताकेका काम बन्नुका साथै मनोरञ्जनका अवसर मिल्नेछन्।

कर्कट मनले आँटे ताकेका योजनाले मूर्त रूप प्राप्त गर्नेछन्। मनोबल उच्च रहनुका साथै कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जानेछ। प्रतिस्पर्धामा सफलता मिल्नुका साथै मानसम्मानसमेत मिल्ने योग छ। आर्थिक पक्ष अनुकूल रहनेछ। विवादमा वियश्री मिल्नेछ। महिनाको उत्तरार्धमा सामान्य अस्वस्थताका साथै मानसिक दुविधासमेत बढ्ने देखिन्छ। पठनपाठनमा मध्यम सफलता प्राप्त होला। स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावनासमेत छ।

सिंह कार्यक्षमतामा उल्लेख्य प्रगति भएर जानेछ। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जानेछ। काममा आइपरेका बाधाअड्चन अन्त्यतिर क्रमशः हटेर जानेछन्। मनोबल उच्च रहनाले कार्यक्षमतामा समेत वृद्धि भएर जानेछ। आर्थिक पक्षका कामबाट राम्रै धनागम हुने योग छ। प्रेम एवं मनोरञ्जनका अवसर प्राप्त हुनेछन्। अध्ययन अध्यापनमा गहिरो अभिरुचि बढेर जानेछ। धार्मिक एवं सामाजिक काममा समेत मन लाग्ने देखिन्छ। महिनाको पूर्वार्धमा सामान्य बाधा अड्चन आइपरे पनि उत्तरार्धमा सफलताका साथै हर्ष आनन्दका अवसर प्राप्त हुनेछन्।

कन्या कार्यव्यस्तता बढेर जानेछ। शारीरिक आलस्यताका साथै मानसिक अस्थिरतासमेत बढेर जाने देखिन्छ। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक सङ्कट पर्न जाने देखिन्छ। सामान्य अस्वस्थताको सम्भावना छ। खराब मानिसको सङ्गतबाट जोगिनुपर्ने देखिन्छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्नेछन्। महिनाको सुरुमा आएका विघ्नबाधा उत्तरार्धमा क्रमशः हटेर जानेछन्। आर्थिक पक्षका काममा समेत क्रमशः सुधार हुँदै जाने ग्रहयोग छ।

तुला आकस्मिक यात्राको सम्भावना रहेको छ। काममा आएका बाधाअड्चन क्रमशः हटेर जानेछन्। स्वास्थ्यमा पनि क्रमशः सुधारको योग छ। पारिवारिक मेलमिलाप तथा समझदारीको सम्भावना कमै देखिन्छ। कार्यव्यस्तता बढेर जानाले बेफुर्सदी जस्तो गराउनेछ। रमाइलो पारिवारिक भेटघाटको सम्भावना छ। महिनाको पूर्वार्धमा आइपरेका समस्याको समाधान उत्तरार्धतिर गएर निस्कने देखिन्छ। सामाजिक मानप्रतिष्ठा बढेर जाला। आर्थिक पक्षमा मध्यम सफलता मिल्नेछ। महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसर मिल्नेछन्।

वृश्चिक कार्यव्यस्तता बढेर जानेछ। स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना

छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्नेछन् । शारीरिक आरोग्यता अनुकूल रहनेछ । घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखापर्ला । केही पारिवारिक समस्याले दिक्क पार्ने देखिन्छ । दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखा पर्ला । बोलीको दोष लाग्न सक्ने देखिएकाले विचार पुऱ्याउनुपर्नेछ । व्यापारिक वर्गका लागि समय राम्रो छ । महिनाको अन्त्यतिर पारिवारिक भेटघाटका साथै मनोरञ्जनका अवसर मिल्नेछन् ।

धनु उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जानेछ । रोकिएका क्रमशः बन्दै जालान् । प्रतिस्पर्धामा सफलता मिल्नेछ । स्वास्थ्यमा सुधारको योग छ । पठनपाठनमा अभिरुचि बढेर जाला । आर्थिक पक्षका काममा राम्रो सफलता मिल्नेछ । पारिवारिक तथा आफन्तसँगको सम्बन्ध राम्रो रहनेछ । मनोरञ्जन तथा रमाइलो भ्रमणको अवसर मिल्नेछ । धार्मिक एवं सामाजिक कार्यमा मन लाग्नेछ ।

मकर मानसिक अस्थिरता एवं दुविधा बढेर जाला । गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन देखापर्नेछन् । सामान्य अस्वस्थताको योग रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्नेछ । सन्तान तथा परिवारको चिन्ताले सताउला । घरायसी विषयलाई लिएर परिवारमा असमझदारी आउनेछ । महिनाको उत्तरार्धमा आर्थिक लाभ गराउला । प्रेम तथा मनोरञ्जनका अवसर मिल्नेछन् । मित्र मिलनको अवसर जुट्नुका साथै पारिवारिक भेटघाटले मन रमाउनेछ ।

कुम्भ कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला । मानसिक दुविधा केही बढेर जानेछ । आँटेको काममा अनावश्यक बाधाअड्चन देखापर्नेछन् । आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना छ । पठनपाठनमा मध्यम सफलताको योग छ । मनोरञ्जन एवं रमाइलो भ्रमणको अवसर मिल्नेछ । महिनाको उत्तरार्धमा आर्थिक क्षेत्रका काममा राम्रै सफलता मिल्नेछ । रमाइलो पारिवारिक वातावरणका साथै हर्ष आनन्दको अवसरसमेत मिल्ने देखिन्छ ।

मीन उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जानेछ । रोकिएका काम बन्दै जानेछन् । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत बढेर जाला । सामाजिक कामबाट मानप्रतिष्ठा मिल्नेछ । आँखासम्बन्धी सामान्य समस्या देखापर्नेछ । दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखा पर्न सक्छ । पठनपाठनमा अभिरुचि बढेर जानेछ । रमाइलो ठाउँको भ्रमणको अवसर मिल्नेछ । आर्थिक क्षेत्रका कामबाट राम्रै सफलता मिल्नेछ । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्ने देखिन्छ ।

उत्तर

१. रामुले टोकरीबाट नौ आँप निकालेर पहिले आफ्ना ९ साथीलाई बाँडे । त्यसपछि बचेको १०औँ आँप टोकरीसहित आफ्नो १०औँ साथीलाई दिए । यस कारण टोकरीमा एक आँप बच्यो ।
२. २० पटक ।
३. किनभने जनवरीमा बढी दिन हुन्छन् ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुनेछ ।

सामान्यज्ञान प्रतियोगिता जेठ २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङक भार फरक छ । सम्बन्धित अङक भार समूहको अगाडि उल्लेख गरिएको छ । तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङक भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङक भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङक फरक हुनेछ तर समूहको कुल अङक भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङक ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङक प्राप्त हुनेछ । यस प्रकारले अङकका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङक बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङक ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ? [१]

२) सन् २०२४ को आईसीसी यू–१९ विश्वकप क्रिकेट प्रतियोगिता कहाँ हुने भएको छ ? [३]

३) वर्जुताल कुन जिल्लामा रहेको छ ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) साहसिक खेलमा एसियाकै उत्कृष्ट घोषित हुन सफल राष्ट्र कुन हो ? [३]

२) राष्ट्रिय बालनाटक मेला २०७९ मा सर्वोत्कृष्ट नाटकको उपाधि जित्न सफल नाटक कुन हो ? [३]

३) न्युजिल्यान्डमा सन् २०२३ फेब्रुअरीमा आएको चक्रवात कुन हो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) सिद्ध कैलाश गुफा कहाँ रहेको छ ? [५]

२) नेपालमा पुरातात्त्विक शिल्पी सङ्ग्रहालयको निर्माण कहाँ गरिएको छ ? [३]

३) नेपाल आँखा बैङ्कको स्थापना कहाँ भएको छ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) नेपालमा प्रथम राष्ट्रिय स्की (हिउमा चिप्लने खेल) कुन जिल्लामा आयोजना गरियो ? [७]

२) भारतको प्रसिद्ध चलचित्र अवार्ड दादासाहेब फाल्के अवार्डवाट सम्मानित हुने नेपाली को हुन् ? [३]

३) नेपालमा ब्रेन गेन सेन्टरको स्थापना कहाँ गरिएको छ ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) लिम्बू भाषा कुन लिपीमा लेखिन्छ ? [६]

२) अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण प्राप्त गर्न सफल पहिलो नगरपालिका कुन हो ? [६]

३) षट्कोणलाई कसको प्रतीकका रूपमा लिइन्छ ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) 'भिसन मुनाल' के सँग सम्बन्धित छ ? [६]

२) बुलेट महाराज भनेर कसलाई चिनिन्छ ? [६]

३) घोडेजात्राको चलन कुन राजाले चलाएका हुन् ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) 'यल्लो लिभिङ गोल्ड' भनेर के लाई चिनिन्छ ? [८]

२) पूर्वको गोसाइँकुण्ड भनेर चिनिने प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कुन हो ? [६]

३) प्रधानमन्त्री थ्री नेसन्स कप फुटबल प्रतियोगिताको उपाधि कसले जितेको थियो ? [८]

चैत अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० असार १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल जेठको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]
२) .... [३]
३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]
२) .... [३]
३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]
२) .... [३]
३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]
२) .... [३]
३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]
२) .... [६]
३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]
२) .... [६]
३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]
२) .... [६]
३) .... [८]

नाम : ....

ठेगाना : ....

२०७९ चैत १ देखि ३० गतेसम्मका राष्ट्रिय घटना

चैत २ गते :	श्रम, रोजगार र सामाजिक सुरक्षा मन्त्रालयद्वारा विदेशस्थित नेपाली दूतावासबाट नै पुनः श्रम स्वीकृति जारी गर्ने निर्णय ।
चैत ३ गते :	सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको उपराष्ट्रपति पदमा रामसहायप्रसाद यादव निर्वाचित ।
चैत ५ गते :	सरकारद्वारा संवैधानिक परिषद्सम्बन्धी र बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक प्रतिनिधि सभामा पेस ।
चैत ६ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिनिधि सभामा विश्वासको मत प्राप्त ।
चैत ८ गते :	यातायात कार्यालय कोशीका तत्कालीन ११ कर्मचारीमध्ये तीन उपसचिवलाई भ्रष्टाचार मुद्दामा आठ वर्ष कैद ।
चैत ९ गते :	प्रतिनिधि सभाका सभामुखले प्रयोग गर्दै आएका केही नियमित र विशेषाधिकारमा कटौती गर्ने गरी प्रतिनिधि सभा नियमावली मस्यौदामा संशोधन दर्ता ।
चैत १० गते :	राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५६८ । जसमा पुरुष १,४२,५३,५५९ र महिला १,४९,११,०२७ रहेको ।
–	नेपाल प्रहरीको प्रमुखमा वसन्तबहादुर कुँवर नियुक्त ।
–	बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई बागमती प्रदेश सभाबाट दोस्रो पटक विश्वासको मत प्राप्त ।
चैत ११ गते :	चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा सरकारलाई एक खर्ब ३८ अर्ब ५६ करोड १० लाख रुपियाँबराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त ।
चैत १२ गते :	मलेसियाको क्वालालम्पुरबाट काठमाडौँ आइरहेको नेपाल एयरलाइन्स र दिल्लीबाट काठमाडौँ आइरहेको एयर इन्डियाको जहाज आकाशमा झन्डै ठोक्किएको घटनामा एयर इन्डियाका चालक दललाई नेपाल उडानमा प्रतिबन्ध ।
चैत १४ गते :	नापी कार्यालय मनमैजुका सर्वेक्षक रमेश उपरकोटी र लेखापढी व्यवसायी अभिशेष कार्की ११ लाख २९ हजार नगद र १६ लाख चेकसहित पक्राउ ।
चैत १६ गते :	लागूऔषध नियन्त्रण ब्युरोद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भारततर्फ लैजाँदै गरेको सात केजी ८८७ ग्राम (सत्र करोडबराबर) दुई जना विदेशी पक्राउ ।
चैत १७ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा उपप्रधानमन्त्रीसहित ११ जना मन्त्री थप गरी मन्त्रीपरिषद् विस्तार ।
चैत १८ गते :	स्वास्थ्यमा समस्या आएपछि राष्ट्रपति रामचन्द्र पौडेल अस्पताल भर्ना ।
–	स्थानीय तह कर्मचारी युनियन नेपालको प्रथम राष्ट्रिय महाधिवेशनबाट नरबहादुर साउद अध्यक्षमा चयन ।
चैत १९ गते :	प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ भएको करिब तीन महिनापछि कार्यसञ्चालन नियमावली बहुमतले पारित ।
–	गैरकानुनी रूपमा सवा दुई करोड रुपियाँ आर्जन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पूर्वनायब सुब्बा रघुनाथ घिमिरेविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
चैत २० गते :	सरकारद्वारा मिटरब्याज पीडितको समस्या समाधान गर्न छानबिन आयोग गठन ।
चैत २३ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई समर्थन गरेका दस राजनीतिक दलको सहमतिमा संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम नीति तथा कार्यक्रम सार्वजनिक ।
चैत २८ गते :	जिल्ला अदालत कपिलवस्तुका न्यायाधीश भुवन गिरी पक्राउ ।
चैत २९ गते :	राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा नेता ढाकाकुमार श्रेष्ठलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन ।
चैत ३० गते :	नेपाल उद्योग वाणिज्य महासङ्घको वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ निर्विरोध नर्वाचित । ▪

– सरस्वती खत्री, क्षेत्री